# Fundamental Truths of Christianity

# ख्रीष्टियानिटिका आधारभूत सत्यताहरु

**मुक्तिको निम्ति हाम्रो जग**

## ख्रीष्टियानिटिका आधारभूत सत्यताहरु

**(FUNDAMENTAL TRUTHS OF CHRISTIANITY)**
**(In Nepali)**

© सर्वाधिकार प्रकाशकमा, २०७७
पहिलो संस्करणः सन् २०२० (२,००० प्रति)

**मुद्रणः**
दक्षिण ललितपुर अफसेट प्रेस
चापागाउँ, ललितपुर

**प्रकाशक**
नेपाल बाइबल अध्ययन केन्द्र
Nepal Center for Biblical Study
पो.ब.नं. २५९९९, ललितपुर, नेपाल

# FUNDAMENTAL TRUTHS OF CHRISTIANITY

**मुक्तिको निम्ति हाम्रो जग**

# ख्रीष्टियानिटिका आधारभूत सत्यताहरू

**पापसित मानिसको समस्या**

**पापको निम्ति परमेश्वरको उपाय**

**परमेश्वरको अनुग्रह प्राप्त गर्नु**

**सुसमाचारको आज्ञापालन**

**परमेश्वरका मानिसहरूको समुदाय**

**ख्रीष्टको चेलाजस्तै भएर जीउने**



## भूमिका

सबै मानिसहरूलाई थाहा भएको दुईवटा तथ्यहरूबाट यो पाठ शुरूवाट हुन्छ ।

(१) यो समयमा हामी सबै जिवित छौ ।

(२) कुनै दिन हामी सबैको मृत्यु हुनेछनु ।

त्यसपछि यो प्रश्न पनि सोध्नेछ,....त्यसपछि के हुनेछ? जब हाम्रो मृत्यु हुन्छनु तब के हुन्छ?

मानिसहरूसँग धेरै सिद्धान्तहरू, कथाहरू र शिक्षाहरू छन्.... जसलाई धर्महरू भनियो...जसले यो जीवनको उद्देश्यबारे र हामीहरूको मृत्यु पछि के हुन्छन् भन्ने बारेमा विविध उत्तरहरू दिन्छन् । यी सिद्धान्तहरू प्रायजसो स्थानिय ऐतिहासिक दन्त्य कथाहरू र परम्पराहरूमा आधारित हुन्छन्, जुन एक अर्कामा सहमत हुँदैनन् ।

के तपाईले ४,००० बर्ष अगाडीका मिश्रका ईश्वरहरू र मूर्तिहरूमाथि विश्वास गर्नुहुन्छ? के ३,००० बर्ष अगाडीका ग्रीक दार्शनिकहरूका शिक्षाहरूलाई पछ्याउनु बुद्धिमानी हो? के तपाईको मृत्युपछि हिन्दु, बौद्ध वा इस्लामहरूका शिक्षाले तपाईलाई शान्ति र खुशी दिन्छन्? मृत्युपछि जीवन वा अस्तित्व हुँदैनन् भनी जब नास्तिकहरूले भन्दा के तिनीहरू सही छन्? ३०० भन्दा बढी सम्प्रदायीहरू जसले आफैलाई ख्रीष्टियानहरू भनी भन्दछन् तिनीहरू मध्ये कुन चाहिँले सत्यता सिकाउँदछन्?

यो पुस्तकले यी विविध बिषयहरूलाई हेर्नेछन् र पृथ्वीमा भएका मानव जातिको समस्याहरूको छलफल गर्नेछन् । प्रमाणद्वारा समर्थित परमेश्वरको सत्यतासँग मानिसको ऐतिहासिक पौराणिक कथाहरूसित तुलना गर्नेछन् ।

सत्य हुनको निम्ति तपाईले आज के विश्वास गर्नु हुन्छ? किन?

तपाईको विश्वासको निम्ति प्रयोग गर्नुभएको अधिकार र जगहरू कति भरपर्दो छन्?

बाइबलमा उल्लेख गरिएका परमेश्वरका अभिप्रेरित सत्यताहरूसित तुलना गर्नुहोस्?

हरेक मानिसहरूले सामना गरिरएको महत्वपूर्ण प्रश्नबारे तपाईले सिक्नुहुनेछ । आशापूर्ण हरेक शैक्षिक पृष्ठभुमि र संस्कृति भएका मानिसहरूले यो महत्वपूर्ण बिषयलाई अध्ययन गरि बुझ्न सक्नुहुन्छ । सत्यताको खोजी गर्नको निम्ति होशियार, धैर्य, गहिराईका साथ खुल्ला मन राख्नुहोस् ।

**मानिसहरूका सिद्धान्तहरूलाई स्वीकार नगर्नुहोस् । परमेश्वरबाट सत्यताको खोजी गर्नुहोस् ।**

## विषयसूची


| विषय | पाना नं |
|---|---|
| **खण्ड एकः पापसित मानिसको समस्या** | ४ |
| अध्याय १ः सृष्टि र व्यवस्था | ६ |
| अध्याय २ः छनोट गर्ने अधिकार | ७ |
| अध्याय ३ः पाप र परमेश्वरबाट अलग | ८ |
| अध्याय ४ः मानिसको अवस्था | ९ |
| अध्याय ५ः बाइबल | १० |
| अध्याय ६ः परमेश्वरको वचनको अन्तिमता | १२ |
| अध्याय ७ः धार्मिक परम्पराहरूलाई अंगालेको | १३ |
| अध्याय ८ः पापसित हाम्रो समस्या | १६ |
| **खण्ड दुईः पापको निम्ति परमेश्वरको उपाय** | १८ |
| अध्याय ९ः सन्तानको आशिष | १९ |
| अध्याय १०ः शैतानको कुच्चाई | २० |
| अध्याय ११ः परमेश्वरको अनुग्रह...वा...मानिसका धर्महरू | २५ |
| अध्याय १२ः परमेश्वरसित करारको सम्बन्ध स्थापना गर्ने | २७ |
| **खण्ड तीनः परमेश्वरको अनुग्रह प्राप्त गर्नु** | २९ |
| अध्याय १३ः नयाँ करार र व्यवस्था | २९ |
| अध्याय १४ः नयाँ व्यवस्थाको स्थापना | ३० |
| अध्याय १५ः अनुग्रहप्रति प्रतिक्रिया | ३१ |
| अध्याय १६ः अनुग्रहले कार्य गर्दछ | ३२ |
| **खण्ड चारः सुसमाचारको आज्ञापालन** | ३३ |
| अध्याय १७ः सुसमाचारको पालना | ३४ |
| अध्याय १८ः सुसमाचार के हो? | ३४ |
| अध्याय १९ः समस्याहरूको निम्ति सु-सन्देश | ३५ |
| अध्याय २०ः सुसमाचारको लागि आज्ञापालन | ३६ |
| **खण्ड पाँचः परमेश्वरका मानिसहरूको समुदाय** | ४२ |
| अध्याय २१ः मण्डलीको शिर | ४४ |
| अध्याय २२ः मण्डलीको उत्पत्ति | ४५ |
| अध्याय २३ः परमेश्वरका मानिसहरू | ४६ |
| अध्याय २४ः परमेश्वरका जनहरू | ५० |
| अध्याय २५ः आराधना र सेवा | ५१ |
| अध्याय २६ः परमेश्वरका मानिसहरूको खोज | ६० |
| **खण्ड छः ख्रीष्टको चेलाजस्तै भएर जीउने** | ६१ |
| अध्याय २७ः सङ्गती र अगुवाइपन | ६१ |
| अध्याय २८ः परमेश्वर मबाट के अपेक्षा गर्नुहुन्छ? | ६४ |




**सत्यताः** यसलाई अध्ययन गरिरहनु भएका हरेक व्यक्ति आत्मिकरूपमा जन्मिनु भएको छ र अहिले जीवित हुनुहुन्छ । हामीलाई थाहा छ कि कुनै दिन हामी अवश्य मर्नेछौं । जन्म...जीवन...मृत्यु...**त्यसपछि के** हुनेछ?

## खण्ड एकः
## पापसित मानिसको समस्या

सबै मानिसहरूमा सधैंभरि जीवित रहने इच्छा हुन्छन् । उसको आखिरी बिश्राम स्थल चिहान हो भनेर कसैलाई पनि सोच्न मन लाग्दैनन् । यो जीवन पछि आफैले अर्को जीवन दिन सक्ने शक्ति मानिसमा छैनन् । त्यो शक्ति केवल परमेश्वरसँग मात्र छन् ।

**यदि परमेश्वर हुनुहुन्न भने...यो जीवनमा भएका कुनै कुराहरू पनि महत्वको छैनन् ।**

मानिस आफैले आफैलाई उत्तर दिन्छन् । हरेक मानिस आफै आफ्नो निम्ति ईश्वर हुन्छन् ।

**यदि परमेश्वर हुनुहुन्छ भने...त्यसो भए परमेश्वर नै नम्बर एक हुनुपर्छ र महत्वपूर्ण कुराहरूलाई उहाँले नै निर्णय गर्नुहुन्छ ।**

"मूर्खले आफ्नो मनमा भन्छ, ईश्वर छँदैछैन ।" भजन संग्रह १४:१

मानिसले जहिले पनि केही "उच्च शक्ति" को अस्तित्व थियो भनी विश्वास राख्दछ । फरक संस्कृतिहरूले विभिन्न ईश्वरहरूमा विश्वास गरेका कुरा हामीलाई इतिहासले प्रमाणित गर्छन् । धेरै जसो तिनीहरूको ईश्वर र विशिष्ट विश्वास समय सँगसँगै फिक्का भएर गएका छन् । आज हामीविच धेरै धर्महरू छन् । प्रत्येक धर्महरूका आफ्नै ईश्वरहरू वा परमेश्वर छन् ।

**सत्य के हो**? ईश्वर छैन भनी कसैले दावा गर्दछन । के धेरै फरक ईश्वरहरू छन्? के केवल एउटै साँचो ईश्वर हुनुहुन्छ? **यी महत्वपूर्ण प्रश्नहरूको मानिसहरूले सामना गरिरहेका छन्** । **सही जवाफ खोज्न** प्रयास गर्नु र समय दिनु मूल्यको हुन्छन् ।

धर्म शब्दलाई मानिसहरूले धेरै औपचारिकरूपमा परिभाषित गर्दछन् । सबै परिभाषामा (क) एउटै ईश्वर वा धेरै ईश्वरहरू हुनुहुन्छ भन्ने विचार वा **विश्वास** गर्छन (ख) ईश्वरसित **मानिसको सम्वन्ध** हुन्छन् भन्ने कुरा सम्लग्न गर्छन । विश्वासको अनुपस्थितिको परिणामले कुनै व्यक्तिको धर्म हुँदैनन् । उहाँसँगको हाम्रो सम्वन्ध हुनको निम्ति उहाँलाई के कुराले प्रशन्न तुल्याउँछ र प्रशन्न तुल्याउँदैनन् भन्नको निम्ति परमेश्वरले मानिससँग सम्बाद गर्नै पर्छ । परमेश्वरसँग राम्रो सम्वन्ध हुनु भन्नाले उहाँलाई प्रशन्न तुल्याउने कामहरू गर्न र परमेश्वरलाई बेखुशी र रिसाउने नबनाउनको निम्ति हामीसँग विश्वास हुनु हो ।

परमेश्वरसँगको हाम्रो सम्वन्धमा दुवै पक्षको **जिम्मेवारीहरू** सम्लग्न हुन्छन् । हामीसँग सम्वाद गर्ने जिम्मेवारी परमेश्वरको हो भन्ने कुरा हामीले थाहा पाउनु पर्छ । परमेश्वरका आज्ञाहरूलाई थाहा पाउनु मानिसको कर्तव्य हो, जसले विश्वास र आज्ञापालन गर्न तर्फ डोऱ्याउँछ । परमेश्वरसँगको

हाम्रो सम्वन्धमा हाम्रो विश्वास र उहाँको व्यवस्थाप्रति हाम्रो आज्ञापालन निर्भर हुन्छन् ।

जब मानिसले परमेश्वरको आज्ञा उलंघन गर्छन तब पाप हुन्छ कि त (क) परमेश्वरले नगर भन्नु भएको कुरा गरेर या त (ख) हामीलाई जे गर भन्नुभएको थियो, त्यो काम नगरेर हामीले **पाप** गर्छौ । हाम्रो आत्मिकी सम्वन्धलाई पापले तोडिदिन्छ र हामीलाई परमेश्वरबाट अलग पार्छ (यशैया ५९:२)

हाम्रो मृत्युपछिको जीवनको आशालाई पापले तर्साइदिन्छ र हाम्रो अन्तिम गन्तव्यस्थानबारे हामीलाई प्रश्न गर्छन् । हाम्रा परमेश्वर र संगी मानिसहरूसँगको हाम्रो सम्वन्धमा हामी संघर्ष गर्दछौं । हाम्रो प्रयासहरूद्धारा लगातार परमेश्वरलाई खुशी पार्न हामी कोशिष गर्छौ । यस्ता धेरै मानिसहरू छन् जसलाई परमेश्वरका अर्तीहरू मानिसहरूलाई दिइएको हो भन्ने कुरा थाहा छैनन् । तिनीहरूले पाप गरिरहेका छन् भन्ने कुरा थाहा नपाएर तिनीहरू फेरी पाप गर्दछन् । परमेश्वरका मार्ग निर्देशनहरू थाहा पाएका मानिसहरू पनि छन्, तर अझै अनाज्ञाकारी भएर पापतर्फ दोहरिन्छन् ।

एक अर्कासँग हाम्रो व्यवहार मार्गदर्शित गर्न परमेश्वरले हामीलाई आज्ञाहरू दिनुभएको छ । मानिसहरूको निम्ति बाइबल परमेश्वको प्रेरणाप्राप्त लिखित आज्ञाहरू, निर्देशनहरू, व्यवस्थाहरू हुन् । तापनि, उहाँका शिक्षाहरूलाई बेवास्ता गर्छौ । हाम्रो कारणले अरूलाई हानी पुऱ्याउँछौ र हामी आफैले आफैलाई समस्यामा पार्छौं । हामी पाप गर्छौं । यसैकारण परमेश्वरले हामीलाई बाइबल दिनुभयो । हामी सबैले जीवनमा संघर्ष गरिरहेका हुन्छौ र हामीलाई मार्गनिर्देशनको आवश्यकता छ भन्ने कुरा महसुस गर्छौ । बाइबल परमेश्वरको ज्योति हो जसले हामीलाई यो संसारिक जीवनभन्दा परको आशा दिन्छन् ।

पापको कारणले हामीलाई खराब विवेक वा दोषको अनुभव हुन्छन् । यस अपराधको सामना गर्न धेरै धार्मिक मानिसहरूले तिनीहरूको दोषी विवेकलाई शान्त पार्न आफ्नै उत्तरहरूको विकास गरेका छन् । पापको समस्यासित सामना गर्न प्रयासको निम्ति इमान्दार धार्मिक मानिसहरूले विकास गरेको परिणामले आज संसारमा धेरै धर्महरू छन् । परमेश्वरले मानिसको आराधनालाई वा मानिसहरूको विचारद्वारा सृजिएको धार्मिक समाधानहरूलाई स्वीकार गर्नुहुन्न् ।

**धार्मिक मानिसहरूसँग धेरै शिक्षाहरू हुन्छन् । सत्यता केवल परमश्वरसँग मात्र छन् ।**

परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ । तथ्य यो छ कि उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भन्नाले **उहाँलाई कसरी सेवा र आराधना गर्ने भन्ने कुरा उहाँले नै हामीलाई भन्नुहुन्छ ।** उहाँ र एक अर्कासँगको हाम्रो सम्वन्धमा उहाँले हामीलाई मार्ग निर्देशन गर्नुहुन्छ भनी हामी परमेश्वरमा समर्पित हुनै पर्छ । यसको अर्थ हामीले परमेश्वरको व्यवस्था र अनाज्ञाकारिताको कारणले हाम्रा पापको समस्यालाई ध्यान केन्द्रित गर्नै पर्छ । जब हामी यो कुरा गर्छौ तब हाम्रो जीवनमा धेरै ठुलो कुराहरू हुनेछन् ।





## अध्याय १ः **सृष्टि र व्यवस्था**

**प्रमुख आधारभूत बुँदाहरूः**

(१) बाइबलमा परमेश्वरलाई सर्वोच्च अस्तित्वको रूपमा प्रतिनिधित्व गरिएको छ । उहाँ सबै कुराहरूको सृष्टिकर्ता हुनुहुन्छ । परमेश्वरले जहिले पनि मानिसहरूको आज्ञापालनको निम्ति व्यवस्थाहरू स्थापना गर्नुभएको छ ।

(२) परमेश्वरको व्यवस्थाहरू पूर्ण र आधिकारिक छन् । तिनीहरूलाई पालन गर्नै पर्छ ।

(३) परमेश्वरले मानिसहरूलाई उहाँको व्यवस्थामा थप्न वा घटाउन अनुमति दिनुहुन्न् ।

(४) सबै मानिसहरूले परमेश्वरको विरूद्धमा पाप गरेका छन् । हाम्रो पापले हामीलाई परमेश्वरबाट टाढा गर्छ ।

(५) परमेश्वरको व्यवस्थालाई पूर्णरूपमा पालन गर्न असम्भव छन् ।

(६) हामीले उद्धार मुक्ति कमाउन सक्दैनौ वा पाउन अयोग्य छौ ।

मानिसहरूको निम्ति बाइबल परमेश्वरको योजनाको प्रेरणा प्राप्त प्रकाश हो । यसले मानिसहरूको निम्ति उहाँको अस्तित्व, स्वभाव र उहाँका उद्देश्यलाई पक्का गरिएको छ । हाम्रो अस्तित्व, जीवन र जिम्मेवारीहरू बारेका महत्वपूर्ण प्रश्नहरूको जवाफ दिनको निम्ति परमेश्वरले हामीलाई बाइबल दिनुभएको हो ।

(१) **हामी कहाँबाट आयौ**?

(२) **हाम्रो सृष्टिकर्ता परमेश्वरसँगको हाम्रो सम्वन्धमा हामीले के गर्नुपर्छ**?

(३) **हाम्रो मृत्युहुँदा के हुन्छ र हामी कहाँ जानेछौ**?

पहिलो प्रश्नको जवाफमा, बाइबलले सामान्य रूपमा स्पष्ट गराउँछ कि परमेश्वरको **आत्मिकी स्वरूपमा** पहिले दुईजना मानिसहरूलाई पृथ्वीमा सृष्टि गर्नु भएको थियो (उत्पति १:२६,२७) । मानव जाति नै परमेश्वरको अन्तिम सृष्टि हुन् उहाँले सबै थोक सृष्टि गर्नु भयो ।

हामी परमेश्वरद्धारा सृष्टि गरिएको कारणले गर्दा, हाम्रो सृष्टिकर्ताद्वारा मानिसलाई के जिम्मेवारी दिनुभएको छ भन्ने बारेमा हामी चिन्तित हुनुपर्छ । बाइबलले भन्दछ, "परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो" (उपदेशक १२:१३) । यो भनाइले दोस्रो प्रश्नको उत्तर दिन्छ । परमेश्वरद्वारा सृष्टि गरिएको सन्तान भएको कारणले हाम्रा सृष्टिकर्ताको आज्ञा पालन गर्नु हाम्रो कर्तव्य हो । जसले परमेश्वलाई प्रेम गर्छ र भय राख्छ, तिनीहरूले उहाँको आज्ञा पालन गर्छ (यूहन्ना १४:१५) ।

हाम्रो मृत्युपछि के हुन्छ भन्ने बारेमा बाइबलले तेस्रो प्रश्नको पनि उत्तर दिन्छ । बाइबलले भन्दछ, "जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ" (हिब्रू ९:२७) । प्रत्येक व्यक्ति, हरेक आत्मिक प्राण भएको जो पृथ्वीमा एक पटक जीउँछ र एक पटक मर्दछ । पुर्नजन्म गलत विचार र मानिसको मत मात्र हो । हाम्रो यो जीवनपछि त्यहाँ कि त इनाम

हुन्छ अथवा दण्ड हुन्छ भन्नु नै न्याय हो (२ कोरिन्थी ५:१०) । ख्रीष्टियानहरूका निम्ति मृत्युपछि अनन्त जीवनको आशा छ (यूहन्ना ३:१६) । दुर्भाग्यवश जसले परमेश्वरको शिक्षाहरू वा उहाँको इच्छामा आफुलाई अर्पण गर्दैनन्, तिनीहरूको भाग्यमा अनन्तको दण्ड हुनेछन् (२ थेसलोनिकी १:७-९) ।

हामी परमेश्वरबाट आयौं । हामीले उहांका व्यवस्थाहरूलाई पालना गर्नुपर्छ जुन उहाँको पवित्र वचन बाइबलमा मात्र पाउँछौं । जब हामी मछौं, तब हामी हाम्रा विश्वास र आज्ञापालनको लागि वा उहांको व्यवस्थाको अनाज्ञाकारिताको लागि इन्साफमा उत्तरदायी हुनेछौं ।

**हो...होइनः** *परमेश्वरले तपाईलाई सृष्टि गर्नुभएको हुनाले, के तपाईलाई व्यवस्था दिने र आज्ञाकारिताको माग गर्ने अधिकार उहाँलाई दिन्छ?*

## अध्याय २ः **छनोट गर्ने अधिकार**

परमेश्वरले सर्वप्रथम दुई जना मानिसहरूलाई सृष्टि गर्नुभयो । तिनीहरू आदम र हव्वा थिए । उहाँले आदम र हव्वालाई आफ्नै आत्मिकी **स्वरूपमा** सृष्टि गर्नुभयो । प्रत्येक व्यक्तिमा **आत्मा** छ जुन अनन्तताको निम्ति जीवित रहन्छ । परमेश्वरको स्वरूपमा हुनु भन्नाले हामी सबै **आत्मा भएका प्राणी** हौं । हामीमा अधिकार र छनोट गर्ने दुवै जिम्मेवारीहरू छन् । हाम्रा परमेश्वर र पिताले हामीलाई त्यो विचारमा सृष्टि गर्नुभयो कि हाम्रो व्यक्तिगत व्यवहारबारे हामीलाई छनौट गर्ने अनुमति दिनुभयो साथै त्यो कुराको माग पनि गर्नु भयो ।

हरेक धर्म....हिन्दु, बौद्ध, मुसलमान, ख्रीष्टियानिटी र अरू सबैले मानिस **आत्मा भएको प्राणी** हो भनी विश्वास गर्छन र यो **भौतिक शरीरको मृत्युभएपछि** जीवनको कुनै रूप हुनेछन भनी विश्वास गर्छन । मृत्यु पछिको जीवनबारे हरेक धर्मका सिकाईहरू फरक छन् । तिनीहरू सबै गलत हुन सक्छन् । तिनीहरू सबै सही नहुन पनि सक्छन् । हाम्रो प्रमुख प्राथमिकता भनेको सत्यता पत्ता लगाउनु हो जसले हाम्रो अनन्त भाग्यको निर्धारण गर्छन् ।

छनोट गर्ने अधिकार हुनु भन्नाले **हाम्रा छनौटहरूप्रति हामी उत्तरदायी हुनै पर्छ भनेको हो** । हामीले यो जीवनमा छनोट गरेका कुराहरूको निम्ति अन्तिम इन्साफको दिनमा हामी जिम्मेवारी हुनेछौं । बाइबलले भन्दछ, "किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुंदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ" (२ कोरिन्थी ५:१०) ।

परमेश्वरले आदम र हव्वालाई एउटै आज्ञा दिनुभयो । अदनको बगैचामा भएको एउटा विशेष रूखको फल, **असल र खराबको ज्ञान दिने रूखको फल** तिनीहरूले खानु हुदैन्थ्यो (उत्पति २:१६,१७) । परमेश्वरलाई आज्ञा पालन





गर्ने वा तिनीहरूकै आफ्नै इच्छाहरूलाई पछ्याउने छनौटको स्वतन्त्रता तिनीहरूसँग थियो । केही समयपछि तिनीहरूले परमेश्वरको आज्ञा उल्लंघन गरे र मनाही गरिएको फल खाए (उत्पति ३:१-८) । त्यो रूखको फल खाएर तिनीहरूले परमेश्वरको व्यवस्थालाई उलंघन गरे (पाप गरे) । त्यसको परिणाम स्वरूप संसारमा पाप आयो । तिनीहरूको पापको साथ साथै परमेश्वरबाट तिनीहरू अलग भए, जसको परिणाम **आत्मिक मृत्यु** भयो ।

**हो...होइनः** *तपाईलाई छनोट गर्ने मौकाको जिम्मेवारी दिएको छ, तर के परमेश्वरको पवित्र वचनमा लेखिएको अर्तीहरूलाई तपाईले पछ्याउँनै पर्छ?*

## अध्याय ३ः **पाप र परमेश्वरबाट अलग**

आदम र हव्वाले अदनको बगैंचामा निषेध गरिएको रूखको फल खाएको कुरालाई उल्लेख गर्दै, रोमी ५:१२ ले भन्दछ, "एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो ।"

**आत्मिक मृत्युः** जब आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लंघन (परमेश्वरको विरूद्धमा पाप) गरे, तब तिनीहरूको पापको कारणले परमेश्वर र तिनीहरूको बिचमा **आत्मिक विभाजन** भयो । सबै मानिसहरूले पनि **आत्मिक मृत्यु** भोग्नु पर्छ, "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:२३) । आदमको पापको भागीदार मानिस हुदैनन् । शिशुहरू पापमा जन्मिएका हुँदैनन् । उसको आफ्नै व्यक्तिगत पापको कारणले आज सबै मानिसहरू परमेश्वरबाट आत्मिक रूपमा अलग हुन्छन् ।

**"त्यो प्राण, जसले पाप गर्छ, त्यही मर्छ"** (इजकिएल १८:२०) ।

"तर **तिमीहरूका अधर्मले तिमीहरूलाई** आफ्ना **परमेश्वरबाट अलग गरेका छन्,** र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्नुहुनेछैन" (यशैया ५९:२) ।

**शारीरिक मृत्युः** जब आदम र हव्वाले पाप गरे, परमेश्वरले तिनीहरूलाई अदनको बगैंचाबाट निकालिदिनुभयो "अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस्, नत्रभने त्यो सधैँभरि जीवित रहला" (उत्पति ३:२२) । त्यसको परिणामले, **शारीरिक मृत्यु** संसारमा प्रवेश गर्‍यो । आदम, हव्वा, र सबै मानिसहरू बृद्ध हुदै जाँदा कष्ट र शारीरिक मृत्युको सामना गर्नु पर्छ । हामीले न्यायको सामना गर्नै पर्छ र हाम्रा आफ्नै पापको निम्ति हामी दोषी हुन्छौं (हिब्रू ९:२७) । हरेक मानिसले दुई तरिकाबाट पाप गर्छनः

(क) जब हामीले परमेश्वरको आज्ञा उल्लंघन गर्छौं (१ यूहन्ना ३:४) ।

(ख) जे सही छ, जब हामी त्यो गर्न असफल हुन्छौ (याकूब ४:१७) ।

**मेलमिलाप** भन्नाले, "पुन मित्रहरू हुनु" भन्ने बुझिन्छ । मानिसले पाप गर्ने बित्तिकै परमेश्वरले मेलमिलापको बाटो उपलब्ध गराउने प्रतिज्ञा गर्नुभयो । जब हामी आत्मिक रूपमा अलग भएका र पापमा मरेका थियौ त्यस्तो अवस्थामा पनि परमेश्वरले आशा दिनुहुन्छ । उत्पत्ति ३:१५ मा उल्लेख गरे अनुसार आदम र हव्वालाई पहिलो पापको निम्ति अनन्तको उपायको आशा दिइएको थियो । "तेरो (शैतान) र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्चाउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्" (उत्पत्ति ३:१५) ।

यो **महान सन्देश, सुसमाचारको** पहिलो घोषणा हो जहाँ हाम्रा पापबाट हामीलाई बचाउने परमेश्वरको पाप क्षमाको योजना थियो । स्त्रीको "सन्तान" येशू ख्रीष्ट हुनुहुन्छ । गलाती ३:१६ ले पुष्टि गर्दछ कि "स्त्रीको सन्तान" येशू नै हुनुहुन्छ । शैतान र पाप विरूद्धको युद्धमा येशूले विजयी हासिल गर्नुहुनेछ । संसारको सृष्टि हुनुभन्दा पहिले नै मानिसलाई पापबाट मुक्त गराउने परमेश्वरको योजना थियो । परमेश्वरको मनशायको भविष्यवाणी उत्पत्ति ३:१५ हो, जहाँ उहाँको मुक्तिको योजनालाई कार्यमा परिणत गर्नुहुन्छ । हाम्रो पापको निम्ति क्रुसमा येशूको बलिदान, उहाँको गडाई, र उहाँको पुनरूत्थानद्वारा शैतानको शिर कुच्चाउने यो भविष्यवाणी हो ।

क्रूसमा जानु अघि येशूले घोषणा गर्नुभयो, "अब यस संसारको न्याय हुन्छ । यस संसारको शासक (शैतान) बाहिर फालिनेछ" (यूहन्ना १२:३१) । साठी वर्ष पछि पवित्र आत्माले प्रेरित यूहन्नालाई यी कुराहरू लेख्न प्रेरित गर्नुभयो, "जसले पाप गर्छ त्यो दियाबलसको हो । किनकि दियाबलसले त शुरूदेखि नै पाप गर्दैआएको छ । **दियाबलसका कामहरू नष्ट पार्नलाई** नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो" (१ यूहन्ना ३:८) ।

**हो...होइनः** *तपाईका पापको परिणामहरू भएको हुनाले यदि तपाईको पापको निम्ति परमेश्वरले दिनुभएका उपायहरूलाई पालना गर्नु हुन्न् भने के तपाईको उद्धार हुनेछ?*

## अध्याय ४: **मानिसको अवस्था**

रोमी ३:२३ मा बाइबलले जे भन्दछ त्यस बारे इमान्दार मानिसहरू सहमत हुनेछन् । "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् ।" पापले आत्मिक मृत्यु ल्याउँछ र परमेश्वरबाट टाढा गराउँछ । "किनकि **पापको** ज्याला **मृत्यु** हो, तर परमेश्वरको सित्तैंको **वरदान** ख्रीष्ट येशू हाम्रा प्रभुमा **अनन्त जीवन** हो" (रोमी ६:२३) । तर किन र कसरी मानिसहरूले पाप गर्छन्?

हरेक सरकारले विश्वास गर्छन् कि सबै मानिसहरू एकैसाथ रहनको निम्ति नैतिक, सामाजिक, र अपराधिक कानूनहरूको आवश्यक पर्दछन् । यदि हरेक व्यक्तिलाई आफ्नै इच्छा अनुसारको बाटोमा चल्ने अनुमति दियो



खीष्टियानिटिका आधारभूत सत्यताहरु

भने यसको अन्तिम परिणाम सामाजिक क्षय हुन्छ । बाइबल सही छ जब यसबारे यसो भन्दछ, "मानिसले आफ्नो मार्ग आफैले निर्देशन गर्नुहुँदैन" (यर्मिया १०:२३) ।

जब हामीले हाम्रो आफ्नै नैतिक नियमहरू बनाउन कोशिश गर्छौ, हामीले जहिले पनि त्यस्ता नियमहरू बनाएर अन्त्य गर्छौ जसले हाम्रो आफ्नै **संसारिक इच्छाहरूलाई** प्रशन्न तुल्याउँछौ । अन्तिम परिणाममा त्यस्ता नियमहरू जसले सामाजिक भ्रम, भ्रष्टाचार, र अपराधिक व्यवहारतर्फ नेतृत्व गर्छन् । परमेश्वर हाम्रा सृष्टिकर्ता र पिता हुनुहुन्छ । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ । परमेश्वरले हामीलाई उच्च स्तरको नाप दिनुभएको छ जसद्वारा हामी जीउनु पर्छ । उहाँले हामीलाई अर्ती, आज्ञा, र नियम कानूनहरू दिनुभएको छ जसद्वारा हामी एक अर्कासँग शान्तिपूर्ण जीवन जीउन र हरेक दिन उहाँमा नजिक भएर हिड्न अनुमति दिन्छन् ।

व्यवस्थासितको समस्या चाहिं यही छ कि हामीले त्यसलाई पूर्ण रूपले पालना गर्न सक्दैनौ । हामीले सक्दो उत्कृष्ट गर्ने प्रयास गरेता पनि अझै हामी परमेश्वरका आज्ञाहरू उल्लंघन गर्छौं । हामीले पाप गर्नेछौ (रोमी ३:१०-१८) । हामी परमेश्वरसँग पुन मित्र (मिलाप) बनाइनुपर्छ ।

**मानिस आफैले आफैलाई बचाउन सक्दैनन्:**

(१) परमेश्वरको व्यवस्था पूर्णरूपमा पालन गर्न असम्भव छ र पाप क्षमा पाउन अयोग्य छ ।

(२) असल कार्यहरूद्वारा मुक्ति कमाउन असम्भव छ ।

हामी दोषी छौ र आरोप लगाएको अवस्थामा छौं । स्वर्गमा अनन्त जीवन पाउनका निम्ति हामीले गर्न सक्ने पर्याप्त मात्राको कुनै असल कार्यहरू छैन । परमेश्वरको विरूद्धमा हामीले गरेका पापबाट हामी आफैलाई छुटकारा दिन असक्षम छौ । **हामी के गर्न सक्छौ**?

**हो...होइनः** *तपाईले के गर्न सक्नुहुन्छ र सक्नु हुन्न त्यो निर्णय गर्ने तपाईको छनोट शक्तिले तपाईलाई अनुमति दिन्छन् भन्ने कुरालाई विश्वास गर्नु उचित हो र पनि स्वर्ग जाने अपेक्षा गर्नुहुन्छ ?*

## अध्याय ५: **बाइबल**

पापको समाधान पाउनको निम्ति जसको विरूद्धमा हामीले पाप गरेका छौ, हामीहरू उहाँका अर्तीहरूतर्फ फर्कनै पर्छ । **परमेश्वरले बाइबलमा हाम्रो पापको निम्ति समाधान प्रकट गर्नु भएको छ** । हामीले उहाँका अर्तीहरू कडाईकासाथ पालन गर्नैपर्छ । हामी केवल बाइबलमा नै जानुपर्छ । हाम्रो पापको समस्यामाथि हामी कसरी विजयी पाउन सकिन्छ भन्ने थाहा पाउने बाइबल हाम्रो निम्ति परमेश्वरको मार्ग निर्देशन हो ।

परमेश्वरले बाइबलमा भन्नुहुन्छ, "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको **प्रेरणाबाट** भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई,

धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्" (२ तिमोथी ३:१६,१७) । हाम्रो पापको समस्याको समाधान केवल परमेश्वरको प्रेरित वचन बाइबलमा मात्र पाउँछौ ।

सिकाउनः हामीले अध्ययन गर्नैपर्छ र परमेश्वरको सत्यता थाहा पाउनुपर्छ (२ तिमोथी २:१५) ।

हप्काउनः हामीले झूटा शिक्षा थाहा पाउन सक्छौ र त्यसको विरोध गर्न सक्छौं (मत्ती ७:१५) ।

सच्याउनः हामीलाई साँघुरो बाटो भएर स्वर्गमा दोऱ्याउँछ (मत्ती ७:१३, १४) ।

तालीम दिनः हरेक दिन परमेश्वरलाई प्रशन्न तुल्याउन हामीलाई मार्गदर्शन दिन्छ (गलाती ५:२४,२५) ।

**"प्रेरणा"** शब्दको अर्थ "परमेश्वरले-सास फेर्नुभएको" भन्ने बुझिन्छ । **हाम्रो जीवनमा निर्देशन दिनको निम्ति यो हामीलाई दिनुभएको परमेश्वरको प्रकाश हो ।** दाऊदले लेख्नुहुँदा उहाँ स्पष्टरूपमा यसलाई वर्णन गर्नु भएको थियो, " तपाईका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो" (भजनसंग्रह ११९:१०५) । हामी परमेश्वरको सत्यताको निम्ति **"भोकाएको र तिर्खाएको"** हुनुपर्छ (मत्ती ५:६) । हामीले परमेश्वरको वचनबाट आत्मिक पोषणको इच्छा गर्नैपर्छ (मत्ती ४:४; १ पत्रुस २:२०) ।

पाप क्षमाको निम्ति मानिसले आफ्नै धार्मिक व्यवस्थाहरू निकाल्न सक्दैनन् । मानिसहरूको बिचमा प्रचुर मात्रामा विभाजित भएर ख्रीष्टियान भनी दावा गर्ने मानिसहरूलाई बारम्बार र अनौपचारिक हिसाबले **सम्प्रदायहरू** भनियो; तिनीहरू परमेश्वरको पवित्र वचनको सत्यतामा भन्दा **मानिसहरूका विविध परम्पराहरूमा** आधारित हुन्छन् ।

येशूले यसलाई निकै कठोररूपमा दोष दिनुभयो, "यशैयाले तिमी कपटीहरूका विषयमा ठीकसँग यसरी अगमवाणी गर्नुभयो, जस्तो लेखिएको छ, 'यस जातिले मलाई ओठले मात्र आदर गर्छ, तर तिनीहरूको हृदय मदेखि टाढा छ । तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन् ।' तिमीहरू परमेश्वरको आज्ञालाई त्यागेर मानिसहरूका परम्परा मान्छौ ।" उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू आफ्ना परम्परा मान्नलाई कति धूर्ततासँग परमेश्वरको आज्ञालाई टारिदिन्छौ ।...यसरी तिमीहरू आफ्नो चलिआएको परम्परालाई कायम राखेर परमेश्वरको वचनलाई चाहिँ रद्द तुल्याउँछौ । अनि यस्तै अनेक कामहरू तिमीहरू गर्दछौ" (मर्कूस ७:६-९, १३) ।

**मानिसहरूका परम्पराहरूमा मुक्ति पाउँदैनौ....तर केवल परमेश्वरको सत्यतामा पाउँछौ ।**

परमेश्वरको वचनले हाम्रो जीवन परिवर्तन गर्न सक्छ किनभने यो परमेश्वरबाट आएको छ । हामीले उहाँको वचन पालना गरेको परमेश्वर अपेक्षा गर्नुहुन्छ । हाम्रो जीवनमा परमेश्वरको वचनलाई आज्ञापालना गर्दा त्यसको परिणाममा ठूलो आत्मिक वृद्धि हुन्छन् । बाइबलले भन्दछ हामी,





"हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ" (२ पत्रुस ३:१८) । येशूको ज्ञानको हाम्रो स्रोत केवल बाइबल हो । यसकारण, पावल भन्नुहुन्छ, "अब म तपाईहरूलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईहरूलाई **सुदृढ पार्न** सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा **उत्तराधिकार** दिन सक्छ" (प्रेरित २०:३२) ।

**"तपाईहरू सुदृढ पार्न सक्छ"** भन्नाले आत्मिक बृद्धिको परिणामले दह्रिला ख्रीष्टियान हुने अर्थ हो ।

**"उत्तराधिकार"** शब्दले यो जीवन पछि स्वर्गमा हाम्रो अनन्तको घरलाई उल्लेख गर्दछ ।

"यसकारण यसको निम्ति हामी पनि परमेश्वरलाई निरन्तर धन्यवाद चढाउँछौं, कि तिमीहरूले हामीबाट सुनेका वचन, जो वास्तवमा परमेश्वरको वचन हो, सो तिमीहरूले मानिसको वचनजस्तै होइन, तर परमेश्वरको वचनजस्तै ग्रहण गऱ्यौ, जुन वचनले तिमी विश्वासीहरूमा काम गर्दछ" (१ थेसलोनिकी २:१३) ।

परमेश्वरको प्रेरित वचनको **सत्यताले** हामीलाई यो जीवनमा र अनन्तताको निम्ति **आशिष** दिन्छन् । मानिसहरूका **झूटा शिक्षा,** परम्पराहरूले हामीलाई यस जीवनमा **धोका** दिन्छन् र नरकको अनन्ततातर्फ डोऱ्याउँछ । हामीमा जीवन छ र यो अझै प्रशस्तमात्रामा पाउनको निम्ति बाइबलले भनेको आवश्यक कुराहरूको ज्ञान हुनुपर्छ (यूहन्ना १०:१०) । हामी परमेश्वरको पवित्र वचनको विद्यार्थी हुनुपर्छ, जसले जीवनतर्फ डोऱ्याउँछ ।

**हो...होइनः** *परमेश्वरको अस्तित्व भएको कारणले, उहाँले आफ्नो इच्छा हाम्रो सामु प्रकट गर्नुहुन्छ र कुनै परिवर्तन विना उहाँको इच्छालाई हामीले पालना गर्नुपर्छ भनी विश्वास गर्नु के उचित हुन्छ?*

## अध्याय ६: **परमेश्वरको वचनको अन्तिमता**

जब परमेश्वरले यहूदीहरूलाई पुरानो करारको व्यवस्था दिनुभयो, तब उहाँले तिनीहरूलाई उहाँको व्यवस्थामा कुनै कुरा नथप्नको निम्ति चेताउनी दिनुभयो । नयाँ करारको अन्तिम अध्यायमा पनि परमेश्वरले त्यही कुरा गर्नुहुन्छ । १५०० वर्षको अलग अलग समयमा दिएको यस कडा र गम्भीर चेताउनीहरूलाई तुलना गर्नुहोस् । उहाँका अर्तीहरूलाई परिवर्तन गर्नेहरू प्रति परमेश्वरको स्वभावलाई तिनीहरूले स्पष्ट देखाउँछ । "मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा **केही पनि घटबढ नगर्नू**, तर मैले तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका **आज्ञाहरू पालन गर्नू"** (व्यवस्था ४:२) । "यस पुस्तकको अगमवाणीका वचन सुन्ने हरेक मानिसलाई म चेताउनी दिन्छु: यदि कसैले **तिनमा थप्यो भने** यस पुस्तकमा लेखिएका विपत्तिहरू परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ । अनि कसैले यस अगमवाणीको पुस्तकका वचनबाट **केही घटायो भने**, **यस पुस्तकमा लेखिएका**

**जीवनको वृक्ष र पवित्र शहरबाट त्यसले पाउन हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुनेछ**" (प्रकाश २२:१८,१९) । परमेश्वरका गम्भीर चेतावनीहरू र स्वभावहरू आज पनि उही छन् ।

मानिसहरूका परम्परा र धार्मिक नियमहरूद्वारा उहाँको वचनमा **हामीले थप्ने वा परिवर्तन** गर्नु हुदैनन् । बाइबलले परमेश्वरको व्यवस्थालाई, "जीवनका आत्माको व्यवस्थाले येशू ख्रीष्टमा" (रोमी ८:२), र "स्वतन्त्रता दिने शुद्ध व्यवस्था" (याकूब १:२५) भन्दछ । पवित्र आत्माले हामीलाई मेहनतकासाथ अध्ययन गर्न अर्ती दिनुहुन्छ, "शर्माउन नपर्ने र **सत्यको वचनलाई ठीकसँग प्रयोग** गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर" (२ तिमोथी २:१५) । परमेश्वरका अर्ती र चेताउनीहरूलाई हामीले थाहा पाउनै पर्छ र उहाँको सन्देशलाई ठीक र सही तरीकाले कसरी अनुवाद गर्ने भन्ने कुरा बुझ्नुपर्छ ।

**परमेश्वरले यसको अर्थ के हो भन्नुहुन्छ, उहाँले जे भन्नुहुन्छ त्यही अर्थ हुन्छ ।**

२ पत्रुस १:२०,२१ ले स्पष्टसँग हामीलाई भन्दछ कि आज हामीले परमेश्वरको वचनलाई सम्प्रदायहरूले व्याख्या गरे जस्तै व्याख्या गर्ने अधिकार छैनन्, "पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन । किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन् ।" परमेश्वर, येशू, पवित्र आत्मा र नयाँ करारका लेखकहरूले हरेक आत्मिक प्रश्नको उही उत्तर दिनुहुन्छ । आज हामीले पनि त्यही उत्तर दिनुपर्छ । हामी सबैलाई थाहा छ कि फरक सम्प्रदायहरूले फरक सिद्धान्तहरूमा विश्वास गर्दछन, शिक्षा सिकाउँदछन् र अभ्यास गर्दछन । तिनीहरू एकअर्कामा बेमेल हुन्छन् । **सत्यताले सत्यताको विरोधाभास गर्दैनन्!**

**हो...होइनः** *के तपाईलाई परमेश्वरको व्यवस्थाहरूमा थप्ने, आज्ञाहरूमा घटाउने र तिनीहरूलाई जसरी पनि परिमार्जित गर्ने अनुमति दिन्छन्?*

## अध्याय ७ः **धार्मिक परम्पराहरूलाई अंगाल्ने**

पावलले दिनुभएको चेताउनी जुन आज हामी बारम्बार भइरहेको देख्छौ (२ तिमोथी ४:३,४)

- **ठीक शिक्षालाई नसहने हुनेछन्** सत्यतालाई परिवर्तन गर्न चाहन्छन ।
- **मन परेका कुरा मात्र सुन्न चाहनेछन** म जे कुरा सुन्न चाहन्छु, मलाई त्यही सिकाउनुहोस् ।
- **आफ्नो रूचिअनुसार शिक्षकहरू थुपार्नेछन्** झूटा शिक्षकहरू ।
- **सत्य कुरा सुन्नदेखि तर्किजानेछन्** मानिसहरूका परम्पराहरूमा फर्कनु ।
- **दन्त्यकथाहरूतिर बरालिनेछन्** मानिसका विचारहरूलाई पछ्याउँछन् ।





मानिसहरूलाई प्रशन्न तुल्याउनको निम्ति धेरै मानिसहरूले धार्मिक व्यवस्थालाई विकास गरेका छन् ।

परमेश्वरलाई प्रशन्न तुल्याउनको निम्ति तिनीहरूले आफ्नो जीवनमा धार्मिक क्रियाकलापहरू प्रदर्शन गरिरहेका छन् भन्ने सोचेर धेरै इमान्दार मानिसहरू आफै धोकामा परेका छन् । तै पनि, तिनीहरूको शिक्षाको स्रोत पोप, पास्टर, वा कुनै मानिसले लेखेका विश्वासको लेख हुन सक्छन् । तिनीहरूले पापको समाधान पाएका छन् भन्ने कुरामा इमान्दारसाथ विश्वास गर्ने गर्दछन्, तर यर्थाथमा तिनीहरू धार्मिक सिकाइको पछि लागेर पाप गरिरहेका हुन्छन्, "जसले मन परेका कुरा सुन्न चाहने" बनाउनेछन् । तिनीहरूले परमेश्वरलाई भन्दा आफैलाई खुशी पारिरहेका हुन्छन् । यो परमेश्वरको निम्ति सेवा होइनन् । यो परमेश्वर विरूद्धको विद्रोह हो । मर्कूस ७:६-९,१३ मा **परम्पराहरूलाई** स्मरण गर्नुहोस् :

- कपटीहरू — आफैलाई र अरूहरूलाई धोका दिन्छन् ।
- ओठको सेवा — अरूको अघि धार्मिक देखावटी ।
- व्यर्थको सेवा — इमान्दार...तर अस्वीकार योग्य ।
- मानिसहरूका शिक्षा र आज्ञाहरूलाई सिकाउने ।
- परमेश्वरको आज्ञाहरूलाई वेवास्ता गर्नु ।
- मानिसका परम्पराहरूलाई थामिराख्नु ।
- परमेश्वरका आज्ञाहरूलाई पर सार्नु ।
- तपाईको परम्पराद्वारा परमेश्वरको वचनलाई प्रभावकारी नतुल्याउनु ।

परमेश्वरले हामीलाई उहाँको वचनमा जे गर्नको निम्ति अर्ती दिनुभएको छ ती अनुसार हामीले गरेको कुरामा परमेश्वर गम्भीर हुनुहुन्छ । आफैलाई ख्रीष्टियान भन्ने धेरै मानिसहरूले परमेश्वरको वचनलाई अध्ययन गर्ने, सिकेर पालन गर्ने भन्दा पनि आफ्नै धार्मिक परम्पराहरूलाई पालन गर्नमा चासो देखाइरहेका जस्तो देखिन्छ । दुर्भाग्यवश, सबै मानिसहरूले उही कुराहरूमा त्यही विश्वास गर्दैनन्, सिकाउदैनन, र अभ्यास गर्दैनन् ।

बिभिन्न आत्मिकी बिषयहरूमा धेरै सम्प्रदायहरूविच भिन्नता छन्:

| | | |
|---|---|---|
| प्रभु भोज | शिशुहरू पापमा जन्मन्छन्? | सामुहिक प्रार्थना |
| महिला प्रचारकहरू | धर्मशास्त्रीय पास्टरहरू | पाप क्षमा |
| कसरी उद्धार पाउने? | आश्चर्यकर्महरू | आत्मिकी फल/कामहरू |
| एकचोटीको उद्धार /सधैको उद्धार? | | |
| बप्तिस्माः को? | किन? छर्किनु वा डुब्नु? | उद्धेश्य? फाइदा? |

**हाम्रो आफ्नै सर्तहरूमा परमेश्वरको निगाह पाउन आफ्नो सेवाको प्रभावले परमेश्वरको वचनलाई परिवर्तन गर्नु, थप्नु, वा घटाउनु पाप हो ।**

जब उहाँले यसो भन्नुहुँदा येशूले शंकाको निम्ति कुनै ठाउँ छोड्नु भएनन्, "तिमीहरू **मेरो वचनमा रहयौ** भने तिमीहरू साँच्चै मेरा चेला हौ । तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र **सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ**" (यूहन्ना ८:३१,३२) । यी पदहरूलाई समर्थन गर्न थप स्पष्ट लेखिएको छः "तिमीहरू **ममा रहयौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने**

...तिमीहरू मेरा प्रेममा रहो । यदि मेरा **आज्ञाहरू पालन गर्‍यौ भने** तिमीहरू मेरो प्रेममा रहनेछौ" (यूहन्ना १५:७,९-१०) । **"खीष्टको सिद्धान्तमा स्थिर नबसेर त्यसको सीमादेखि बाहिर जाने मानिससँग परमेश्वर हुनुहुन्न**, तर यस सिद्धान्तमा स्थिर रहनेसँग पिता र पुत्र दुवै हुनुहुन्छ" (२ यूहन्ना ९) ।

मानिसका शब्दहरूमा विश्वास गर्नेभन्दा जसले सत्यतालाई खोज्दछन पावलले तिनीहरूलाई बधाई दिनहुन्छ । "यहाँका यहूदीहरू थेसलोनिकेकाहरू भन्दा बढी भला थिए । किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी **दिनहुँ धर्मशास्त्र छानबिन गर्थे**" (प्रेरित १७:११) । यी इमान्दार मानिसहरूले पावलका आश्चर्यकर्महरू देखे, उनले प्रचार गरेको मुक्तिको सुसमाचार सुने, र प्रेरित पावलले सिकाउनु भएका कुराहरू सत्य छन् कि छैनन् भनेर तिनीहरूले **दिनहुँ** परमेश्वरको **बचन छानबिन** गर्थे । पावलले यो व्यवहार र प्रयासलाई प्रशंसा गर्नुहुन्छ । के तपाईका प्रचारकहरू, पास्टरहरू, बाइबल विद्यालयका शिक्षकहरू र तपाईको मण्डलीका मानिसहरूले बनाएका नियम कानूनहरूले सत्यता सिकाउदँछ? फरक शिक्षाहरू धेरै मण्डलीहरूमा सामान्य हुन् । परमेश्वरमा तिनीहरू स्वीकारयोग्य छैनन् । खीष्टले आफ्नो मण्डलीमा यस्ता कुराहरूलाई अनुमति दिनुहुन्न् ।

विश्वासमा दह्रिलो भएका खीष्टियनहरूले झुटा शिक्षकहरूलाई पछ्याउने मानिसहरूलाई विरोध गरेको कुरा सजिलैसँग बुझ्नको निम्ति पावलले कलस्सी २:६-८ लाई तुलना गर्नुहुन्छ । साँचो खीष्टियानहरू (क) येशू खीष्टलाई ग्रहण गर्दछन् (ख) उहाँसँगै हिड्छन् (ग) उहाँमा जरा गाडिएका हुन्छन् (घ) येशूमा निमार्ण भएका हुन्छन् (ङ) शिक्षा दिएबमोजिम विश्वासमा स्थापना भएका हुन्छन् (च) प्रशस्त मात्रामा धन्यवादी हुन्छन् । यी शब्दहरूद्वारा छलिएका मानिसहरूलाई चेतावनी दिएका छन, "ध्यान देओ, कि कसैले दर्शनशास्त्र र खोक्रो छलद्वारा तिमीहरूलाई शिकार, नबनाओस्, जो खीष्टका अनुसार होइनन्, तर **मानिसको परम्परा** र विश्वका आधारभूत सिद्धान्तहरूमाथि अडिएका हुन्छन् । किनकि खीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ ।" येशूले उस्तै चेतावनीहरू दिनुभयो । नयाँ नियमका सबै पुस्तकहरूले यस्तै खतराको बारेमा भन्दछन् ।

जुन धर्मले बाइबलको सत्यतालाई भन्दा मानिसका भावना र उत्तेजनात्मक कुराहरूमा केन्द्रित गर्छन्, ती धर्मले आफैलाई आत्म भ्रमतर्फ डोऱ्याउँछ । ज्ञान र सत्यताबिनाको परमेश्वरप्रति जोशिलो हुनु व्यर्थको धार्मिक अभ्यास मात्र हो (रोमी १०:२) । परमेश्वरप्रति धार्मिकरूपमा जोशिलो, समर्पित र प्रतिबद्ध हुनु मात्र पर्याप्त छैनन् । आफ्नो अनन्त जीवनको पाइलाको मार्ग निर्देशन मानिस आफैले गर्न सक्दैनन् भन्ने कुरा पनि हामीले याद गर्नै पर्छ (यर्मिया १०:२३) । लिखित प्रेरणाप्राप्त बचन, बाइबलद्वारा भएर मात्र केवल परमेश्वरले काम गर्नुहुन्छ । हाम्रा धार्मिक अभ्यासहरू परमेश्वरको वचनमा आधारित छन् वा मानिसको विचार अनुसार छन् भन्ने कुरा निश्चय गर्न धर्मशास्त्रहरूको खोजी गर्नु पर्छ र हामी प्रेरित १७:११ मा भएकाहरू जस्तै हुनै पर्छ ।





**हो...होइनः** *परमेश्वरलाई तपाईले मानिसहरूको परम्परा अनुसार सेवा गरिरहनु भएको छ भन्ने कुरा यदि तपाईले बाइबलमा पाउनु भयो र परमेश्वरको वचन अनुसार गरिरहनु भएको छैनन भने पापको समाधानको निम्ति बाइबलले जे अर्ती दिएको छ त्यही अनुसार गर्न के तपाई परिवर्तनको निम्ति तयार हुनुहुन्छ?*

## अध्याय ८: **पापसित हाम्रो समस्या**

इमान्दार मानिसहरू इमान्दिरताका साथ आफ्ना पापको समस्याको उत्तर खोज्दछन् । तिनीहरूले सामान्यतया तिनीहरूको विवेकलाई उत्तम बनाउने खालका उत्तरहरू पाउँदछन् । तैपनि, इमान्दार मानिसहरूले तिनीहरूको विवेकलाई सन्तुष्ट पार्ने भिन्नै उत्तरहरू पाउँछन् । इमान्दार मानिसहरू इमान्दारिताकासाथ सन्तुष्टि हुन सक्छन् । के परमेश्वर तिनीहरूसित सहमत हुनुहुन्छ?

### पापसँगको समस्याको निम्ति परमेश्वरले कति वटा उत्तरहरू दिनुहुन्छ वा स्वीकार्नु हुन्छ?

परमेश्वरले आवश्यक जवाफ नयाँ नियममा दिनुहुन्छ । सम्प्रदायी संसारसँग विविध उत्तरहरू छन जसमा इमान्दार मानिसहरू विश्वास गरेर पछ्याउँछन् । हामीले परमेश्वरको वचनलाई खोज्नैपर्छ, समाधानको निम्ति उहाँको प्रेरणाप्राप्त धर्मशास्त्र पत्ता लगाउनुपर्छ । त्यसपछि उहाँका अर्तीहरूलाई पालना गर्नुपर्छ ।

### इमान्दारिता + सत्यता + आज्ञाकारिता = मुक्ति

परमेश्वरले आफ्नो पवित्र वचनमा हामीलाई उपहार दिनुभएको छ जुन यति ठुलो छ कि मूल्य कति पर्छ भनेर जसको मूल्य तिर्न हाम्रो निम्ति कुनै सम्भव बाटो छैनन् । उहाँले प्रेरित गर्नुभएको निर्देशन अनुसार जब तपाईले परमेश्वरको कृपालु उपहारलाई स्वीकार गर्नु हुन्छ, तब तपाईले भन्नुहुन्छ, "अहिले म जति ऋणी भएको छु, यो त मैले चुक्ता गर्नु पर्ने भन्दा पनि धेरै ठुलो छ" । तपाई सही हुनुहुन्छ ।

येशूले एकजना मानिसको दृष्टान्त भन्नुभयो जसले राजाबाट दश हजार सुनका सिक्काको ऋण लिएको थियो (मत्ती १८:२३-३५) । आफ्नो ऋण चुक्ता गर्न सक्ने कुनै सम्भव उपायहरू उसमा थिएनन् । त्यो मानिसले आफ्नो घुँडा टेकेर राजासँग क्षमाको लागि भीख माग्यो । राजालाई दया लाग्यो र उनले उसको सबै ऋण क्षमा गरिदियो । जसले तिर्न सक्दैन्थ्यो उसलाई **अनुग्रह** दिइएको थियो । यसकारण हाम्रो परमेश्वरसँगको सम्बन्ध पनि उस्तै हो । हाम्रो पापको ऋणको मूल्य हामी परमेश्वरलाई तिर्न सक्दैनौ । **हामीले तिर्न सक्ने भन्दा पनि हाम्रो ऋण धेरै छन्** । हामी परमेश्वरको अगाडी दोषीको रूपमा खडा हुन्छौ । **हामीले कसरी क्षमा पाउन सक्छौ**?

तिनीहरूको असल कार्यहरूद्वारा तिनीहरूले परमेश्वरलाई ऋण तिर्न सक्छन् भनी केही धार्मिक मानिसहरूले विश्वास गर्दछन् । तिनीहरू गलत छन् । परमेश्वरबाट पाउने मुक्तिको हकदार हुन कोही मानिस पनि

प्रर्याप्त लामो जीवन जीउन सक्दैनन् र पुग्दो असल कार्यहरू गर्न सक्दैनन् । मुक्ति पाउनको निम्ति हामीले येशूमा विश्वास र उहाँमा आज्ञापालन गर्नैपर्छ भनेर बाइबलले हामीलाई भन्दछ । "..**ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्...उहाँको आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो**" (यूहन्ना ३:१६; हिब्रू ५:९) । **विश्वासको आज्ञाकारीतासित** प्रतिक्रिया गर्नेहरूलाई **परमेश्वरको अनुग्रह** सितैमा दिइएको छ ।

हाम्रो आफ्नै पापको कारणले गर्दा हराएको अवस्थाको समस्यालाई समाधान गर्न **परमेश्वरले हामीलाई एउटै उपाय** दिनुहुन्छ । हामीले (क) उहाँको समाधान खोज्न परमेश्वरको वचन अध्ययन गर्नै पर्छ (ख) परमेश्वरको पुत्रमा भएको विश्वासमा बढाउदै जानु पर्छ, (ग) अनुग्रह र कृपाको क्षमा पाउनको लागि परमेश्वरका अर्तीहरूलाई आज्ञापालन गरी मुक्तितर्फ अघि बढ्नुपर्छ ।

**परमेश्वरले पश्चात्तापी पापीहरूबाट आज्ञाकारी विश्वास चाहनुहुन्छ ।**

यो पृथ्वीमा केवल एकमात्र सिद्ध व्यक्ति येशू हुनुहुन्थ्यो । हामी कहिलै पनि सिद्ध हुन सक्दैनौ । हामी परीक्षामा पछौं । हामी सबैले पाप गछौं । एउटा पापले हामीलाई पापी बनाउँछ । आदम र हव्वामा पनि यो कुरा सत्य थियो र अहिले पनि सत्य नै छ । याकूब भन्नुहुन्छ, "किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ" (याकूब २:१०) । पावल लेख्नुहुन्छ, "...व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ, व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहरिँदैन" (गलाती २:१६) । बाइबलले यो पनि भन्दछ, "यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन.." (रोमी ३:२०) ।

जीवनको यर्थाथ यो हो कि सबै मानिसहरूले परमेश्वरको व्यवस्था उल्लंघन गर्छन् (रोमी ३:२३) । पापको ज्याला आत्मिकी मृत्यु हो (रोमी ६:२३) । यदि हामीले पूर्णरूपमा पापलाई इन्कार गर्न सक्छौ र निर्दोष ठहरिन सक्छौ भनी हामी सोच्छौ भने हामी आफैले आफैलाई छलिरहेका हुन्छौ ।

**हामीले परमेश्वरको व्यवस्थालाई सिद्ध रूपमा पालन गर्न सक्दैनौ र पापरहित जीवन जीउन सक्दैनौ ।**
**असल कर्महरूद्वारा हामीले हाम्रो मुक्ति कमाउन सक्दैनौ ।**
**हाम्रा पापले हामीलाई परमेश्वरबाट अलग गराउँछ ।**

हाम्रो पाप समस्याको निम्ति परमेश्वरबाट समाधान उपलब्ध नभएसम्म हामी दोषी ठहरिन्छौ । मानिसले समाधान उपलब्ध गराउन सक्दैनन् । पावलले यो सत्यतालाई पहिचान गरेर घोषणा गर्नुहुन्छ, "हाय, म कस्तो दुःखी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला?" (रोमी ७:२४) । पावलले आफ्नो प्रश्नको उत्तर आफैले अर्को पदमा दिनुहुन्छ । "येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै- परमेश्वरलाई धन्यवाद होस्" । परमेश्वरको समाधान नै केवल एउटै समाधान हो । परमेश्वरको समाधान





पत्ता लगाउने स्रोत केवल बाइबल मात्र हो । धार्मिक हुनु भन्नाले यो मात्र मतलब हुँदैनन कि त्यो परमेश्वरसँग सही छ । परमेश्वरको साँचो सन्तान (परमेश्वरको अर्ती अनुसारको ख्रीष्टियान) हुनु भनेको परमेश्वरको वचन अनुसार **आज्ञाकारी विश्वाससाथ** आफ्नो जीवन जिउनु हो । अरू व्यक्तिको इमान्दारितामाथि कसैले पनि न्याय गर्नु हुँदैन । परमेश्वरको प्रेरणाप्राप्त वचनको सत्यताद्धारा हामी प्रत्येकको इन्साफ हुनेछन् ।

हामीले परमेश्वरलाई उहाँका सर्तहरूमा र उहाँका व्यवस्था अनुसार उहाँलाई **खोज्नैपर्छ** । बाइबलमा प्रकट गरेका पवित्र आत्माका अर्तीहरूलाई हामीले अध्ययन गर्नै पर्छ । जसरी दाऊदले भन्नुभयो, "तपाईका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो" (भजनसंग्रह ११९:१०५) । परमेश्वरको सत्यता नै अनन्त जीवनको एकमात्र मार्गदशन हो । जब हामीले परमेश्वरको वचनलाई पछ्याउँछौ, तबमात्र केवल मनमा शान्ति आउँछ । मानिसका शब्दहरू (परम्परा) सुन्नमा असल होला, तर तिनीहरू छली मात्र हुन् । छलले तपाईको विवेकलाई झुटा शान्ति दिन्छ । मानिसले बनाइएका समाधानले परमेश्वरलाई सन्तुष्टि गर्ने छैनन् अथवा येशूलाई स्वीकारयोग्य हुनेछैनन् ।

**हो...होइनः** *पाप क्षमा बारेमा तपाईले जे विश्वास गर्नुहुन्छ, सिकाउनुहुन्छ र अभ्यास गर्नुहुन्छ त्यसलाई समर्थन दिन के तपाईले नयाँ करारको धर्मशास्त्रीय पदहरू प्रदान गर्न सक्नुहुन्छ?*

## खण्ड दुईः
## पापको निम्ति परमेश्वरको उपाय

पहिलो पाप उत्पत्ति ३:१-१३ मा भयो । परमेश्वरले तत्कालै तीनवटा कुराहरू गर्नुभयोः-

(१) परमेश्वरले शैतानलाई हप्काउनु भयो र श्राप दिनुभयो (उत्पति ३:१४) ।
(२) परमेश्वरले पापको समाधानको निम्ति प्रतिज्ञा गर्नुभयो (उत्पति ३:१५) "स्त्रीको सन्तान" ।
(३) परमेश्वरले आदम र हव्वालाई दण्ड दिनुभयो (उत्पति ३:१६-२४) ।

तिनीहरूको पापको कारणले गर्दा आदम र हव्वा **उमेरमा वृद्ध हुन** थाले र तिनीहरूले **शारीरिक मृत्यको** कष्ट भोग्नु पर्‍यो । तिनीहरूको पापले गर्दा परमेश्वर र तिनीहरूबिच थप विभाजन भयो, जसलाई **आत्मिक मृत्यु** भनि वर्णन गर्दछ । पुरानो करार भरी त्यहाँ सयौ भाविष्यवाणीहरू छन् जसले मसीह (उद्धारकर्ता; मुक्तिदाता; परमेश्वरका पुत्र) आउँदै हुनुहुन्छ भनी भनेका थिए, उहाँ जो मानिसहरूका पापको निम्ति समाधान हुनुहुनेछ । यो बिन्दुमा आउँदा येशू ख्रीष्ट जसले परमेश्वर र मानिसलाई पुन मित्र बनाउन (पुनः मिलाप) सम्भव गराउनु हुनेछ ।

येशू मुक्तिदाता हुनुभएको बारेमा उत्पत्ति ३:१५ पहिलो भविष्यवाणी हो । "स्त्रीको सन्तान" ले ख्रीष्टलाई जनाउँछ जो कन्या कुमारीबाट जन्मनु

भएको थियो (यशैया ७:१४; मत्ती १:१८; लूका १:२७) । मत्ती १:१ बाट नयाँ करारको शुरूवाट हुन्छ जहाँ "अब्राहामका पुत्र, दाऊदका पुत्र, येशू ख्रीष्टको वंशावली.." भन्ने शब्दहरू लेखिएको छ । येशूकी आमा मरियम हुनुभएको १६ पदमा अन्त्य हुन्छ । लूका ३:२३ को शुरूवाटमा लूकाले येशूको वंशावली दिन्दछन्..."मानिसहरू उहाँ योसेफका छोरा हुन् भन्ठान्थे ।" मरियमकी पति योसेफ थियो, तर पिता पवित्र आत्मा हुनुहुन्थ्यो (संसारिक पिता होइन्) । लूकाले मरियम र योसेफबाट शुरूवाट गरेर दाऊदहुँदै अब्राहाम र आदममा अन्त्य गरेको छ । अब्राहामलाई प्रतिज्ञा गरेको "सन्तान" येशू ख्रीष्ट नै हुनुहुन्छ भनी गलाती ३:१६ ले स्पष्ट गर्दछ ।

शैतान र स्त्रीको सन्तानको बिचमा लगातर "शत्रुता" हुनेछन् ।

धार्मिकता र दुष्टताविच जहिले पनि लडाई हुनेछ ।

शैतानले ख्रीष्टलाई "कुर्कुचोमा" चोट पुर्‍याउने छ । त्यसकारण ख्रीष्टको राज्यलाई हानी हुनेछ । शैतानको शीरमाथि ख्रीष्टले आखिरी चोट पुर्‍याउनुहुनेछ । **येशूमा विजय छ ।**

शैतान र मृत्युमाथि येशूको विजय हुनेछ । "**दियाबलसका कामहरू नष्ट पार्नलाई** नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो" ( १ यूहन्ना ३:८) ।

## अध्याय ९: **सन्तानको आशिष**

चार हजार वर्ष पहिले, परमेश्वरले अब्राहाम नाउँ गरेको एकजना व्यक्तिलाई चुन्नुभयो जसको सन्तानद्धारा परमेश्वरले चुन्नु भएको एकजनालाई संसारमा ल्याउनुहुनेछ जो हाम्रो मुक्तिदाता हुनुहुनेछ । परमेश्वरले अब्राहामलाई प्रतिज्ञा गर्नुभयो, "तँद्धारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्" (उत्पति १२:३) । परमेश्वरले मानिसहरूलाई निरन्तर स्मरण गराइरनुभएको छ कि त्यहाँ एक जना "आशिष्" आउदै हुनुहुन्छ जसले सबै मानिसहरूका पापको भार बोक्नुहुनेछ (यशैया ५३) । यो "आशिष्" पृथ्वीका **सबै राष्ट्रहरूको निम्ति थियो** । **"तेरै सन्तानद्धारा** पृथ्वीका सबै जातिहरू आशीर्वादी हुनेछन्, किनकि तैंले मेरो वचन पालन गरिस्" (उत्पति २२:१८) ।

त्यसो भए यो आशिष् को थियो? येशू नै आशिष हुनुहुन्छ । पत्रुसले भन्नुभयो, "तपाईहरू तिनै अगमवक्ताहरूका र त्यही करारका सन्तान हुनुहुन्छ, जुन करार परमेश्वरले तपाईहरूका पुर्खा अब्राहामसँग यसो भनेर बाँध्नुभयो, '**तिम्रा सन्तानमा पृथ्वीका सबै परिवारले** आशिष् पाउनेछन् ।' तपाईहरू हरेकलाई आफ्नो दुष्टताबाट फर्काएर तपाईहरूलाई आशिष् दिन भनी **परमेश्वरले** आफ्नै **आफ्ना सेवकलाई** खडा गर्नुभयो र सर्वप्रथम तपाईहरूकहाँ पठाउनुभयो" (प्रेरित ३:२५,२६) ।

**अब्राहामको सन्तान जसले सबै मानिसलाई आशिषित दिने येशू नै हुनुहुन्थ्यो** ।

पावलले लेख्नुभयो, "प्रतिज्ञाहरू अब्राहाम र उनको सन्तानलाई दिइएका थिए । धर्मशास्त्रले "सन्तानहरूलाई" भन्दैन, यसले त धेरै मानिसहरूको सङ्केत





दिन्छ । तर धर्मशास्त्रले "**तिम्रो सन्तानलाई**" भन्छ, यसले एउटा मानिसको मात्र सङ्केत दिन्छ, जो **ख्रीष्ट हुनुहुन्छ**" (गलाती ३:१६) । येशू ख्रीष्ट नै "स्त्रीको सन्तान" हुनुहुन्छ जसले शैतानको शिर कुच्चाउनुहुनेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो (उत्पति ३:१५) । पापमाथि विजयी पाउने सन्तान येशू ख्रीष्ट नै हुनुहुन्छ भनी अब्राहामलाई प्रतिज्ञा गरिएको थियो । **येशू ख्रीष्ट नै सुसमाचारको उत्तम सन्देश हुनुहुन्छ** जसले अनन्त जीवनको आशा पुनर्स्थापना गर्नुहुन्छ । हाम्रो केवल एकमात्र मुक्तिदाता येशू हुनुहुन्छ (यूहन्ना ३:१६) ।

**हो...होइनः** *सबै आत्मिकी आशिषहरू चुनिएको सन्तानबाट नै आउँछन् भने के हामी सबै आशिषित हुन येशूको वचनहरूलाई पछ्याउनु आवश्यक छ?*

## अध्याय १०: **शैतानको कुच्चाई**

वास्तवमा येशूले कसरी शैतानको शिर कुच्चाउनु भयो र त्यही समयमा सबै मानवजातिको निम्ति आत्मिक आशिष बन्नुभयो? यो प्रश्नको जवाफ सुसमाचारमा (मुक्तिको असल खबर) वर्णन गर्दछ । हामीले कसरी परमेश्वरको अनुग्रहको वरदानलाई प्रतिक्रिया **गर्नै** पर्छ भन्ने बारेमा यसले हामीलाई देखाउँदछ ।

**आशिषः हाम्रो आत्मिक मृत्यु**को समस्याको निम्ति परमेश्वरको समाधान!

हाम्रो पापको समस्याको उत्तर दिनको निम्ति येशू स्वर्ग छाडेर पृथ्वीमा आउनुभयो । जसरी पहिले नै उल्लेख गरिसक्यो, येशू पृथ्वीमा आउनुभयो ताकि, **"उहाँले दियाबलसका कामहरू नष्ट पार्न सकूँ"** (१ यूहन्ना ३:८) । आफ्नो पापको कारणले मानिसहरू आत्मिकरूपमा मर्दछन् । हामीलाई परमेश्वरमा फर्काएर लिएर जानको निम्ति येशू क्रूसमा मृत्यु हुन आउनुभयो । कलस्सी २:९-१५ ले हामीलाई भन्छन...

ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ ।

ख्रीष्टमा नै समस्त शासन र अधिकार छन्, र उहाँमा नै हामी परिपूर्ण बनाइएका छौ ।

ख्रीष्टमा हामी पापमय स्वभावको देहलाई त्यागेको पाउँछौ । (पापलाई हटाइएको)

ख्रीष्ट क्रूसमा टाँगिनुभयो, गाडिनुभयो, र परमेश्वरले उहाँलाई मृत्युबाट बौरी उठाउनुभयो ।

हामी बप्तिस्मामा ख्रीष्टसँग गाडियौ, र परमेश्वरको कार्यमा विश्वासद्धारा उहाँसँगै जीवित पारियौ ।

हाम्रा सबै अपराध क्षमा गरिदिएर ख्रीष्टले हामीलाई उहाँसँगै जीवित पार्नुभयो ।

परमेश्वरको कार्यमा विश्वास राख्नाले हामीलाई पनि उहाँसँगै जीवित पार्नुहुन्छ ।

जे हाम्रो विरूद्धमा रहेका कुराहरू छन् येशूले तिनीहरूलाई क्रूसमा कीला

ठोकी रद्द गरिदिनुभयो ।
उहाँले प्रधानताहरू र शक्तिहरूलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो ।
परमेश्वरको पुत्रले मुक्तिको ढोका खोल्नुभयो । हामी **आज्ञाकारी विश्वासयोग्य** भएर प्रवेश गर्छौ । पावल लेख्नुहुन्छ, "तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ" (१ कोरिन्थी १५:५७) ।

**आशिषः** हाम्रो **भौतिक मृत्यु**को समस्याको निम्ति परमेश्वरको समाधान!
हाम्रो शारीरिक मृत्युको डरको पनि वास्ता येशूले गर्नुभयो । "किनकि छोराछोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, र **मृत्युको डरले** आजीवन **बन्धनमा परेकाहरूलाई** उहाँले मुक्त गरिदेऊन्" (हिब्रू २:१४,१५) ।
१ कोरिन्थी १५:५५ ले सोध्दछ, "ए मृत्यु, तेरो विजय कहाँ? ए मृत्यु, तेरो खील कहाँ?" यो प्रश्नको उत्तर पदहरू ५६-५८ मा दिएको छः
"मृत्युको **खील** (डर वा त्रास) पाप हो ।"
"तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु **येशू ख्रीष्टद्वारा विजय** दिनुहुन्छ ।"
"स्थिर र अटल रहो । प्रभुको काममा सधैं बढ्दैजाओ । किनकि तिमीहरू जान्दछौ, कि प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन ।" (आज्ञाकारी विश्वासले बचाउँछ)
हाम्रो **आत्मिक मृत्युको** समस्यालाई समाधान गर्न येशू क्रूसमा मर्नुभयो । मानिसहरूलाई फेरि परमेश्वरमा मिलाप गराउनको निम्ति उहाँ मर्नुभयो । हामीहरू पनि **मृत्युबाट अनन्त जीवनको निम्ति पुनरूत्थान** हुन सक्छौ भन्ने आशा दिनको निम्ति येशू चिहानबाट **बौरी** उठनुभयो । उहाँको पुनरूथानले हाम्रो **शारीरिक मृत्युको समस्यालाई** समाधान गर्नुभयो (१ कोरिन्थी १५:२०-२६) ।

**(क) येशू स्वर्गलाई त्यागेर पृथ्वीमा आउनुभयो ।**
सृष्टिभन्दा अगाडि येशू परमेश्वरसित हुनुहुन्थ्यो, र **येशू परमेश्वर हुनुहुन्थ्यो** (यूहन्ना १:१-२) । येशू स्वर्ग छोडेर पृथ्वीमा आउनुभयो (यूहन्ना ३:१३,३१) । उहाँ जीउनुभयो र "हामीजस्तै सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो" (हिब्रू ४:१५) ।
फिलिप्पी २:५-८ ले भन्दछन्:
(१) येशू परमेश्वरको अस्तित्वमा हुनुहुन्थ्यो ।
(२) उहाँले परमेश्वरको बराबरी, महिमित हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन ।
(३) येशूले **आफैलाई रित्याईकन कमाराको** रूप धारण गर्नुभयो ।
(४) येशू मानिस हुनुभयो...शरीर, रगत र हड्डीहरू ।
(५) उहाँ नम्र हुनुहुन्थ्यो...**क्रूसको मृत्युसम्मै आज्ञाकारी हुनुभयो** ।





**(ख) येशू हाम्रो पापको निम्ति मर्नुभयो ।**
सबै पापी मानिसहरूका निम्ति येशू परमेश्वरको पुत्र क्रूसमा टाँगिनुभयो । "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले **क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो** । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ" (१ पत्रुस २:२४) । परमेश्वरप्रति उहाँको सिद्ध र स्वीकारयोग्य बलिदानको कारणले, सबै मानिसहरू जो उहाँको सुसमाचारमा आज्ञाकारी हुन्छन्, तिनीहरूको पाप क्षमा हुनेछन् । यहि नै **सुसमाचारको महान सन्देश** हो ।
**येशू क्रूसमा मर्नु भएर शैतानको शक्तिलाई कुल्चनुभयो र मृतकबाट बौरी उठ्नुभयो** । हामी हाम्रा पापबाट क्षमा पाउन र परमेश्वरदेखिको हाम्रा आत्मिकी विभाजनको अन्त्य हुन्छ । हामीलाई पापदेखि उम्कन सम्भव बनाउको निम्ति येशूले शारीरिक रूपमा क्रूसमा मर्नुपर्‍यो ।
येशूको रगतले हामीलाई हाम्रा सबै पापबाट **छुटकारा** दिनुभयो । **छुटकारा** भन्नाले उहाँको आफ्नै रगतले हाम्रा **पापको ऋण तिर्नुभयो** । परमेश्वरबाट अलग हुनु भन्नाले शैतानले हाम्रो जीवनमा शासन गर्नु हो । येशूको रगतले पापको **ऋण तिर्‍यो** र हामीलाई पुन किन्यो । बाइबलले भन्दछ, "रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन" (हिब्रू ९:२२) । त्यसकारण पत्रुसले ख्रीष्टियानहरूलाई स्मरण गराउँदछ, "...सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्टयाइएका होइनौ, तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका छौ" (१ पत्रुस १:१८-१९) । हामीले पाप गर्‍यौं । हाम्रै कारणले विभाजन भयो र परमेश्वरलाई ऋणी बनायौ । येशूको रगतले हाम्रो पापको ऋण तिर्नुभयो । यसलाई **प्रायश्चित** भनिन्छ । हाम्रो लाजमर्दो पापको निम्ति ख्रीष्टको बलिदानले प्रायश्चित गर्नु भयो । ख्रीष्टको बलिदानमा हाम्रो पश्चात्ताप (हाम्रा पापको निम्ति दुःखी हुनु) र ख्रीष्टको आज्ञाहरूमा हाम्रो आज्ञाकारीता जोडिएको हुनै पर्छ ।

**(ग) येशूलाई गाडियो ताकि उहाँ बौरी उठन सक्नुहुन्छ ।**
येशूको शरीरलाई गाडियो र चिहानमा मोहर लगाइयो । चिहानलाई सुरक्षा गर्नको निम्ति हतियार भएका सिपाहीहरूलाई पहरा राखिदिएका थिए । तीन दिनपछि उहाँ मृतकबाट बौरी उठ्नुभयो र आइतबार बिहान चिहानलाई छोडनुभयो । उहाँ जीवनको निम्ति पुनरूत्थान हुन्छन् भन्ने कुरा जानेर येशू बिनम्र र आज्ञाकारी भई मृत्युलाई अप्नाउनुभयो
। "कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु । आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ । यो आज्ञा मैले मेरा पिताबाट पाएको छु" (यूहन्ना १०:१८) ।
येशू मृत्युबाट बौरी उठनुभएको कुरामा नै हाम्रो विश्वासको जग खडा भएको छ कि यो जीवन पछि हामी पनि मृत्युबाट बौरी उठनेछौ भन्ने कुरामा हाम्रो निधक्कता छन् । जब येशू फेरि आउनु हुनेछ, "चिहानमा

हुनेहरू सबैले उसको सोर सुन्नेछन् र बाहिर निस्किआउनेछन्" (यूहन्ना ५:२८,२९) । यो समय इन्साफको निम्ति हुनेछ । एउटै जीवन, एकपटक मृत्यु, र त्यसपछि इन्साफ हुनेछ (हिब्रू ९:२७) । तिनीहरू जो **परमेश्वरबाट अलग भएका छन्**, उनीहरूले अनन्त आत्मिकी मृत्यु, नरकमा कष्ट भोग्नेछन् । तिनीहरू जसको पाप क्षमा भएका छन् र **खीष्टमा छन्**, उनीहरू स्वर्गको **अनन्त जीवन र मुक्तिको** निम्ति बौरी उठनेछन् ।

**(घ) येशू स्वर्ग फर्कि जानुभयो ।**

येशूको पुनरूथानपछि उहाँ स्वर्गमा उचालिनुभयो । परमेश्वरले "खीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो । सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि....सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो" (एफिसी १:२०-२२) ।

अहिले येशू स्वर्गमा परमेश्वरको दाहिने बाहुलीमा हाम्रा **प्रधान पुजाहारीको** रूपमा काम गरिरहनुभएको छ । "पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू खीष्ट । उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि" (१ यूहन्ना २:१,२) । येशूले मध्यस्थता गर्नु हुन्छ । "फलस्वरूप उहाँद्वारा **परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ** । किनभने **तिनीहरूका निम्ति मध्यस्थताको** प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब्रू ७:२५) । "उहाँ नै परमेश्वरका महिमाको प्रतिविम्ब र परमेश्वरके स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ । **पापको शुद्धि गर्नुभएपछि** महिमित परमेश्वको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो" (हिब्रू १:३) ।

**(ङ) येशू फेरी आउदै हुनुहुन्छ ।**

सबैलाई इन्साफ गर्न र उहाँलाई उत्सुकतासाथ पर्खिरहेकाहरूलाई **मुक्ति दिनको** निम्ति येशू फेरि आउँदै हुनुहुन्छ, (हिब्रू ९:२७,२८) । "सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो" (१ कोरिन्थी १५:२६) । अनन्तता शुरू हुनेछ । पावल भन्नुहुन्छ, "तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुँदा हरेक मानिसलाई उसको कामअनुसार दिनुहुनेछ...किनकि परमेश्वरले पक्षपात गर्नुहुन्न्" (रोमी २:५-११) । धर्मीहरू अनन्तको स्वर्गमा जानेछन् । दुष्टहरू दण्डको निम्ति फालिनेछ (मत्ती २५:४६) ।

२ पत्रुस ३:१० मा पत्रुसले हामीलाई भन्नुहुन्छ कि ब्रहमाण्डमा सुष्टि गरिएका सबै भौतिक चिजहरू "...तत्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएको सबै थोक भस्म हुनेछन् ।" त्यसपछिको अर्को पदमा पत्रुसले सोध्नुहुन्छ, "यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर **पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ**?" वरिपरिका





पदहरूमा **धार्मिकता, शान्ति, दागरहित, निर्दोष, स्थिरताको** साथै हाम्रा प्रभु र मुक्तिदाता येशू खीष्टको **अनुग्रह र ज्ञानमा बढ्दै जानुपर्छ भन्ने कुराहरू** उल्लेख गर्दछन् । हामी परमेश्वरको व्यवस्था र आज्ञाहरूमा **विश्वासयोग्य आज्ञाकारी** भएर मेहनतसाथ जीउनै पर्छ । हामी कहिल्यै पनि सिद्ध हुन सक्दैनौ । "आफ्नो निम्ति स्वर्गमा धन-सम्पत्ति थुपार" र "पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर" भनी येशूले हामीलाई भन्नुभएको छ (मत्ती ६:२०,३३) ।

येशूले शैतानको कामलाई कुल्चनुभयो । उहाँ पृथ्वीमा हराएकाहरूलाई खोज्न र बचाउन अनि हामीलाई जीउने उत्तम मार्ग सिकाउनको निम्ति आउनुभयो । हामीलाई पापबाट छुटकारा दिन उहाँ क्रूसमा मर्नुभयो यसरी हामीलाई आत्मिकी मृत्युबाट बचाउनु भयो । उहाँ मृत्युबाट पुनरूत्थान हुनुभयो यसकारण उहाँको आखिरी आगमनमा हामी शारीरिक मृत्युबाट पुनरूत्थान हुनेछौ भन्ने कुराको प्रमाणित हुन्छ । यसरी उहाँले शैतानको शारीरिक र आत्मिक मृत्युको शक्तिलाई कुल्चनुभयो । **हामीले आफ्नै निम्ति कहिल्यै गर्न नसक्ने कुरा येशूले गर्नुभयो** ।

जसले आफैलाई येशूमा विश्वासयोग्य आज्ञाकारी बनाएका छन, तिनीहरूको निम्ति यो महान सन्देश हो । "स्याबास, **असल र विश्वासी नोकर !...तँ आफ्ना मालिकको खुशीमा सहभागी हो**" (मत्ती २५:२१) । यो तिनीहरूको निम्ति खराब सन्देश हो, "परमेश्वरलाई **नचिन्नेहरूलाई** र हाम्रा प्रभु येशूको सुसमाचार **नमान्नेहरूलाई** उहाँले दण्ड दिनुहुन्छ । तिनीहरूले **अनन्त विनाशको दण्ड** तथा प्रभुको उपस्थिति र उहाँका शक्तिको महिमाबाट अलग हुने दण्ड भोग्नेछन्" (२ थेसलोनिकी १:८,९) ।

नयाँ करारमा प्रेरणापाए अनुसारका अर्ती, निर्देशन र आज्ञाहरूको **सत्यता** अनुसार हरेक पापी मानिसहरू येशू खीष्टको मुक्तिमा आउनै पर्छ । **"बाटो, सत्य र जीवन** म नै हुँ । **मद्धारा बाहेक** कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६) । जब तपाईले येशूलाई इन्साफमा सामना गर्नुहुनेछ त्यतिवेला मानिसहरूका परम्पराहरू र स्पष्टरूपमा भिन्नै देखिने आजको धार्मिक सम्प्रदाय समुहहरूको शिक्षाले तपाईको निम्ति के उत्तम कुरा गर्नेछन्? परमेश्वरको सत्यता र येशूका वचनहरू दुई हजार वर्ष पहिले दिइएको थियो । **ईश्वरी सत्यताको** निम्ति धर्मशास्त्र दिनहुँ खोज्नुहोस् । मानिसका परम्पराहरू र झूटा शिक्षा चिन्नको निम्ति तपाईले सत्यता जान्नै पर्छ ।

"तिमीहरू **मेरो वचनमा रहयौ** भने तिमीहरू साँच्चै मेरा चेला हौ । तब तिमीहरूले **सत्य के हो सो जान्नेछौ**, र **सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ**" (यूहन्ना ८:३१,३२)

**हो...होइनः** *शैतानलाई कुल्चन सक्ने शक्ति केवल येशूमा मात्र भएको हुनाले, तपाईको जीवनमा शैतानलाई कुल्चन सक्ने शक्ति पाउनको लागि के तपाईले येशूको आज्ञापालन गर्नुहुन्छ?*

## अध्याय ११ः **परमेश्वरको अनुग्रह वा मानिसहरूका धर्महरू**

येशूले भन्नुभयो, "किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो" (यूहन्ना ३:१७) । "परमेश्वरको अनुग्रह जसले मुक्ति ल्याउँदछ" त्यो सबै मानिसहरूको निम्ति कहिले र कसरी प्रकट भयो (तीतस २:११)? येशूको जन्म, जसमा उहाँको जीवन र शिक्षा सम्लग्न हुन्छन र उहाँको मृत्यु, गडाई, र चिहानबाट पुनरूथान भएकोमा पूर्ण हुन्छन् । जब हामी बेसाहारा, अधर्मी, पापी, र शत्रु छँदै परमेश्वरले आफ्नो अनुग्रह हामीमाथि खन्याउनुभयो तब खीष्ट हाम्रो निम्ति मर्नुभयो (रोमी ५:८-१०) । एफिसी २:१-१० मा परमेश्वरको अनुग्रहको कथालाई छोटकरीमा वर्णन गरेको छः

"तिमीहरू आफ्ना अपराध र पापहरूमा मरेका बेलामा...शरीर र मनका इच्छा"
"परमेश्वर...जो कृपामा धनी हुनुहुन्छ...महान प्रेमद्धारा...हामीलाई खीष्टसँगै जीवित पार्नुभयो"
"उहाँसँग हामीलाई उठाउनुभयो...स्वर्गीय स्थानहरूमा खीष्ट येशूसँग बसाल्नुभयो"
"अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ...परमेश्वरको वरदान"
"असल कामहरूका निम्ति खीष्ट येशूमा सृजना गरिएका...हामी तीबमोजिम हिँडौं"

| | | |
|---|---|---|
| मुक्तिः | परमेश्वरको भाग | परमेश्वर र येशूको प्रेम, कृपा, र अनुग्रह |
| | हाम्रो भाग | हाम्रो विश्वास र आज्ञाकारिता |

इस्राएलीहरूले आफ्नै धार्मिक परम्पराहरू सयौ वर्षसम्म पछ्याए । परमेश्वरले तिनीहरूलाई चेताउनी दिनको निम्ति धेरै अगमवक्ताहरू पठाउनुभयो । इस्रायल र यहूदालाई हराउनको निम्ति बिदेशी राष्ट्रहरू पठाइकन तिनीहरूलाई कैद गराएर परमेश्वरले तिनीहरूलाई सजाँय दिनुभयो ।

येशूको समयका यहूदीहरूमा पनि गलत दिशामा डोऱ्याएका धार्मिक अगुवाहरू थिए । येशूले तिनीहरूलाई दोष दिनुभयो र तिनीहरूलाई कपटी भन्नुभयो । आधुनिक मानव निर्मित धर्महरूमा अलमल्ल परेर हराइरहनु भएको जो कोही पनि परमेश्वरको दृष्टिकोणमा व्यर्थका छन् भनी आज पनि येशूले भनिरहनुभएको छ (मर्कूस ७:६-९) ।

पुरानो र नयाँ करारमा झूटा शिक्षकहरूको बिषयमा धेरै भनिएका छन् जो बाहिरी रूपमा निकै धार्मिक देखिन्छ तापनि तिनीहरू जसले हत्या गर्ने, चोरी गर्ने, झूटो बोल्ने र अनैतिक सम्वन्ध राख्छन् । धेरै मानिसहरू निकै धार्मिक देखिन्छ । एथेन्समा भएका मूर्तिपूजकहरूको निम्ति पनि यो सही थियो (प्रेरित १७) । धेरै देवी-देवताहरूलाई मान्ने मूर्तिपूजकहरूको निम्ति पनि यो आज सही छ । मण्डलीमा अगुवाहरूको रूपमा देखा पर्ने झूटा शिक्षकहरूको निम्ति पनि यो सही हो (मत्ती ७:१५; प्रेरित २०:२९) । "ओठको सेवा" वा "प्रभु प्रभु" भनी पुकार्ने, तर परमेश्वरले सोध्नुभएका सबै कुराहरू गर्न इन्कार गर्नेहरूबारे येशूले हामीलाई निरन्तर चेतावनी दिनुहुन्छ । यदि तपाईले **दश वटा प्रश्नहरू** चर्चित बीसवटा सम्प्रदाय मण्डलीहरूका अगुवाहरूलाई सोध्नुभयो भने तपाईले बृहतरूपमा **विविध उत्तरहरू**



खीष्टियानिटिका आधारभूत सत्यताहरु

पाउनुहुनेछ । येशूले त्यसलाई निन्दा गर्नु हुन्छ । यसलाई पाप भनिन्छ । नयाँ करारमा अभिलेख गरे अनुसारको खीष्टको मण्डलीका खीष्टियान अगुवाहरू र प्रेरितहरूमा यस्तो कहिल्यै भएको थिएनन् ।

"तिमीहरू विश्वासमा दह्रिला छौ कि छैनौ भनी आफैले आफैलाई जाँचेर हेर" (२ कोरिन्थी १३:५) । "प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै झूटा अगमवक्ताहरू यस संसारमा निस्केका छन्" (१ यूहन्ना ४:१) । यूहन्नाले भन्नुभयो कि धेरै **खीष्ट विरोधीहरू** (झूटा शिक्षकहरू) निस्केका छन् र तिनीहरू हामीबाट निस्केर गए (१ यूहन्ना २:१८,१९) । **खीष्ट विरोधी** भविष्यमा आउने कोही व्यक्ति होइनन् । हरेक झूटा शिक्षकहरू आज खीष्ट विरोधी हुन् ।

### के हामीले हाम्रो विश्वास बाइबलमा गएर प्रमाणित गर्न सक्छौ?

"नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, **किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे** । यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ" (२ थेसलोनिकी २:१०-१२) ।

धार्मिक यहूदीहरूले परमेश्वरमाथि विश्वास गरे तर परमेश्वरका अगमवक्ताहरू लगायत परमेश्वरको पुत्र येशूलाई इन्कार गरे । किनभने तिनीहरूले **सत्यताको निम्ति प्रेम** गुमाएका थिए, परमेश्वरले तिनीहरूलाई **भ्रममा पर्न** र **झूटालाई विश्वास गर्न** छोड्दिनुभयो । आजको हाम्रो धार्मिक संसारमा हामीसँग जे छ यो सुन्दा उस्तै लाग्छ । रोमी २:२८ मा पावल भन्नुहुन्छ, "बाहिरी रूपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइन...।" आज हामीमा पनि त्यस्तै अवस्था छन् । खीष्टियान हौ भनी दावा गर्ने समूहहरूले सोच्नै पर्छ कि सिधा मार्गले स्वर्गको साँघुरो ढोकालाई पछ्याइरहेका हुन्छन् र येशू भन्नुहुन्छ "त्यो भेट्टाउने थोरै नै हुन्छन्" (मत्ती ७:१३,१४) । परमेश्वरको वचनको ज्योतिमा हामी आफैले आफैलाई जाँच्नुपर्छ ।

"यहाँका यहूदीहरू...बढी भला थिए किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र **ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे**" (प्रेरित १७:११) । "**सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने**" लक्ष्य सहित परमेश्वरको वचनलाई मेहनतकासाथ अध्ययन गर्न पावलले हामीलाई अर्ती दिनुहुन्छ (२ तिमोथी २:१५) । के तपाईले मण्डलीको प्रचारक, पास्टर, वा मण्डलीको अगुवाले भन्नुभएको कुरा विश्वास गर्नुहुन्छ...अथवा...**के तपाईले सत्यताको निम्ति परमेश्वरको वचनलाई निरन्तररूपमा खोज्नुहुन्छ** ? जसले परमेश्वरको सर्त अनुसार उहाँको अनुग्रहलाई स्वीकार गर्नुहुन्छ, तिनीहरूमा आशा हुन्छन् । "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, **उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो**" (यूहन्ना १:१२) । जब तपाईले येशूलाई ग्रहण गर्नुहुन्छ र उहाँको नाउँमाथि विश्वास गर्नुहुन्छ, तपाईले परमेश्वरको सन्तान हुने अधिकार पाउनु भएको

छ । परमेश्वरको पवित्र वचनद्वारा अभिप्रेरित गरिएको सुसमाचारको आज्ञापालनद्वारा तपाई पिता, पुत्र र पवित्र आत्मासँगको करार सम्वन्धमा आउन सक्नुहुन्छ । जो विश्वासयोग्य भएर उहाँको सुसमाचारमा आज्ञापालन गर्छन्, परमेश्वरले तिनीहरूलाई पापको क्षमा र मुक्ति सितैमा उपहारको रूपमा दिनुहुन्छ ।

**हो...होइनः** *परमेश्वर र येशूले हाम्रो उद्धार मुक्तिको निम्ति धेरै काम गर्नुभएको हुनाले, के तपाईको मुक्तिको निम्ति उहाँहरूका अर्तीहरूलाई परिवर्तन गरी अझै पनि बचाइन्छ भनेर सोच्नु हुन्छ?*

## अध्याय १२ः **परमेश्वरसित करारको सम्वन्ध स्थापना गर्ने**

धेरै पल्ट नयाँ करारमा, **"ख्रीष्टमा"** भन्ने वाक्यांश प्रयोग भएको छ, यसले परमेश्वरसँग **आत्मिक करारको सम्वन्ध** रहेकाहरूलाई वर्णन गरिन्छ । शरीरमा हुनु, मण्डलीमा हुनु भने जस्तै हो किनभने मण्डली भनेको ख्रीष्टको शरीर हो (कलस्सी १ः१८) । "उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ । उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ" (कलस्सी १ः१३,१४) । विश्वास र आज्ञापालनद्वारा जब हामीलाई शैतानको राज्यबाट बाहिर निकालेर येशू ख्रीष्टको राज्यभित्र (मण्डलीमा) राखिन्छ, तब मात्र करारको सम्वन्ध स्थापना हुन्छ ।

**स्वर्गको राज्य = उहाँको प्रिय पुत्रको राज्य = ख्रीष्टको मण्डली**

ख्रीष्ट शरीरको (मण्डली) **शिर** हुनुहुन्छ । येशू शिर हुनुभएकोले सबैकुराको नियन्त्रण गर्नुहुन्छ । येशूले इच्छा गर्नुहुन्छ कि उहाँको सत्यताले हाम्रो जीवनलाई नियन्त्रण गरोस् र हाम्रा सबै विश्वास र व्यवहारलाई डोऱ्याउने केन्द्र बिन्दु होस् । हामी शरीरका सदस्यहरू भएको हुनाले यो करारको सम्वन्धमा हामी येशको अधीनमा रहनु पर्छ । "ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ...बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो" (२ कोरिन्थी ५ः१४,१५) ।

ख्रीष्टियान भइसकेपछि हरेक **आत्मिकी आशिषहरू** पाउनको निम्ति हामी **"ख्रीष्टमा"** हुनैपर्छ । बाइबलले भन्दछ, "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरूमा **हरेक आत्मिक आशिष्ले ख्रीष्टमा** आशीर्वाद दिनुभएको छ" (एफिसी १ः३) । हामी ख्रीष्ट बाहिर भएर केवल ख्रीष्टमा मात्र पाइने आशिषहरूको अपेक्षा गर्न सक्दैनौ । परमेश्वरको आज्ञाहरू के के हुन् जसले हाम्रो पापको कारणले गर्दा उहाँसँग रहेको विभाजनको अन्त्य गर्छ, हामीलाई "अन्धकारको राज्यबाट" हटाउँछ, र उद्धार भएको परमेश्वरसँगको करार सम्बन्धमा हामीलाई राख्छ ।





## कसरी र कहिले हामी "ख्रीष्टमा" हुन्छौ?

**येशू**
शिर

| | ***ख्रीष्टमा*** | | |
|---|---|---|---|
| ख्रीष्ट बाहिर | | | ख्रीष्ट बाहिर |
| | **आत्मिकी आशिषहरू** | एफिसी १ः३ | |
| | **छुट्कारा** | एफिसी १ः७ | |
| कुनै | **पाप क्षमा** | एफिसी १ः७ | कुनै |
| आत्मिक | **नयाँ सृष्टि** | २ कोरिन्थी ५ः१७ | आत्मिक |
| आशिषहरू | **अनन्त जीवन** | १ यूहन्ना ५ः११ | आशिषहरू |
| छैनन् । | **कुनै दोष छैन** | रोमी ८ः१ | छैनन् । |
| | **धार्मिकता** | | |
| | **शुद्धता** | १ कोरिन्थी १ः२ | |
| हराएका | **मुक्ति** | २ तिमोथी २ः१० | हराएका |

**ख्रीष्टमा मात्र भएका सबै आत्मिक आशिषहरू कसरी प्राप्त गर्न सकिन्छ?**

यसको उत्तर बाइबलमा पाउँछौ । बाइबलको जवाफ स्पष्ट छ र हाम्रो मुक्तिको निम्ति आवश्यक छ । हामीले उत्तरलाई स्वीकार गर्न इच्छुक हुनुपर्छ र त्यसलाई हाम्रो जीवनमा सही तरिकाले प्रयोग गर्नुपर्छ । हामीले **बाइबलका अर्तीहरूलाई विनम्र र आज्ञाकारीताकासाथ पालना** गर्नैपर्छ । येशूले क्रूसमा दिनुभएको बलिदानले प्रमाणित गर्छ कि आफ्नो प्रेम र अनुग्रहद्वारा भएर परमेश्वरले सबै मानिसहरूलाई येशूमा बोलाउनुहुन्छ । "...कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३ः९) । "किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ" (तीतस २ः११) ।

क्रूसको सामना गर्नुहुँदा येशूले प्रार्थना गर्नुभयो, "**मैले इच्छा गरेबमोजिम होइन, तर तपाईले इच्छा गर्नुभएबमोजिम होस्**" (मत्ती २६ः३९) । हामीमा उहाँको स्वभाव हुनैपर्छ । परमेश्वरसँगको करार सम्वन्धमा आउन हामीले हाम्रा आफ्नै अवस्थाहरू रोज्न सक्दैनौ वा मानिसहरूका शुत्रहरूलाई पछ्याउन सक्दैनौ ।

**हो...होइनः** *सम्पूर्ण आत्मिकी आशिषहरू लगायत मुक्ति "ख्रीष्टमा" पाइने भएकोले, के मानिसका शिक्षा र परम्पराहरूलाई पछ्याएर तपाई अनन्त जीवनको स्वर्गबाट बञ्चित हुनुहुन्छ?*

## खण्ड तीनः
## परमेश्वरको अनुग्रह प्राप्त गर्नु

"भाइ हो, मैले तिमीहरूलाई **प्रचार** गरेको **सुसमाचार** म तिमीहरूलाई याद दिलाउन चाहन्छु, जुन सुसमाचार **तिमीहरूले ग्रहण गऱ्यौ**, र जसमा तिमीहरू **स्थिर** रहन्छौ । यस सुसमाचारद्वारा तिमीहरूको **उद्धार** भएको छ, यदि त्यसमा तिमीहरू अटल रहयौ भने, नत्रता तिमीहरूले व्यर्थैमा विश्वास गऱ्यौ । किनभने मैले जे पाएं त्यसैलाई **सबैभन्दा मुख्य** विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार **ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो** । उहाँ **गाडिनुभयो**, र पवित्र धर्मशास्त्र अनुसार तेस्रो दिनमा उहाँ **पुनर्जीवित** पारिनुभयो" (१ कोरिन्थी १५:१-४) ।

**सुसमाचारः** यदि तपाईलाई प्रचार गरेको कुरालाई ग्रहण गर्नुभयो, विश्वास गर्नुभयो, दृढ भएर थामिराख्नु हुन्छ भने तपाईको उद्धार हुन्छ ।
**प्रथम महत्वपूर्ण :** येशू ख्रीष्टको मृत्यु...गडाइ...र...पुनरूथान ।

मुक्तिको सुसमाचारको सन्देशको केन्द्र विन्दु ख्रीष्टको मृत्यु, गडाई, र पुनरूत्थान हो । यी घटनाहरूका **प्रथम महत्वपूर्ण** सत्य कुरामा पुनरूत्थान पनि सम्लग्न भएको छ भनी पावल भन्नुहुन्छ । **यदि पुनरूथान नभएको भए मुक्तिसँग सम्वन्धित सबैथोक झूटो र व्यर्थको हुन्छ** (१ कोरिन्थी १५:१४-१९) ।

परमेश्वरको प्रेम, अनुग्रह, र कृपाको साथै येशूको मृत्यु, गडाई, र पुनरूथानले सबै मानिसहरूमा मुक्ति ल्याएको छ (तीतस २:११; यूहन्ना ३:१६) । तापनि, सबै मानिसहरूले मुक्ति पाउने छैनन् । इमान्दार धार्मिक मानिसहरू जसले आफुलाई ख्रीष्टियान हो भन्छन, जब तिनीहरूले विभिन्न सम्प्रदाय मानिसहरूका शिक्षालाई अपनाउँछन् भने तिनीहरू "व्यर्थमा विश्वास गर्छन् ।" ख्रीष्ट र प्रेरितहरूद्धारा प्रचार गरिएको सत्यतामा आज्ञाकारी विश्वासयोग्य हुँदै तपाई मानिसका परम्पराहरूलाई पछ्याउन सक्नुहुन्न् ।

### अध्याय १३ः नयाँ करार र व्यवस्था

क्रूसमा येशूको मृत्यु, चिहानमा उहाँको गडाई, र चिहानबाट उहाँको पुनरूथानले मानिससित नयाँ करार स्थापना भयो । मोशालाई दिइएको व्यवस्थाबारे कुरा गर्दा, पावलले हामीलाई भन्नुहुन्छ कि येशूले, "हाम्रो विरूद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरूलाई **क्रूसमा कीला ठोकी** रद्द गरिदिनुभयो" (कलस्सी २:१४) ।

मोशालाई दिइएको व्यवस्थाको उद्धेश्य येशूले पुरा गर्नुभयो । "तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं । विश्वासद्धारा हामी धर्मी ठहरिन सकौं भनेर **व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने** जिम्मा दिइयो । तर अब विश्वास आएको हुनाले अब **उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं**"



ख्रीष्टियानिटिका आधारभूत सत्यताहरू

(गलाती ३:२३-२५) । यर्मिया ३१:३१ ले प्रतिज्ञा गर्दछ कि परमेश्वरले **"एउटा नयाँ करार स्थापना"** गर्नुहुनेछ । हिब्रू ८ ले हामीलाई भन्दछ कि यर्मिया ३१:३१ को वचन पुरा भएको छ ।

येशू "उत्तम करारको मध्यस्थता हुनुहुन्छ" (हिब्रू ८:६) ।
येशूले "पहिलालाई पुरानो तुल्याउनुभयो....त्यो लोप भएर जानेछ" (हिब्रू ८:१३) ।
"किनकि साँढे र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ" (हिब्रू १०:४) ।
ख्रीष्टियानहरू, "येशू ख्रीष्टका शरीरको बलिद्धारा सदाको निम्ति पवित्र बनाइएका" छन् (हिब्रू १०:१०) ।
"जहाँ यी सबैको क्षमा हुन्छ, त्यहाँ अब फेरि पापको निम्ति कुनै बलि छैन" (हिब्रू १०:१८) ।

**मोशालाई दिइएको व्यवस्थाको आज कुनै अधिकार छैन!**

**हो...होइनः** *यदि पुरानो करारको व्यवस्था अझै पनि लागु हुने हो भने, के तपाईले आज पशु बलिदान चढाउने र खतना गर्नुपर्दैन्थ्यो?*

### अध्याय १४ः नयाँ व्यवस्थाको स्थापना

ख्रीष्टियानहरू, "विश्वासद्वारा सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ" (गलाती ३:२६) । मोशालाई दिएको व्यवस्थाको अधिनमा यो सम्भव थिएनन् । नयाँ नियमले नयाँ करार वा नयाँ व्यवस्थालाई बुझाउँछ । पावल भन्नुहुन्छ, "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ" (रोमी ८:२) । याकूब १:२५ ले ख्रीष्टियानहरूका निम्ति लेखिएको व्यवस्थालाई "स्वतन्त्रता दिने शुद्ध व्यवस्था" भनियो । "ख्रीष्टको व्यवस्था पूरा गर" भनी पावलले हामीलाई अर्ती दिनुहुन्छ, (गलाती ६:२) ।

पावलले गलातीहरूका निम्ति पत्र लेखेको थियो किनभने मोशालाई दिइएको पुरानो व्यवस्थाका केही भागतर्फ ख्रीष्टियानहरू पछाडि फर्किरहेका थिए । यी ख्रीष्टियानहरू आफ्ना उद्धार गुमाउने खतरामा परेका छन् । तिनीहरूको अवस्थाको गम्भिरताले पावललाई कठोर भाषामा बोल्नुपर्ने बनायो ।

"मलाई आश्चर्य लागिरहेछ, कि ख्रीष्टको अनुग्रहमा तिमीहरूलाई बोलाउनुहुनेलाई यति चाँडै **त्यागेर** तिमीहरू भिन्न सुसमाचारतिर लागिरहेछौ" (गलाती १:६) । "हामीले **प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गऱ्यो** भने पनि त्यो व्यक्ति श्रापित होस्" (गलाती १:८,९) । "हे **मूर्ख** गलाती हो, कसले तिमीहरूलाई मोहनी लाएर **वशमा** पाऱ्यो?" (गलाती ३:१) । यदि मोशाको व्यवस्थाको कुनै एउटा भागलाई तपाई पालन गर्न चाहनुहुन्छ भने तपाई, "सम्पूर्ण व्यवस्था पालन गर्न त्यो बाध्य हुन्छ । तिमीहरू जो व्यवस्थाद्वारा धर्मी ठहरिन चाहन्छौ,

तिमीहरू **ख्रीष्टबाट अलग्ग** भएका छौ । तिमीहरू **अनुग्रहबाट तल खसेका** छौ" (गलाती ५:३,४) । ख्रीष्टियानहरू परमेश्वरको अनुग्रहबाट खस्न र ख्रीष्टबाट अलग हुन सम्भव छन् । ख्रीष्टियानहरूले आफ्नो मुक्ति गुमाएर नरकमा अनन्तता बिताउन सम्भव छन् ।

**मोशालाई दिइएको व्यवस्थाको आज कुनै अधिकार छैन ।**
**नयाँ नियमा पाइएको केवल एउटै व्यवस्थासँग आज अधिकार छ ।**
**विश्वासका लेखहरू, मानव निर्मित लेखहरू र मानिसका परम्पराहरूलाई दोष दिइएका छन् ।**

**हो...होइनः** *ख्रीष्टसँगको करार सम्बन्धमा आउनको निम्ति, के परमेश्वरले आज्ञा गर्नुभएका ती कुराहरूलाई तपाईले पालन गर्नैपर्छ?*

अध्याय १५ः **अनुग्रहप्रति प्रतिक्रिया**

**अनुग्रहः "परमेश्वरको निगाह...हामीले पाउनको निम्ति अयोग्य भएको ।** हाम्रो पापको समस्या र आत्मिक मृत्युबाट छुट्कारा दिन परमेश्वरले हामीलाई प्रेमद्वारा निमन्त्रणा गर्नुहुन्छ । यूहन्ना १:१७ ले भन्दछ कि "**अनुग्रह र सत्यताचाहिँ** येशू ख्रीष्टद्वारा आए ।" "किनकि सबै मानिसहरूका **मुक्तिका** निम्ति **परमेश्वरको अनुग्रह** प्रकट भएको छ, जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालिम दिन्छ" (तीतस २:११,१२) । **अनुग्रहः** परमेश्वरको प्रेमिलो उपहार जुन हामीले कहिल्यै कमाउन सक्दैनौ वा हामी पाउन अयोग्य छौ ।

परमेश्वर र ख्रीष्टको प्रेमबारे हामी कतिको बेकम्मा थियौ भनेर पावलले हामीलाई रोमी ५:६-११ मा भन्नुहुन्छ । यो **अनुग्रह...कृपा...प्रेम...र बलिदान** हो ।

हामी "बेसाहारा...अधर्मी...पापीहरू...शत्रुहरू" हौ ।
"परमेश्वरले आफ्नो प्रेम देखाउनुभयो...ख्रीष्ट हाम्रो निम्ति मर्नुभयो ।"
पापीहरू "उहाँको रगतद्वारा धर्मी ठहरिएका...परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइएका" छन् ।
पापीहरू "परमेश्वरसँग मेलमिलाप भएका"...उहाँका पुत्रको मृत्यु...उहाँको जीवनद्धारा बचाइएका" छन् ।
क्षमा पाएका र बचाइएको "हाम्रा प्रभु येशू ख्रीष्टद्धारा परमेश्वरमा हामी रमाउँदै पनि छौं ।

परमेश्वरको कृपा र अनुग्रहलाई पनि एफिसी २:४-८ मा वर्णन गरिएको छ ।
"परमेश्वर जो कृपामा धनी हुनुहुन्छ...उहाँको महान प्रेम"
"हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो- अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ"
"उहाँसँग हामीलाई उठाउनुभयो...अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो"
"किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ... परमेश्वरको वरदान हो"

हामीले उहाँलाई प्रेम गर्नु अगाडि परमेश्वरले हामीलाई प्रेम गर्नुभयो (१ यूहन्ना ४:१०,१९) ।

हामीले मुक्ति कमाउन वा पाउन अयोग्य भएता पनि परमेश्वरले हामीबाट यसको प्रतिक्रिया चाहनुहुन्छ । त्यो प्रतिक्रिया **विश्वास हो** जसले **आज्ञापालनतर्फ** डोऱ्याउँदछ ।

"अनुग्रहबाट **विश्वासद्वारा** तिमीहरूले उद्धार पाएका छौ" (एफिसी २:८) ।
"**असल कामहरूका** निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका...हामी **ती बमोजिम हिँडौं**" (एफिसी २:१०)
"यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर...उहाँद्वारा हामीले यस अनुग्रहमा **विश्वासद्वारा प्रवेश पाएका** छौ.." (रोमी ५:१,२) ।
"**उहाँको आज्ञापालन** गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो" (हिब्रू ५:९) ।

परमेश्वरको अनुग्रहमा हाम्रो पापको निम्ति ख्रीष्टले दिनुभएको बलिदान समावेश गरिएको छ । "ख्रीष्ट येशूमा भएको आत्माको व्यवस्था" लाई विश्वासयोग्य भएर आज्ञाकारिताद्धारा हामी अनुग्रह पाउँछौं (रोमी ८:२) । "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् । स्वर्गमा हुनुहुने **मेरा पिताको इच्छा पालन गर्ने** मानिस मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ" (मत्ती ७:२१) ।

३०० भन्दा बढी सम्प्रदायहरू र आफुलाई ख्रीष्टियान भनेर दावी गर्ने प्रत्येक मानिस जसले "प्रभु, प्रभु" भन्दछन, जब तिनीहरूले फरक शिक्षाहरूमा विश्वास गर्दछन, सिकाउँदछन र अभ्यास गरिरहेका छन् भने के तिनीहरूले **"मेरा पिताको इच्छा पालन"** गरिरहेका हुन्छन्? "प्रभु, प्रभु" भन्नु "ओठले मात्र आदर गर्छ" भन्नु उस्तै हो र यसलाई "तिनीहरूले व्यर्थमा मेरो उपासना" गर्छन भनेर चिनिनु जस्तै हो (मर्कूस ७:६-८) । जब हामी मानिसहरूका परम्पराहरूलाई पछयाउँछौ, तब यसले हामीलाई "परमेश्वरको आज्ञालाई टारिदिन" बाध्य गराउँछ (मर्कूस ७:९) ।

**अनुग्रहप्रति प्रतिक्रिया देखाउनको निम्ति विनम्र आज्ञापालन चाहिन्छ ।**

**हो...होइनः** *तपाईको मुक्तिको निम्ति परमेश्वरले प्रेमपूर्वक अनुग्रहलाई विस्तार गर्नुभएको हुनाले, यदि तपाईले उहाँका आज्ञाहरूलाई पालना गनुभएन भने के तपाईको उद्धार हुन्छ भनी तपाई सोच्नुहुन्छ ?*

अध्याय १६ः **अनुग्रहले कार्य गर्दछ ।**

पावलको भनाई अनुसार विश्वासले कार्यको माग गर्छ, "हाम्रा परमेश्वर

पिताको सामुन्ने हाम्रा प्रभु येशू ख्रीष्टमा तिमीहरूका विश्वासको **काम**, प्रेमको **परिश्रम** र आशाको धैर्य निरन्तर सम्झन्छौं" (१ थेसलोनिकी १:३) । "...हाम्रा परमेश्वरले तिमीहरूलाई योग्य बनाऊन्, र हरेक असल उद्देश्य र विश्वासको कामलाई उहाँको शक्तिद्वारा पूर्ण गरिदेऊन्" (२ थेसलोनिकी १:११) ।

अनन्त जीवनसम्म रहने कुरालाई काम गर्नु भनी येशूले हामीलाई आज्ञा दिनुभयो "...परमेश्वरका काम यही हो जसलाई उहाँले उठाउनुभयो उहाँमाथि विश्वास गर.....मलाई पठाउनुहुनेका कामहरू हामीले दिन छँदै गर्नुपर्छ" (यूहन्ना ६:२६-२९; ९:४) । उसले गरेको कार्य वा कामद्वारा प्रत्येक व्यक्तिलाई परमेश्वरले इन्साफ गर्नुहुनेछ (रोमी २:४-११; प्रकाश २०:११-३) ।

परमेश्वरको सितैंको वरदान हामीले **विश्वासको आज्ञापालनाद्वारा** प्राप्त गर्छौ । यदि उसले परमेश्वरको प्रेमलाई इन्कार गर्छन भने अनुग्रहबाट उसको उद्धार भएको हुँदैनन् । येशूले भन्नुभयो, "तिमीहरूले मलाई प्रेम गर्छौ भने **मेरा आज्ञाहरू पालन गर्नेछौ**" (यूहन्ना १४:१५) । येशूले यो पनि भन्नुभयो, "म तिमीहरूलाई **जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने**, तिमीहरू मेरा मित्र हौ" (यूहन्ना १५:१४) । परमेश्वरको अनुग्रहले हामीलाई परमेश्वरको राज्यको निम्ति प्रशस्त मेहनत गर्न अगुवाई गर्छन भनी पावलले भन्नुहुँदा उहाँ स्पष्ट र विशिष्ट हुनुहुन्छ (१ कोरिन्थी १५:१०) ।

याकूब २:१४-२६ ले विश्वास, काम र आज्ञापालना बारेको सम्वन्धमा कुनै शंकाको स्थान छोडेको छैनन् । "के कामविनाको विश्वासले त्यसलाई बचाउन सक्छ र?...विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो...कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउने छु...कामविनाको विश्वास व्यर्थ हुन्छ...कामद्वारा नै विश्वास पूर्ण भएको थियो ...कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ विश्वासद्वारा मात्र होइन...विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ ।"

हामी **ख्रीष्टमा** छौ भनी हामीलाई कसरी थाहा हुन्छ? "**उहाँका आज्ञाहरू पालन गर्‍यौं** भने यसैबाट हामी थाहा पाउन सक्छौ, कि हामी उहाँलाई चिन्दछौं । जसले "म उहाँलाई चिन्छु" भन्छ, तर **उहाँको आज्ञाहरू उल्लघंन गर्छ, त्यो भूटो हो**...जसले उहाँको वचन पालन गर्छ...**उहाँमा छौ भन्ने कुरामा यसैबाट निश्चित हुन्छौ**" (१ यूहन्ना २:३-५) ।

**हो...होइनः** *यदि तपाईको विश्वासले उहाँको इच्छाहरू अध्ययन गरेर जान्न र उहाँका अर्तीहरू पालन गर्न प्रोत्साहन गर्दैनन् भने तपाईको उद्धार हुनेछन् भनी के तपाई सोच्नुहुन्छ? (पढ्नुहोस् २ थेसलोनिकी १:८,९)*

## खण्ड चारः
## सुसमाचारको आज्ञापालन

उहाँको अनुग्रहप्रति हामीले प्रतिक्रिया दिनको निम्ति हामीले परमेश्वरको वचन, सर्तहरू र आज्ञाहरू **जान्नु** र **बुझ्नु आवश्यक** छ । हाम्रो **विश्वास**, परमेश्वरको सत्यताको सही ज्ञानमा आधारित भएर, हाम्रो **आज्ञापालन**सँग जोडिएरमात्र, यसद्वारा हामीले हाम्रो अनन्त जीवन कहाँ बिताउनेछौं भन्ने कुरा निर्धारण हुनेछ ।

होशे ४:६: "मेरा प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन्...।"

रोमी १०:१७: "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।"

२ तिमोथी २:१५: मेहनतकासाथ अध्ययन गर्नुहोस..."सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने ।"

प्रेरित १७:११: "...ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे" ।

२ पत्रुस १:२०,२१: "...पवित्र धर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन ।"

### अध्याय १७: **सुसमाचारको पालना**

जसले (१) **परमेश्वरलाई चिन्दैनन्** र (२) हाम्रा प्रभु येशू ख्रीष्टको **सुसमाचार पालन** गर्दैनन्, ती मानिसहरूको भाग्य के होला? (२ थेसलोनिकी १:६-९)

| | |
|---|---|
| (१) बलिरहेको आगोसित | पिडा |
| (२) अनन्त विनाशको दण्ड | दुःख, कष्ट |
| (३) परमप्रभुको उपस्थितिबाट ताढा हुने | नरकमा अनन्तता |

यदि कसैले **सुसमाचार पालना गर्दैन** भने उसको **उद्धार हुन सक्दैनन्** भनी पावलले भनिरहनुभएको छ । हरेक ख्रीष्टियान जीवनको जग नै सुसमाचार (येशूको मृत्यु, गडाई, र पुनरूत्थान) हो । येशूले आफ्ना चेलाहरूलाई महान आज्ञामा, "सारा सृष्टिलाई सुसमाचार प्रचार गर" भन्नुभयो (मर्कूस १६:१५) ।

पत्रुसले यो प्रश्न सोध्नुभयो, "...परमेश्वरको सुसमाचार नमान्नेहरूको अन्त्य कस्तो होला?" (१ पत्रुस ४:१७) । जसले **सुसमाचार पालना गर्दैनन् तिनीहरूमा** अनन्त जीवनको मौका हुँदैनन् किनभने तिनीहरूले परमेश्वरको अनुग्रहको प्रतिक्रिया गरेका छैनन्, जुन येशूको पुनरूत्थानद्वारा थाहा दिइयो ।

**स्वर्गमा येशूसँग सहभागी हुनको निम्ति कसैले सुसमाचारलाई पालन गर्नै पर्छ ।**

**हो...होइनः** *उहाँको आज्ञा पालन नगरी के तपाई परमेश्वरको सन्तान र ख्रीष्टियान हुन सक्नुहुन्छ?*

### अध्याय १८: **सुसमाचार के हो?**

**सुसमाचार** शब्दको अर्थ **असल सन्देश** हो । **असल सन्देश** के हो? यो नयाँ नियममा येशूको शिक्षा हो जसले मुक्तितर्फ डोऱ्याउँछ । मर्कूस १६:१५-

१६ मा दिइएको सन्देश यही होः
(१) सुसमाचार प्रचार गरियो । मर्कूस १६:१५
(२) सुसमाचारलाई ग्रहण गर्दा विश्वासतर्फ डोऱ्याउँछ । मर्कूस १६:१६
(३) विश्वास बप्तिस्मासित जोडिदा परिणाममा मुक्ति आउँछ । मर्कूस १६:१६
पावलले यो सन्देशलाई १ कोरिन्थी १५:१-४ मा विस्तार गर्नुहुन्छ । हामीले हाम्रो विश्वासलाई परमेश्वरको सुसमाचारमा अटल राख्नुपर्छ । व्यर्थमा विश्वास गर्न सम्भव छ । व्यर्थको विश्वासले बचाउदैनन् ।

नोटः एक चोटीको उद्धार...सधैको उद्धार भन्ने मानिसको गलत शिक्षा हो ।

सुसमाचार नै **पहिलो महत्वपूर्ण** कुरा होः (१) ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो । (२) येशू चिहानमा गाडिनुभयो । (३) येशू मृत्युबाट पुनरूत्थान हुनुभयो ।

ख्रीष्टको मृत्यु, गडाइ, र पुनरूत्थानलाई **सुसमाचारको घटना** भनियो । । मृत्युबाट पुनरूत्थान हुनुभएकोमा येशू प्रथम व्यक्ति थिएनन । **मृत्युबाट जीवित पारिनु भएकोमा येशू पहिलो व्यक्ति हुनुहुन्थ्यो जो फेरि कहिलै मर्नु भएनन् ।**

ख्रीष्टियानहरू आत्मिक रूपमा पुन जन्मेका मानिसहरू हुन् । येशू जस्तै ख्रीष्टियानहरू महिमित आत्मिक शरीरमा पुनरूत्थान हुनेछन् । १ कोरिन्थी १५ अध्यायले ख्रीष्टियानहरूको बारेमा भनिएको छ, जो ख्रीष्टद्वारा भएर पाप र मृत्युमाथि विजय हासिल गरी आत्मिक अनन्तको शरीरमा पुनरूत्थान हुनेछन् । ख्रीष्टियानहरूको आत्मा स्वर्गमा सदाकाल जीवित हुनेछन् ।

**हो...होइनः** *तपाईलाई अनन्त जीवनको आशा दिनको निम्ति येशू तपाईको पापको निम्ति क्रूसमा मर्नुभयो, गाडिनुभयो र पुनजीवित पारिनुभयो के यो तथ्य सुसमाचार, असल सन्देश हो?*

## अध्याय १९ः **समस्याहरूको निम्ति सु-सन्देश**

हाम्रो निम्ति येशूको मृत्यु, गडाई, र पुनरूथान कसरी सु-सन्देश भयो? याद गर्नुहोस्, "..सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोमी ३:२३) । याद गर्नुहोस्, परमेश्वरबाट अलग हुनु नै पापको परिणाम हो (यशैया ५९:२) । जब हामीले पापबारे सोच्छौ तब हामीले मृत्युको बारेमा पनि सोच्नैपर्छ, "पापको ज्याला मृत्यु हो" (रोमी ६:२३) । हाम्रा दुईवटा महान समस्याहरूलाई याद गरौः
(१) **आत्मिक मृत्युः** व्यक्तिगत पापको कारणले गर्दा परमेश्वरबाट अलग हुँदा यो परिणाम आउँछ । सुसमाचारको घटनाहरूविना हामी "पाप र अपराधमा मरेका हुन्छौ" (एफिसी २:१) । हामी परमेश्वरसित **मेलमिलाप** हुनैपर्छ । **हाम्रा पापको निम्ति येशू** क्रूसमा **मर्नुभयो** । हामीलाई परमेश्वरमा फिर्ता लिएर जानको निम्ति उहाँ मर्नुभयो ।
(२) **शारीरिक मृत्युः** पापको परिणामले मृत्यु ल्याउँछ । आदमको पापको





परिणामको कष्ट सबै मानिसहरूले भोग्नु पर्छ । "किनकि जसरी आदममा सबै मर्दछन्, त्यसै गरी ख्रीष्टमा सबै जीवित पारिनेछन्" (१ कोरिन्थी १५:२२) । येशूले मृत्यलाई जित्नुभयो ।

जब उहाँ फेरि आउनुहुनेछ तब ती सबै जसले सुसमाचारलाई पालन गरेका छन् र **ख्रीष्टमा** भएकाहरूलाई पुनजीवित पारिनेछन् । अनन्तको घरमा प्रभुसँग रहनको निम्ति तिनीहरू जीवित पारिनेछन् । १ कोरिन्थी १५ अध्यायमा पावलको मूख्य बिन्दु नै यी सबै समस्याहरूमा तिनीहरूको उत्तर चिहानबाट पुनरूत्थान हुनुभएको येशू ख्रीष्ट र उहाँ स्वर्गमा फर्कनु भएकोमा छ भन्नु हो । जब हामी मृत्युबाट पुर्नजीवित भएर स्वर्ग जानेछौ तब हामीले शारीरिक मृत्यु र परमेश्वरदेखि अलग भएकोबाट विजय हासिल गर्नेछौ । **"परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहन्छ"** (१ कोरिन्थी १५:५७) ।

## अध्याय २०ः **सुसमाचारको आज्ञापालन**

याद राख्नुहोस् कि हामीले सम्पूर्ण **आत्मिकी आशिषहरू** पाउनु भन्दा अघि हामी **ख्रीष्टमा** आउनैपर्छ । **ख्रीष्टमा** आउनको निम्ति येशूको मृत्यु, गडाई, र पुनरूथान, **सुसमाचारको** घटनालाई हामीले कसरी **पालना** गर्नेपर्छ? हरेक व्यक्तिले परमेश्वरको अनुग्रहप्रति प्रतिक्रिया देखाउन अहिले के गर्नै पर्छ?

**विश्वास** नै मुक्तिको निम्ति जग हो । मुक्तिको पहिलो कदम नै विश्वास हो । तैपनि, "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ"

(रोमी १०:१७) । हामीले हाम्रा पापका समस्याहरूबारे र ती समस्याहरूका समाधान येशू ख्रीष्ट नै हुनुहुन्छ भन्ने कुरा पनि हामीले जान्नै पर्छ । यी कुराहरू येशको वचन सिकाएर वा **सुनाएर** आउँछ । यो बाइबल पढेर पनि आउँछ । विश्वास पहिलो कदम हो ।

बाइबलले भन्दछ, "विना**विश्वास** उहाँलाई **प्रसन्न** पार्नु असम्भव छ...जो परमेश्वरको नजिक आउँछ...त्यसले पक्का **विश्वास गर्नुपर्छ**" (हिब्रू ११:६) । तै पनि, त्यो पदको बाँकी कुराहरूले भनिएको छ, "...उहाँलाई **खोज्नेहरूलाई** उहाँले **प्रतिफल** दिनुहुन्छ" । साँचो **विश्वासको** कारणले हामीलाई परमेश्वर र उहाँका इनामहरू खोज्न लगाउँछ । विश्वास आवश्यक छ, यो पहिलो कदम हो, तर यो मात्र हाम्रो पूर्ण कथा वा हाम्रो पूर्ण जिम्मेवारी होइनन् ।

परमेश्वरको वचनको ज्ञान र परमेश्वरको पुत्रको रूपमा ख्रीष्टमा भएको विश्वासले हामीलाई पापको दोषी बनाउनेछन् । दोषी पापीहरूले परमेश्वरसँगको आफ्नो सम्बन्ध परिवर्तन गर्न मेहनतकासाथ खोजी गर्नेछ । परमेश्वरबाट अलग भएको अवस्थालाई केवल विश्वासले मात्र परिवर्तन ल्याउँदैन । पापी मानिसहरूले आफ्ना प्राथमिकताहरू (हृदय), सोच्ने तरिका (मन) व्यवहार परिवर्तन गर्नैपर्छ । यसलाई **पश्चाताप** भनिन्छ ।

"...तिमीहरूले **पश्चात्ताप** गरेनौ भने, तिमीहरू सबै त्यसरी नै **नाश** हुने

छौ" (लूका १३:५) ।

"...तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले **पश्चात्ताप गरून्** भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३:९) ।

"**पश्चात्ताप** गर्नुहोस्...कि तपाईहरूका **पाप मेटिऊन्**" (प्रेरित ३:१९) ।

बप्तिस्मा दिने यूहन्नाले भन्नुभयो, "**पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर**" (मर्कूस १:१५) ।

"**पश्चात्ताप र पाप-क्षमाको** प्रचार हुनुपर्छ (लूका २४:४७) ।

"...**प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ**" (प्रेरित १७:३०) ।

१ कोरिन्थी १५:३-४ मा पावलले भन्नु भएजस्तै प्रथम महत्वपूर्ण (मृत्यु...गडाई...पुनरूथान) कुराहरूलाई आज्ञापालन गर्नुभन्दा अगाडी **विश्वास र पश्चात्ताप**ले स्थान लिनै पर्छ । हाम्रो **पुरानो पापी मनुष्यत्वको मृत्यु भएर सुसमाचार घटनालाई पालन गरी** हाम्रो पाप **क्षमाको नयाँ जन्ममा मिलाप हुँदा** हाम्रो परिवर्तन **कसरी र कस्तो** हुन्छ? रोमी ६:३-७ मा स्पष्ट र सामान्य उत्तर दिइएको छ ।

## रोमी ६:३-७

रोममा भएका खीष्टियानहरूलाई पावलले लेखिरहनु भएको छ । **पद ३** मा एउटा प्रश्न छ, "के तिमीहरू जान्दैनौ हामी सबै, जतिले **खीष्ट येशूमा बप्तिस्मा लियौ, उहाँकै मृत्युमा बप्तिस्मा लिएका** थियौ?" मुक्तिको सुसमाचारलाई आज्ञापालन गर्ने "खीष्टमा बप्तिस्मा लियौ" भन्ने कुरा पनि समावेश हुन्छन् । येशू खीष्ट**मा** बप्तिस्मा नभएसम्म **पापी** मानिसहरू खीष्ट **बाहिर** हुन्छन् ।

**पद ४** मा निरन्तर पावल अर्ती दिनुहुन्छ । "यसकारण **बप्तिस्माद्वारा** हामी **मृत्युमा उहाँसँगै गाडियौं**, ताकि जसरी पिताको महिमाद्वारा खीष्ट **मरेकाहरूबाट जीवित पारिनुभयो**, त्यसरी हामी पनि **नयाँ जीवनको मार्गमा हिँडौं** ।"

खीष्टियान बप्तिस्मा पानीमा **गाडिनु** हो...पानीमा डुबुल्की मार्नु हो ।

**नयाँ जीवनको मार्गमा हिँड्नको निम्ति** हामी पानीको चिहानबाट बौरी उठाइएका छौ ।

**नयाँ जीवनको मार्गमा** हिंड्नु भनेको **फेरि जन्मने** कुरा जस्तै हो ।

यूहन्ना ३:३,५- "पानीद्वारा जन्म...परमेश्वरको राज्यमा प्रवेश गर्ने ।"

तीतस ३:५- "...पुनर्जीवनको स्नानद्वारा....हामीलाई बचाउनुभयो ।"

एफिसी ५:२६- "उनलाई (मण्डली) पानीले धोएर...पवित्र पार्न सकून् ।"

हामी बप्तिस्माद्वारा पुर्नजीवित भएपछि हाम्रो **नयाँ आत्मिक जीवन** शुरूवाट हुन्छ ।

**पद ५** "यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने" बप्तिस्मामा (पानीमा डुब्ने समयमा) हामी येशूसँग **एक** भएका हुन्छौं। "**उहाँको पुनरूत्थानमा** पनि निश्चय नै हामी **उहाँसँगै एक हुनेछौं** ।" बप्तिस्मा लिएका विश्वासीहरूले उहाँको आगमनमा खीष्टसँग





सहभागी हुनेछन् । तिनीहरूले "...प्रभुलाई आकाशमा भेट्नेछन्...सधैं प्रभुसँग रहनेछौं" (१ थेसलोनिकी ४:१७) ।

**पद ६** "...हाम्रो **पुरानो मनुष्यत्व** उहाँसँग **क्रूसमा टाँगियो**, ताकि हाम्रो **पापमय शरीर नाश** होस्, र अब उसो हामी पापका कमारा नहोऔ ।"

हाम्रो "पुरानो मनुष्यत्व" पापको दोषी छ । बप्तिस्मामा पाप क्षमा (नष्ट) भयो ।

बप्तिस्मामा कसैले येशूको मृत्यु, गडाई र पुनरूत्थानलाई पालना गर्दछ ।

पाप क्षमा भएर पुन जन्मिएको खीष्टियान आफैले आफैलाई इन्कार गरी आज्ञाकारीको रूपमा क्रुसमा मर्दछन ।

पावल लेख्नुहुन्छ, "म खीष्टमा क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइँन, तर खीष्ट ममा जिउनुहुन्छ..." (गलाती २:२०) ।

जब खीष्ट क्रूसमा टाँगिनुभयो, तब उहाँले हामीलाई पनि आफुसँगै लैजानुभयो । उहाँले सारा संसारको पाप क्रूसमा लिनुभयो । जब हामी पानीको बप्तिस्मादेखि उठाइयौ, नयाँ जीवनको मार्गमा हिड्न हामीलाई उचालियौ किनभने हामी खीष्टमा एक भएका छौ ।

पावल र याकूब एक अर्कामा १००% सहमति छन् । पाप क्षमा र मुक्ति "विश्वासद्वारा मात्र होइनन्" (याकूब २:२४) । विश्वास मात्र "मरे तुल्य" र "व्यर्थको" हुन्छ (याकूव २:१७,२०,२६) । मृत विश्वासले "जीवनको नयाँपन" ल्याउन सक्दैन वा हामीलाई खीष्टमा "जोडन" सक्दैनन् ।

**पद ७** ले पावलको सन्देशको अन्तिम शब्दहरूलाई उचित तवरले प्रयोग गर्नु भएको छ ।

**"जो मरेको छ"**, त्यो पापी हो, जसले बप्तिस्मा लिएको छ ।

**"त्यो पापबाट मुक्त भएको छ"** किनभने बप्तिस्मामा हाम्रा पापहरू क्षमा हुन्छन् ।

प्रेरित २:३८ "**पश्चात्ताप गर**, र तिमीहरूका पाप-क्षमा निम्ति येशू खीष्टको नाउँमा तिमीहरू प्रत्येकले **बप्तिस्मा** लेऊ...।"

प्रेरित २२:१६ "उठ्नुहोस्, र **बप्तिस्मा** लिनुहोस् र आफ्ना **पाप धुनुहोस्** ।"

मर्कूस १६:१६ "**विश्वास** गर्ने र **बप्तिस्मा** लिनेले उद्धार पाउनेछ..."

१ पत्रुस ३:२१ "..**बप्तिस्मा...जसले तिमीहरूलाई बचाउँछ**...शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा...येशू खीष्टको पुनरूत्थानद्वारा ।"

**अरू धेरै पदहरूले हामीलाई भन्छन् कि मुक्तिको निम्ति बप्तिस्मा आवश्यक छ ।**

"खीष्टमा" हुनु आवश्यक छ भन्ने बारेको सन्देशलाई पाठ १२ मा पुन डोऱ्याउनुहोस् ।

प्रश्न सोधिएको थियो...**कसरी र कहिले हामी "खीष्टमा" हुन्छौ** ?

गलाती ३:२७- "..तिमीहरूमध्ये जतिको **खीष्टमा** बप्तिस्मा भयो..।"

रोमी ६:३- "...हामी सबै, जतिले खीष्ट **येशूमा** बप्तिस्मा लियौं, **उहाँकै**

**मृत्युमा** बप्तिस्मा लिएका थियौं" ।
मत्ती २८:१९- "...पिता र पुत्र र पवित्र आत्माको **नाउँमा** तिनीहरूलाई बप्तिस्मा देओ ।"
प्रेरित ८:१७- "...तिनीहरूको बप्तिस्मा प्रभु येशूको **नाउँमा** मात्र भएको थियो ।"
१ कोरिन्थी १२:१३- "...हामी सबैले एउटै **शरीरमा** (मण्डलीमा) बप्तिस्मा पाएका छौं.."

**नयाँ सम्वन्धमा बप्तिस्मा लियौं...उद्धार पाएको सम्वधमा नयाँ जन्मसँग** सम्वन्धित हरेक पद बप्तिस्मासँग पनि सम्वन्धित छन् । रोमी ६:४; यूहन्ना ३:३,५; तीतस ३:५; र एफिसी ५:२६ लाई फेरी अध्ययन गर्नुहोस् । प्राय सबै सम्प्रदायहरूले दावी गर्छन् कि खीष्टियान हुनको निम्ति **पुन नयाँ गरी जन्मनु** पर्छ । तैपनि, धेरैजसो सम्प्रदायहरूले मुक्तिको निम्ति बप्तिस्मा आवश्यक छैनन भनी सिकाउँदछन् । मानिसका परम्परा बाइबलको सत्यताको खण्डन वा विरोध गर्दछन् । **सत्यताले सत्यताको विरोधाभास गर्दैनन्** ।

**झूटा शिक्षालाई सामान्य रूपमा विश्वास गऱ्यो ।**

अविश्वासी, हराएको पापी मानिसले सामान्यरूपमा प्रार्थना गरेमा तत्कालै तिनीहरूको पाप क्षमा हुन्छन् र त्यतिबेला येशूलाई तिनीहरूको व्यक्तिगत प्रभु र उद्धारकर्ताको रूपमा स्वीकार गरिन्छ भनी धेरै जसो मण्डलीहरूले भन्दछन् । केही खीष्टियान समूहरूले छोटो प्रार्थना लेखेका हुन्छन्, सामान्यतया त्यो भन्नको निम्ति तीस सेकेन्डभन्दा पनि कम समय लाग्दछ । पापी मानिसहरूले त्यसलाई पढ्यो भने पनि उ खीष्टियान हुन सक्छन् । कसैकसैले कार्ड छापिएको हुन्छ, जसमा कुनै व्यक्तिले हस्ताक्षर गरे पछि तत्कालै उद्धार हुन्छ भन्ने गर्दछन् ।

**दुई वटा प्रश्नहरू:**

(१) पापी मानिसले छोटो प्रार्थना भनेर उसको पाप त्यतिनै बेला क्षमा भएको **एउटा उदाहरण** के तपाईले नयाँ नियमबाट देखाउन सक्नुहुन्छ?
(२) परमेश्वर, येशू, वा प्रेरितहरूको आज्ञा वा अर्तीहरूमा हराएका पापी मानिसले प्रार्थना गरी पाप क्षमा पाएर खीष्टियन भएको एउटा नयाँ नियमको पद के तपाईले दिन सक्नुहुन्छ?

हाम्रो पाप क्षमा गर्नको निम्ति येशू तयार हुनुहुन्छ र पर्खिराख्नु भएको छ भनेर हामीलाई धेरै पदहरूले भन्दछन् । येशूद्वारा परमेश्वरकहाँ आउन चाहनेहरू सबैलाई पाप क्षमा हुन्छ । "सबै मानिसहरूले मुक्ति पाऊन्...भन्ने इच्छा उहाँ गर्नुहुन्छ" (१ तिमोथी २:४) । "कोही पनि नष्ट नहोस्" भन्ने परमप्रभु चाहनुहुन्छ (२ पत्रुस ३:९) । तैपनि, याद गर्नुहोस् कि हामी परमेश्वरकहाँ उहाँको मार्ग निर्देशन अनुसार जानुपर्छ, हाम्रो आफ्नै इच्छाहरूद्वारा होइनन् ।

धेरै सम्प्रदायहरूले १ यूहन्ना १:९ लाई उद्धरण गर्ने गर्दछन्, "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।" इमान्दार धार्मिक मानिसहरूले "सत्यको





वचनलाई ठीकसँग प्रयोग" नगरेको यो राम्रो उदाहरण हो (२ तिमोथी २:१५) । यूहन्नाले यी वचनहरू खीष्टियानहरूलाई लेख्नुभएको थियो । यी वचनहरू तिनीहरूलाई लेखेको थियो जसका पापहरू पहिले नै क्षमा भइसकेका थिए र परमेश्वर पितासँग संगतिमा छन् ।

१ यूहन्ना १:३ "हाम्रो सङ्गति पिता र उहाँका पुत्र येशू खीष्टसँग छ ।"
१ यूहन्ना १:६ "यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिंड्छौं भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं ।"
१ यूहन्ना १:७ "तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिंड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।"

यूहन्नाले यी वचनहरू खीष्टियानहरूलाई सम्बोधन गर्नुभएको थियो । यो सन्देश तिनीहरूको निम्ति हो जसको "पितासँग सङ्गति छ", "सत्यतालाई अभ्यास गर्ने" र "ज्योतिमा हिंड्ने" लक्ष्य लिएका खीष्टियानहरूको निम्ति हो । यो चेताउनी र हौसला पनि हो किनभने उद्धार पाएका खीष्टियानहरूले कहिलेकाँही पाप गर्न सक्छन वा पाप गर्नेछन् (पद ८) ।

परमेश्वरबाट अलग भएका र खीष्ट बाहिर भएका पापी मानिसहरूलाई प्रयोग गर्दा झुटा शिक्षकहरूले ९ पदलाई माथी उल्लेख गरेको भन्दा धर्मशास्त्र विपरित प्रयोग गर्छन् । यूहन्नाले तिनीहरूलाई लेखिरहनु भएको छ जसको पाप येशूको रगतद्वारा धोइएका छन् । यी क्षमा पाएका खीष्टियानहरू "ज्योतिमा हिंड्न" को निम्ति आफ्नो पूर्ण क्षमता अनुसार सक्दो प्रयास गरिरहेका छन् । खीष्टियान भएको बेलामा तिनीहरूलाई खीष्टको रगतले शुद्ध पारिएको थियो (पद ७), र "उहाँको चालमा चल्नेहरूलाई" त्यसरी नै निरन्तररूपमा शुद्ध पार्नुहुनेछ" (१ यूहन्ना २:६) ।

खीष्टियानहरू पूर्ण छैनन् । तिनीहरूले पाप गर्नेछन् (पद ८) । पद ९ को उचित प्रयोगले यही भन्दछ कि खीष्टियानहरूले आफ्नो पाप स्वीकार गर्न सक्छन् र क्षमा हुन्छन् । प्रार्थनाद्वारा अविश्वासीले पाप क्षमा पाउन सक्छन् भनी बाइबलले सिकाउँदैनन् । १, २, र ३ यूहन्नाको पत्र खीष्टियानहरूलाई उत्साह र तिनीहरूलाई मार्ग निर्देशन दिनको निम्ति लेखिएको हो ।

शाऊलको जीवन परिवर्तनको उदाहरणलाई तुलना गर्नुहोस्, जो पछि प्रेरित पावल भयो । त्यो मानिसको बारेमा जान्न र बुझ्न प्रेरित ९:१-१८; २२:४-१६; २६:१०-२० अध्ययन गर्नुहोस् जसले नयाँ नियमको आधा पुस्तकहरू लेखेको थियो ।

शाऊल पापी मानिस थियो । उनले खीष्टियानहरूलाई खेदो गरेको थियो । उ येशूको शत्रु थियो । दमस्कसको यात्रामा उनले आश्चर्यजनक दर्शन देख्यो । शाऊलले येशूमा विश्वास गरे । उनले येशूलाई "प्रभु" भनेर पुकारे (प्रेरित २२:१०) । शाऊलले पश्चात्ताप गरे । उनले येशूको

आज्ञापालना गरेर दमस्कस गए जहाँ "तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ" (प्रेरित ९:५,६) । उनले दमस्कसमा तीन दिनसम्म उपवास र **प्रार्थना** गरिरहे (प्रेरित ९:९,११) ।

"उठ्नुहोस्, र बप्तिस्मा लिनुहोस्, अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्" भनी उनलाई आज्ञा गरियो (प्रेरित २२:१६) ।

शाऊलले पश्चाताप गरे, स्वीकार गरे र **तीन दिनसम्म प्रार्थना** गरे । तापनि उनका पापहरू क्षमा भएका **थिएनन्** । "बप्तिस्मा लिनुहोस् र आफ्ना पापहरू धुनुहोस्" भनी उनलाई आज्ञा गरियो ।

"बप्तिस्मा" शब्द पुरानो करारमा पाउँदैनन् । बप्तिस्माको उद्देश्य र अभ्यासबारे हाम्रो जानकारीको केवल ईश्वरीय स्रोत नयाँ करार हो । येशूले सोध्नुभएको प्रश्न मत्ती २१:२५; मर्कूस ११:३०; र लूका २०:४ मा उल्लेख गरिएको छ । यूहन्नाको बप्तिस्मा संसारबाट थियो कि स्वर्गबाट थियो भनी उहाँले प्रश्न सोध्नुभयो । बप्तिस्मा **स्वर्गबाट आज्ञा** गरिएको र **येशूबाट माग** गर्नुभएको थियो भन्ने कुरा हामीले याद गर्नै पर्छ । हो, यो आवश्यक छ (यूहन्ना ३:२२,२६; ४:१; मत्ती २८:१८-२०; मर्कूस १६:१५-१६। **"बप्तिस्मा"** शब्द, यसको अभ्यास र उद्देश्य मत्ती ३:२,६; मर्कूस १:४-५; लूका ३:३ मा दिएका छन् । "पाप क्षमाको निम्ति पश्चात्तापको बप्तिस्मा" र "आफ्ना पाप स्वीकार गर्दै" भन्ने कुरा हामी पढ्छौं । पानीमा डुब्ने, पापको क्षमा, मुक्तिसँगै जोडिएको र कुनैलाई पनि अलग गर्न सक्दैनन् भन्ने कुरालाई येशू, बप्तिस्मा दिने यूहन्ना, चेलाहरू, र शुरूवाटको मण्डलीहरू सबैले सिकाए ।

सुसमाचारको आज्ञा पालनको निम्ति पश्चात्ताप र बप्तिस्मा **आवश्यक** छ ।

पाप क्षमा भन्दा अगाडि पश्चात्ताप र बप्तिस्मा लिन **आज्ञा** गरियो ।

परमेश्वरको उद्धारको अनुग्रह पाउनको निम्ति पश्चात्ताप र बप्तिस्मा **अति आवश्यक** छन् ।

बहुसंख्यक सम्प्रदायिक मण्डलीहरूले पाप क्षमा र मुक्तिदेखि बप्तिस्मालाई अलग गरिदिएका छन् । खीष्टियान हुनको निम्ति बप्तिस्माको कुनै भूमिका हुँदैनन् भनी तिनीहरूले बारम्बार र खुल्ला घोषणा गर्छन् । पचास वर्ष अगाडि सम्प्रदायीहरूले बप्तिस्मालाई "भित्री दृढ विश्वासको बाहिरी संकेत" हो भनी बयान गर्‍यो । "प्रतीक...प्रतीकात्मक", वा "बाहिरी आज्ञाकारी आदेश" जस्ता मनपर्ने शब्दहरू हालसालै प्रयोग गरेका हुन् । तपाईको विश्वासको "सार्वजनिक घोषणा वा गवाही" नै बप्तिस्मा हो भनी धेरै प्रचारकहरू वा पास्टरहरू भन्दछन् । "बाहिरी संकेत...प्रतीक...घोषणा" जस्ता वाक्यांसले अरूलाई हौसला दिनको निम्ति बप्तिस्माको उद्देश्य हो भनी घोषणा गर्दछन् । तर यो परमेश्वर र येशूसँग रहेको तपाईको सम्वन्धसँग प्रत्यक्षरूपमा सहभागी हुँदैनन् । यी सम्प्रदायी शिक्षालाई समर्थन गर्न के तपाईले नयाँ करारमा कुनै एउटा पद भेट्टाउनुहुन्छ? यी घोषणाहरूको धर्मशास्त्रीय आधार छ भन्नको निम्ति के तपाईले बाइबल खोलेर एउटा उदाहरण दिन सक्नुहुन्छ? शिक्षित मानिसका चलाख शब्दहरू सुन्नमा



खीष्टियानिटिका आधारभूत सत्यताहरु

विश्वस्त र पत्यार लाग्दो हुन सक्छ । त्यसले तिनीहरूलाई सही बनाउदैनन् । पवित्र आत्माले हाम्रा निम्ति दिनुभएको केही चेतावनीहरू पढ्नुहोस: रोमी १६:१७-१८; २ कोरिन्थी ११:१३-१५; एफिसी ४:१४; कलस्सी २:८; २ तिमोथी ४:३-४ । कृपया सत्यता सिक्नको निम्ति नयाँ करारको खोजी गर्नुहोस् ।

उद्धार पाएको बिषयमा स्पष्ट पदहरू र उदाहरणहरू बाइबलले उपलब्ध गराएको छ । "तपाईका सम्पूर्ण वचनहरू सत्य छन्" (भजनसंग्रह ११९: १६०) । नयाँ करारको "सम्पूर्ण" मुक्तिको सन्देशमा विश्वास, पश्चात्ताप, स्वीकार, बप्तिस्मा र "तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु" (प्रकाश २:१०) भन्ने पनि समावेश गरिएको छ ।

**हो...होइनः** *यदि तपाईले पानीको बप्तिस्माद्धारा सुसमाचारलाई पालन गर्नु भएको छैनन भने सबै मानिसको इन्साफ गर्न जब येशू आउनुहुनेछ के तपाईको उद्धार हुन्छ भन्ने कुरामा विश्वास गर्नुहुन्छ?*

## खण्ड पाँचः
## परमेश्वरका मानिसहरूको समुदाय

पुरानो करारमा परमेश्वरका मानिसहरूको समुदायलाई इस्रायल भनेर चिनिन्थ्यो । सर्वप्रथम उत्पत्ति १२:१-३ मा अब्राहामलाई "ठूलो जाति" को प्रतिज्ञा गरिएको थियो । अब्राहामद्वारा "सन्तानको" शुरू भयो जुन एसाव र याकूब भएर गयो । याकूबको नाउँ इस्रायलमा परिवर्तन भयो । तिनीहरू परमेश्वरद्वारा चुनिएका मानिसहरू जसलाई मोशाले मिश्रको दासत्वबाट छुटाएर अगुवाई गर्नुभयो । तिनीहरूलाई पछि गएर "यहूदी" भनियो ।

परमेश्वरको जनलाई आज "खीष्टियानहरू" भनेर चिनिन्छन् । जब हामीहरूले खीष्टियान समुदाय बारेमा विचार गर्छौ तब हामी प्राय "मण्डलीको" बारेमा सोच्छौं । खीष्टियानहरू खीष्टका चेला हुन् । खीष्टियानहरूको समाज मण्डली हो जुन खीष्टले स्थापना गर्नुभयो ।

जब कसैले येशूको मृत्यु, गडाई, र पुनरूत्थानको आज्ञापालनद्धारा पानीमा डुब्दछ, परमेश्वरले त्यस मानिसलाई आफ्नै मानिसहरूको परिवारमा थप्नुहुन्छ । इ.स.३० मा करिब तीन हजार मानिसहरूले बप्तिस्मा लिएका थिए (प्रेरित २:४१) । यो खीष्टको मण्डली वा समुदायको शुरूवाट थियो । "तिनीहरू **प्रेरितहरूका शिक्षा, सङ्गति, रोटी भाँच्न र प्रार्थनामा** भक्तिसाथ लागिरहन्थे" (प्रेरित २:४२) । मण्डलीका हरेक सदस्यले "परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे । उद्धार पाउनेहरूलाई **प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो**" (प्रेरित २:४७) ।

जब कुनै व्यक्तिले सुसमाचारको आज्ञा पालना गर्दछ, परमेश्वरले भन्नु भए अनुसार उद्धार पाउनको निम्ति काम गर्छ, तब परमेश्वरले त्यस

व्यक्तिलाई आफ्नै मण्डलीमा थपिदिनुहुन्छ । **कुनै व्यक्ति** आफ्नो **इच्छा अनुसारको मण्डलीमा मिल्न सक्छन् भनी बाइबलमा कहाँ लेखिएको छ?** मानिसद्धारा यस्तो मनोवृत्ति वा अभ्यास प्रचलित गरेको हो । हरेक बचाइएको व्यक्ति **"उहाँले** आफ्नै **रगतले किन्नुभएको परमेश्वरको मण्डली"** (प्रेरित २०:२८) मा थपियो । यसले ख्रीष्ट र उहाँको मण्डलीलाई बुझाउँछ, जसलाई उहाँले क्रूसमा बहाएको रगतद्वारा किन्नुभयो ।

**"मण्डली"** शब्दको अर्थ **"बोलाइएकाहरूको सभा"** हो । "मुक्तिको निम्ति यो परमेश्वरको शक्ति" (रोमी १:१६) हो, सुसमाचारको पालनद्धारा पापका दासत्वबाट बोलाइएका मानिसहरूको सभा नै मण्डली हो ।

ख्रीष्टियानहरू, ख्रीष्टका मण्डलीका सदस्यहरू, **पवित्र पारिएका** छन्, जसको अर्थ "पवित्र कामको निम्ति अलग पारिएका, वा छुट्याइएका हो" । ख्रीष्टको बारेमा हामी पढ्छौं, "येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरूलाई पवित्र गराउन ढोका बाहिर कष्ट भोग्नुभयो" (हिब्रू १३:१२) । जब हामीले सुसमाचारको आज्ञापालन गर्छौं, हामी पवित्र पारिन्छौं (पवित्र कामको निम्ति अलग पारिएका), र परमेश्वरले हामीलाई मण्डलीमा थप्नुहुन्छ जुन "उहाँको आफ्नै रगतद्वारा किनिएको" थियो । मण्डलीको बारेमा बोल्दा, "यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर बचनद्धारा पवित्र पार्न सकून्" (एफिसी ५:२६) । यही नै परमेश्वरका मानिसहरूको समुदाय हो ।

"सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्र धर्मशास्त्रको **कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन** । किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर **पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्**" (१ पत्रुस १:२०,२१) ।

"यस पुस्तकको अगमवाणीका वचन सुन्ने हरेक मानिसलाई म चेताउनी दिन्छु: यदि **कसैले तिनमा थप्यो भने** यस पुस्तकमा लेखिएको विपत्तिहरू परमेश्वरले त्यसमाथि थपिदिनुहुनेछ । अनि **कसैले** यस अगमवाणीको पुस्तकका **वचनबाट केही घटायो** भने, यस पुस्तकमा लेखिएका जीवनको वृक्ष र पवित्र सहरबाट त्यसले पाउने हिस्सा परमेश्वरले त्यसबाट खोस्नुहुने छ" (प्रकाश २२:१८,१९)।

**आज मानिसको लागि परमेश्वरको प्रेरणाप्राप्त वचन नयाँ करारमा छ । परमेश्वरको वचनलाई कुनै किसिमको परिवर्तन गर्नु मानिसको निम्ति पाप हो । परमेश्वरको भय मान्नु र उहाँको आज्ञा पालन गर्नु मानिसको कर्तव्य हो ।**

मत्ती १६:१८ त्यो पहिलो पद हो जहाँ हामी **"मण्डली"** शब्द पाउँछौं, त्यहाँ येशूले भन्नुभयो, "..म **मेरो मण्डली** यस चट्टानमाथि **स्थापित** गर्नेछु..." । येशूले कतिवटा मण्डलीहरू स्थापना गर्छु भनेर प्रतिज्ञा गर्नुभयो? केवल **एउटै !**

पाप गर्ने ख्रीष्टियानहरूको सन्दर्भमा येशूले भन्नुभयो, "यदि त्यसले तिनीहरूको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन । त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउने सरह होस्" (मत्ती १८:१७) । विचार गर्नुपर्ने कुराहरू...

- के येशूले विभिन्न शिक्षाहरू भएको फरक मण्डलीहरूलाई उल्लेख गर्नुभएको छ? **छैन !**





- ख्रीष्टको मण्डलीले कस्तो स्तरलाई पछ्याउनु पर्छ? **केवल बाइबल !**
- के ख्रीष्टियानले पाप गर्न सक्छ, हराउन सक्छ वा नरक जान सक्छ? **सक्छ !**

हामी आज के देख्छौं? फरक **नामहरू** अंगालेका **फरक** मण्डलीहरू देख्छौं । तिनीहरूले विरोधाभासपूर्ण शिक्षाहरू सिकाउँदछन् । यी मण्डलीहरूले परमेश्वरको प्रेरणाप्राप्त **सत्य** वचनलाई थप्ने, घटाउने र **परिवर्तन** गर्ने काम गरिरहेका छन् । तिनीहरूले आफ्नै **व्याख्यामा** विश्वास गर्दछन्, सिकाउँदछन्, र अभ्यास गर्दछन्, जुन पाप हो (२ पत्रुस १:२०,२१) ।

**हो...होइनः** *हरेक सम्प्रदायीहरूले केही सत्यता सिकाउँदछन्, तर के "प्रभु, प्रभु" भनी पुकार गर्ने हरेक इमान्दार व्यक्तिहरू सबै स्वर्ग प्रवेश गर्ने छन्?*

## अध्याय २१: **मण्डलीको शिर**

**शिरले** नियन्त्रण, निर्देशन, र उद्देश्य जनाउँछ । हाम्रो शिरले हाम्रो शरीरको नियन्त्रण गर्दछ, अगुवाई गर्दछन र निर्णयहरू गर्दछन् । हाम्रो जीवनको नियन्त्रण र आत्मिक अगुवाई येशूले गर्न चाहनुहुन्छ । ख्रीष्टको पवित्र वचनले हाम्रो दैनिक जीवन र हाम्रो सेवाको निम्ति निर्देशन गर्दछन ताकि हामीले ख्रीष्टको उद्देश्य जित्न सकौं, जुन स्वर्ग हो ।

बाइबलले भन्दछ कि ख्रीष्ट **"मण्डलीको शिर हुनुहुन्छ...शरीरको मुक्तिदाता हुनुहुन्छ"** (एफिसी ५:२३) । "उहाँ शरीर, अर्थात मण्डलीको शिर हुनुहुन्छ..." (कलस्सी १:१८) । केवल एउटै शरीरको शिर हुनुभएको हुनाले, येशू आफ्नो **मण्डली**, अर्थात ख्रीष्टियानहरूमाथि पूर्ण नियन्त्रण गर्ने योग्यको हुनुहुन्छ र उहाँ यसो गर्ने माग गर्नुहुन्छ । एउटै **"शरीर"** अर्थात एउटै मण्डली छ (एफिसी ४:४) । हरेक पल्ट जब बाइबलले **मण्डली** शब्दको प्रयोग गर्दछ, यसले उद्धार पाएका मानिसहरूको एउटै शरीरको बारेमा कुरा गरिरहेको हुन्छ ।

**शरीर** (मण्डली) स्वइच्छुक भएर **शिरको** (येशू ख्रीष्ट) अधिनमा बस्दछ । येशूमा अधीनमा रहनु भनेको शैतानलाई इन्कार गर्नु हो । "यसकारण आफैलाई परमेश्वरको अधीनमा राख । दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ । परमेश्वरको नजिक आओ, र उहाँ तिमीहरूका नजिक आउनुहुनेछ" (याकूब ४:७,८) । हामी विनम्रसाथ येशूको अधीनमा बस्छौं किनकि हामीले ख्रीष्टलाई हाम्रो केवल मुक्तिको मार्गको रूपमा स्वीकार्दछौं । येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६) । हामी सबैले एकपटक मृत्युको अनुभव गर्नेछौं, "र त्यसपछि इन्साफ" हुनेछ (हिब्रू ९:२७) । येशू न्यायकर्ता हुनुहुनेछ । येशूको सत्य वचनको स्तरद्धारा इन्साफ हुनेछ, मानिसका परम्पराहरू र वचनहरूद्वारा होइनन्

(यूहन्ना १२:४८) । येशूले भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ" (मत्ती २८:१८) । विश्वासको आज्ञाकारीमा शरीरले (खीष्टियानहरू) शिरको (येशू खीष्ट) **अधिकारमा** आफुलाई **समर्पित** गर्दछन् ।

**हो...होइनः** *येशूलाई आफ्नो शिरको रूपमा ग्रहण गरेर आफुलाई उहाँको अधीनमा समर्पण गर्नु भन्नाले तपाई मानिसका धार्मिक आज्ञाहरूको अधिनमा नबस्नु हो, यसकारण के तपाई मानिसका धार्मिक परम्पराहरूबाट फर्कनु चाहनु हुन्छ?*

## अध्याय २२: **मण्डलीको उत्पत्ति**

जब पापीहरूले सर्वप्रथम विश्वासयोग्य र खीष्टको सुसमाचार लाई आज्ञाकारिताको साथ प्रतिक्रिया गरे तब येशू खीष्टको मण्डली पृथ्वीमा (यरूशलेममा) स्थापना भयो । खीष्टको मृत्यु, गडाई, र पुनरूत्थान भएको करिब ५० औं दिन पछि यो घटना घटेको थियो (प्रेरित २ अध्याय) । पेन्तिकोसको दिन इ.स.३० मा परमेश्वरले पहिलो यहूदी खीष्टियनहरूलाई खीष्टको मण्डली, उहाँको आत्मिक राज्यमा थप्नुभयो । यो झण्डै २००० वर्ष अगाडी थियो ।

"आखिरी दिनहरूमा" आश्चर्यजनक रूपमा पवित्र आत्माको आगमन हुनेछ भनी योएल अगमवक्ताले भविष्यवाणी गर्नु भएको थियो (योएल २:२८-३२) । परमेश्वरले उहाँको आत्मा "सबै मानिसमाथि" खन्याउनुहुनेछ । अद्‌भुत आत्मिक परिवर्तनहरू हुनेछन् । यो अगमवाणी इ.स.३० मा पेन्तिकोसको दिनमा पूरा भयो भनी पत्रुस भन्नुहुन्छ (प्रेरित २:१६-२१) । प्रेरितको पुस्तक २ अध्यायमा पूरा हुनुभन्दा करिब ८६० वर्ष अगाडी योएललाई भविष्यवाणी दिएको थियो ।

खीष्टको मण्डलीको स्थापना हुनुभन्दा लगभग ७६० वर्ष पहिले यशैया अगमवक्ताले परमेश्वरको भवन स्थापना हुनेछन भनी बोल्नुभयो । परमप्रभुको वचन यरूशलेमबाट आउनेछ र सबै राष्ट्रहरू परमेश्वरको भवनमा ओइरिएर आउनेछन् (यशैया २:१-५) ।

यर्मिया ३१:३१-३४ मा तपाईले "नयाँ करार" बारे भविष्यवाणी पाउनुहुनेछ । ६६० वर्ष पहिले गरिएको भविष्यवाणी येशू खीष्टको मृत्यु, गडाइ, र पुनरूत्थानद्वारा पूरा भयो भनी हिब्रू ८ अध्यायले भन्दछ ।

रोमी साम्राज्यको समयमा एउटा विशेष राज्य स्थापना हुनेछन भनी दानिएलको पुस्तक २, ७, र ८ अध्यायमा दानिएलले भविष्यवाणी गर्नु भएको थियो । त्यो स्वर्गीय आत्मिकी राज्य हुनेछ जुन कहिल्यै नष्ट हुनेछैनन् । दानिएलको भविष्यवाणी अनुसार १,५०० वर्ष भित्रमा लगातार चार साम्राज्यहरूले शासन गर्नेछन् । ती पहिलो बेबिलोन, त्यसपछि मादी-फारस, र त्यसपछि ग्रीस र अन्त्यमा रोम सम्राज्य हुनेछन् । दानिएलले भविष्यवाणी गर्नु भएअनुसार रोमी साम्राज्यको शासन कालमा येशू जन्मनुभयो, क्रूसमा टाँगिनु भयो, बौरी उठाइनुभयो, र स्वर्ग फर्किजानुभयो । उहाँको आत्मिकी राज्य, खीष्टको मण्डलीको स्थापना भयो र संसारभरि





फैलियो । बेबिलोन, मादी-फारस, ग्रीस, र रोम संसारका साम्राज्यहरू रहेनन् । परमेश्वरको राज्य (खीष्टको मण्डली) आज पनि जीवित छ ।

बप्तिस्मा दिने यूहन्नाले घोषणा गर्नुभयो, "पश्चात्ताप गर, किनभने **स्वर्गको राज्य नजिक आएको छ**" (मत्ती ३:१,२) । येशूले प्रचार गर्नुभयो, "समय पूरा भएको छ, र **परमेश्वरको राज्य नजिक आइपुगेको छ ।** पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर" (मर्कूस १:१४,१५) । "**नजिकै छ**" भन्नाले चाँडै हुने भन्ने अर्थ लाग्छ । उहाँको मण्डली, राज्य कहिले आउँछ भन्ने विषयमा येशू अझै विशिष्ट हुनुहुन्थ्यो । "साँच्चै, म तिमीहरूलाई भन्दछु, यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन्, जसले **परमेश्वरको राज्य शक्तिमा नदेखुञ्जेल** कुनै किसिमले मृत्यु चाख्नेछैनन्" (मर्कूस ९:१) । यी सबै प्रेरितको पुस्तक २ अध्यायमा पुरा हुन आए ।

येशूले यो पनि भन्नुभयो, "मेरो राज्य यस संसारको होइन" (यूहन्ना १८:३६) । यसको अर्थ यो **आत्मिकी राज्य** हो, कुनै भौतिक संसारिक राज्य होइनन् । "परमेश्वरको राज्य तिमीहरूकै बीचमा छ" (लूका १७:२०-२१) । प्रेरित २ मा जब पुरूष र स्त्रीहरूले येशूको राज्यको बारे सुने, तब ३००० आत्माहरूले विश्वास गरी पश्चात्ताप गरे, बप्तिस्माद्वारा चेलाहरूका शिक्षाको अधिनमा रहने प्रतिक्रिया गरे ।

३००० पापी मानिसहरूले आज्ञाकारी विश्वाससाथ (पश्चात्ताप र बप्तिस्मा) मुक्तिको सुसमाचारको सन्देशलाई ग्रहण गरे तब खीष्टको मण्डली, "स्वर्गीय राज्य", लगभग २००० वर्ष पहिले यरूशलेममा (प्रेरित २ अध्याय) शुरू भयो ।

**हो...होइनः** *के येशूले तपाईको मण्डली स्थापना गर्छु भनेर प्रतिज्ञा गर्नुभएको थियो, र के प्रेरितहरूले पेन्तिकोसको दिनमा करिब १९९० वर्ष पहिले यरूशलेममा स्थापना गर्नुभयो?*

## अध्याय २३: **परमेश्वरका मानिसहरू**

प्रभु येशू खीष्ट विश्वव्यापीरूपमा आफ्नो शरीर, मण्डलीको शिर हुनुहुन्छ । कलस्सी १:१८ ले भन्दछ, "उहाँ **शरीर, अर्थात् मण्डलीको शिर हुनुहुन्छ**, उहाँ नै शुरू हुनुहुन्छ...**प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् ।**" येशूसंग सारा शरीरमाथि पूर्ण अधिकार र नियम हुन्छन् । खीष्टियानहरूले राजीखुसीसाथ सबै कुरामा खीष्टको शासनमा आफुलाई अर्पण गर्दछन् ।

खीष्टको मण्डलीको निम्ति निर्देशनहरू स्वर्गबाट आउँछन्, ती अभिलेख गरिएका वचनहरू नयाँ करारमा पाउँछौ । आफ्नै नियम र अर्तीहरूद्वारा स्थापना गरिएका धार्मिक समुहहरू येशूको राज्य शासनको निम्ति विद्रोही छन् । येशूले चेतावनी दिनुभयो, "मलाई इन्कार गर्ने र मेरा वाणी ग्रहण नगर्नेको लागि एउटा न्यायाधीस छन् । **जो वचन मैले बोलें त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ"** (यूहन्ना १२:४८) ।

आज परमेश्वरले पृथ्वीमा उहाँका कामहरू उहाँको राज्यद्वारा

(मण्डली) संचालन गर्नुहुन्छ, "ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्" (एफिसी ३:१०) । मण्डलीका यी समर्पित कामदारहरूसँग येशूले हामीसँग बाँध्नुभएका अर्तीहरूलाई परिवर्तन गर्ने वा व्यवस्था स्थापना गर्ने अधिकार छैनन् । ती अगुवाहरूले असल उदाहरण जीवन बिताउने, शिक्षाद्वारा सदस्यहरूलाई परिपक्व बनाउने, र येशूको सेवामा समर्पित हुनेहरूको खाँचोमा सेवकको रूपमा सेवाकाई गर्नु नै ख्रीष्टको मण्डलीको अगुवाईपनको उद्देश्य हो । "तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूका अधीनमा बस । किनकि **लेखा दिनुपर्छ** भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाह गर्छन् । यो काम तिनीहरूले आनन्दसाथ गरून् । दुःख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई कुनै लाभ हुँदैन" (हिब्रू १३:१७) ।

येशूले आफ्ना चेलाहरूलाई अर्ती दिनुभएको अगुवाईपनको सिद्धान्तमा आधारित भएर मण्डलीको सारा अगुवाईपन हुनै पर्छ । येशूले आफ्ना अगुवाईको आधारभूत सिद्धान्त यी भनाईमा दिनुभयोः "तिमीहरू जान्दछौ कि अन्यजातिहरूमाथि शासन गर्नेहरूले तिनीहरूमाथि अख्तियार चलाउँछन् । अनि तिनीहरूका ठूलाठालुवाहरूले तिनीहरूमाथि अधिकार चलाउँछन् । तिमीहरूमा चाहिँ त्यसो हुनुहुँदैन । तर **तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ ।** अनि तिमीहरूमा **जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ ।** किनकि **मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्ने** र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो" (मर्कूस १०:४२-४५) ।

जब हामीले मण्डलीमा अगुवाईको विषयमा छलफल गर्छौं, तब हामीले तिनीहरूको बारेमा कुरा गरिरहेका हुन्छौं, जसले ख्रीष्टको सेवामा आफ्नो जीवन समर्पित भएकाहरूको आवश्यकतामा सेवा गर्न आफुलाई अर्पण गरेका हुन्छन् ।

### सुसमाचार बाहक...प्रचारकहरू

प्रचारकहरूका प्रकार्य दुई विशिष्ट कार्यहरूमाः

(१) हराएकाहरूको निम्ति येशूको मृत्यु, गडाई, र पुनरूत्थानको सु-सन्देश घोषणा गर्ने । चेलाहरू बनाउनको निम्ति मुक्तिको सुसमाचार प्रचार गर्ने ।

(२) परमेश्वरको वचन सिकाईद्वारा मण्डलीलाई हौसला दिने र परिपक्व बनाउने काम तिनीहरूको हो । आत्मिक वृद्धि र परिपक्वतालाई पालन-पोषण गर्ने ।

बाइबलले सुसमाचार बाहकहरूलाई अर्ती दिन्दछ, "वचन प्रचार गर, समय र बेसमयमा तत्पर बस, **अर्ती देऊ, हप्काऊ, उत्साह देऊ** र धैर्यमा र शिक्षा दिने कुरामा नचुक" (२ तिमोथी ४:२) । **अर्ती दिनेः** कोही आफ्नो व्यवहार वा समझमा गलत छ भने उसलाई सही बाटो देखाउने । **हप्काऊः** झूटा शिक्षा र परम्पराहरूको विरूद्धमा दृढताकासाथ खडा हुने । **उत्साह दिनेः** शिक्षा वा हौसला दिएर कसैलाई मनाउनु । **धैर्यः** प्रेम देखाउनु र



ख्रीष्टियानिटिका आधारभूत सत्यताहरू

निरूत्साहितलाई तोडेर आत्मिक निर्माण गर्न तर्फ लाग्नु हो ।

पावलले हामीलाई भन्नुहुन्छ, "बरू **प्रेमसित सत्य बोल्दै** हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ" (एफिसी ४:१५) ।

प्रचारक एउटा पुरूष नै हुनुपर्छ । बाइबलले स्त्रीहरूलाई प्रचारक हुन अनुमति दिँदैनन् । "स्त्रीहरू मण्डलीको सभामा चूपचाप रहून् । तिनीहरूलाई बोल्ने अनुमति छैन...**किनभने मण्डलीमा स्त्रीहरूले बोल्नु शर्मको कुरा हो**" (१ कोरिन्थी १४:३४,३५) । धेरै सम्प्रदायहरूले बाइबलको यो बुझ्न सक्ने सरल शिक्षालाई बेवास्ता गर्दछन् ।

प्रचारकले कहिल्यै पनि मण्डलीमाथि शासन गर्दैनन् । झुण्डको अगुवाइ एल्डरहरूको निम्ति हो । सिकाई र आफ्नो जीवनको उदारहणद्वारा प्रचारकहरू संसारमा परमेश्वरको वचनको सेवक हुनुपर्छ ।

### एल्डरहरू...बिशपहरू...पास्टरहरू

येशूले मण्डलीको अगुवाईको जिम्मेवारीहरू तोकिएका मानिसहरूको समूहलाई दिनुभएको छ । यी मानिसहरूलाई तीनवटा नामहरूद्वारा बोलाइयोः **एल्डर, बिशप** र **पास्टर** । नामको बेवास्ता भएतापनि तिनीहरूले **एउटै काम** सम्हाल्दछन्, एउटै **योग्यता हुनैपर्छ, र एउटै कर्तव्यहरू र जिम्मेवारीहरू** हुन्छन् । बाइबलको मूल भाषामा मण्डलीका अगुवाहरूको निम्ति फरक शब्दहरू प्रयोग गर्दछनः

प्रेसबिटर...**एल्डर** जिम्मावाल...**बिशप** गोठाला...**पास्टर**

तिनीहरूले मण्डलीको निम्ति गर्नुपर्ने सेवाको प्रकृति अनुसार तिनीहरूलाई वर्णन गर्नको निम्ति तीनवटा फरक शब्दहरू प्रयोग गरिएको छ । एल्डरलाई एउटा परिपक्व ख्रीष्टियान जनाउँदछ जसको इतिहास विश्वासयोग्यता र अगुवाईले प्रमाण गरेको हुन्छ । जिम्माजवाला/बिशपहरूलाई एकता र व्यवस्थित प्रकार्यको निम्ति प्रशासनिक जिम्मेवारी भएको जनाउँदछ । गोठालोले सिकाउन सक्ने क्षमता वा "बगाललाई खुवाउने" जनाउँदछ ।

तिनीहरूको काम र जिम्मेवारीहरूलाई तलका अर्तीहरूमा दिइएको छः "तिमीहरूको देखरेखमा (जिम्मावाल) राखिएको परमेश्वरको बगालको **हेरचाह** गर (पास्टर),...बगालको निम्ति **उदाहरण** भएर (एल्डर)" (१ पत्रुस ५:२,३) । यी मानिसहरूले परमेश्वरको बगाललाई डोऱ्याउँछन् ताकि उनीहरूले परमेश्वरका मानिसहरूमा रहेको आत्मिक र शारीरिक आवश्यकताहरूको वास्ता गर्न सकून् ।

प्रेरित २०:१७-३८ मा एफिससका अगुवाहरूको समुहसँग पावलले विशेष बैठक राखेका छन् । पद १७ मा तिनीहरूलाई **एल्डरहरू** भनिएका छन् । पद २८ मा तिनीहरूलाई **जिम्मावालको** रूपमा उल्लेख गरिएको छ, र परमेश्वरको मण्डलीलाई **गोठाला** (पास्टर) गर्नु भनिएको छ । यो एउटै झुण्डबाट (एफिसस) आएका मानिसहहरूको समूह हो, जसले आत्मिकी अगुवाई, शिक्षा, उदाहरण र प्रशासनको सेवा प्रदान गर्छन् ।

यी मानिसहरूमा केही योग्यताहरू र आत्मिक गुणहरू हुनैपर्छ । यी **योग्यता र गुणहरू १ तिमोथी ३ः१–७** र **तीतस १ः७–९** मा दिएका छन् । जसले यस्तो अगुवाईको क्षमता देखाएर काम गर्दछन, त्यस्ता मानिसहरूको निम्ति यी परिपक्व आत्मिक गुणहरूको आवश्यकता पर्दछ । यस कार्यको लागि केवल आत्मिक योग्यता भएका मानिसहरू चुनिनु पर्छ । जोसँग उनीहरू सेवा आराधना गर्दछन र सम्लग्न हुन्छन्, तिनीहरूका लागि उनीहरूले आफ्नो आत्मिक बुद्धि, शिक्षा, उदाहरण, र अगुवाईको क्षमता बांड्नुपर्छ ।

बाइबलले स्त्रीहरूलाई एल्डरहरू वा पास्टरहरू हुन अनुमति दिँदैनन् । पावल लेख्नुहुन्छ, “स्त्रीले पुरूषलाई सिकाउने र पुरूषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चूपचाप रहून्” (१ तिमोथी २ः१२) । खीष्टियान स्त्रीले खीष्टियान पुरूषमाथि आत्मिकी अधिकार जमाउने काम गर्न अनुमति दिइएको छैन । आज धेरैजसो सम्प्रदायहरूमा स्त्री पास्टरहरू र प्रचारकहरू भएका छन् । यो भूटो शिक्षा करिब ७५ देखि १०० वर्ष अघि विस्तारै सुरू भएको थियो, यतिका वर्षहरूमा मजबुट हुँदै आयो, र आजको दिनमा निकै तीव्रसाथ शक्तिशाली रूपमा फैलिरहेको छ ।

**गैर धर्मशास्त्रीयः** नयाँ करारको भुण्डमा कहिल्यै पनि एकजना मात्र पास्टर थिएनन् । हरेक खीष्टियानहरूको स्थानिय भुण्डमा जहिले पनि २,३ वा सो भन्दा बढी एल्डरहरू हुन्थ्यो ।

**गैर धर्मशास्त्रीयः** कुनै बिशपहरूले आफ्नो अगुवाई एउटा भुण्डमा बाहेक अरू धेरै भुण्डहरूमा लागु गर्दैनन् । एउटै क्षेत्रमा भएका असंख्य मण्डलीहरू माथि निगरानी गर्ने अगुवाईको जिम्मेवारी बिशपहरूले पाएको तपाईले बाइबलमा कहिल्यै पनि पाउनुहुन्न ।

**गैर धर्मशास्त्रीयः** कुनै पनि भुण्डमा कहिल्यै पनि प्रमुख पास्टरहरू, सहयोगी पास्टरहरू वा सानो दर्जाको पास्टरहरू थिएनन् । सबै एल्डरहरूमा उही अधिकार र जिम्मेवारीहरू हुन्छन् ।

**गैर धर्मशास्त्रीयः** कुनै स्त्री पास्टर/एल्डर/बिशप वा प्रचारक बन्न सक्दैनन् ।

हाम्रो वरीपरी घेरिएका विविध सम्प्रदाय मण्डलीहरूमा आज नयाँ करारको मण्डलीको अगुवाई पाउन धेरै गाह्रो हुन्छ । धेरैजसो धार्मिक गोष्ठीहरूमा स्नातक तह उर्त्तीण भएका सबैलाई पास्टरको रूपमा नियुक्त गर्छन किनभने तिनीहरूले स्नातक तह उर्त्तीण गरेका छन् । मण्डली अगुवाईको निम्ति तपाईको मण्डलीले चाहेका योग्यताहरू १ तिमोथी ३ः१–७ र तीतस १ः७–९ मा अभिप्रेरित बाइबलिय योग्यताहरूसँग तुलना गर्नुहोस् ।

यदि प्रभुको मण्डलीको भुण्डमा धर्म शास्त्रअनुसार योग्यका दुई वा दुईभन्दा बढी मानिसहरू छैनन्...र...जिम्मेवारीहरू उठाउन चाहदैनन भने सबै परिपक्व पुरूष खीष्टियान मानिसहरू समुहको रूपमा भेला हुन सक्छ र खीष्टको शरीरलाई आवश्यक परेको आत्मिकी र भौतिक विषयमा अगुवाइ गर्दछन् । तिनीहरूलाई सार्वजनिक रूपमा एल्डरहरूको नाउँ





दिन सक्दैनन् तर एउटा समूह भएर तिनीहरूले परीक्षाको समयमा अरूलाई सहायता गर्नुको साथै परमेश्वरको वचनको सिकाइको सेवाकाईद्वारा आफ्नो खीष्टियान जिम्मेवारी पुरा गर्न सक्छन् ।

### विशेष पुरूष सेवकहरू...डिकनहरू

डिकनहरूको बारेमा फिलिप्पी १ः१ मा उल्लेख गरिएको छ । तिनीहरूको योग्यता १ तिमोथी ३ः८–१२ मा दिएको छ । मानिसहरूको विशेष आवश्यकताहरूलाई सेवा गर्ने उद्देश्यको निम्ति चुनिएका तिनीहरू विशेष सेवकहरू हुन् । तिनीहरू एल्डरहरूको निर्देशनमा रहेर काम गर्दछन् । तिनीहरूलाई रेखदेख गर्नको निम्ति एल्डरहरू नभएसम्म भुण्डमा डिकनहरू हुन सक्दैनन् । मण्डलीका विशेष सेवाकाईहरूका क्षेत्रमा तिनीहरूको विशेष सेवकाईद्वारा तिनीहरूले मण्डलीलाई परिपक्का गर्न र उत्साह दिन विशेष कामहरू गर्छन् ।

**हो...होइनः** *के नयाँ करारको हरेक मण्डलीमा एल्डरहरू, बिशपहरू, र गोठालाहरूका उही कार्यहरू, उही योग्यताहरू र त्यही कर्तव्यहरू बाँडिएका थिए?*

## अध्याय २४ः **परमेश्वरका जनहरू**

नयाँ करारमा (येशू खीष्टको मण्डली) शरीरलाई यस्ता शब्दहरू र वाक्यांसहरूद्वारा जनाउँछ जसले **स्वामित्व, अधिकार** र **परमेश्वरसँग रहेको तिनीहरूको सम्वन्धको** वर्णन गर्दछ । यस्ता वाक्यांसहरूले मण्डलीको उचित नाम र शीर्षकहरू दिएको छ भन्ने कहिल्यै अर्थ लाग्दैनन् र चेलाहरूबिच विभाजन ल्याउन वा भिन्नता सृजना गर्नको निम्ति प्रयोग गरिएको **होइनन्** । केवल मण्डली एउटै भएको कारणले अरू विश्वासीहरूको शरीरबाट बिशेष नामहरूद्वारा तिनीहरूलाई अरूबाट फरक पार्न दिइएको होइनन् ।

जसलाई परमेश्वरले सुसमाचारको आज्ञापालनद्वारा संसारबाट बोलाउनुभयो ती विश्वासीहरूको शरीरलाई उल्लेख गर्न बाइबलमा तल उल्लेखित वाक्यांसहरू प्रयोग गरिएका छन्ः

| | |
|---|---|
| परमेश्वरको मण्डली (१ कोरिन्थी १ः२) | खीष्टको शरीर (एफिसी १ः२२,२३) |
| खीष्टको मण्डली (रोमी १६ः१६) | परमेश्वरको घराना (१ तिमोथी ३ः१५) |
| परमेश्वरको बगाल (१ पत्रुस ५ः२,३) | खीष्टको दुलही (प्रकाश २१ः९) |
| परमप्रभुको मण्डली (प्रेरित २०ः२८) | परमेश्वरका घराना (एफिसी २ः१९) |

१ कोरिन्थी १ः१०–१३ मा पावलले फरक नामलाई प्रयोग गरेकामा कडा रूपमा गाली गर्नुहुन्छ । खीष्टको शरीरको विभाजनको कारणले फरक पहिचान देखिएको छ । **सम्प्रदाय** र **विभाजन** शब्दहरूको एकै परिभाषा र एउटै अर्थ लाग्छ ।

ख्रीष्टमा समर्पित भएकाहरूलाई पहिचान गर्नको निम्ति नयाँ करारमा बिशिष्ट वाक्यांसहरूको प्रयोग गरिएका छन् । यी सबै वाक्यांसहरूले परमेश्वर र येशूसँगको **सम्वन्धको** बारेमा वर्णन गर्दछन् । फरक शिक्षाहरू र सेवाहरूलाई विरोधाभासको पहिचान गर्नको निम्ति यी नामहरू दिइएका होइनन् ।

| | | | |
|---|---|---|---|
| चेलाहरू | (प्रेरित ११:२६) | सन्तहरू | (रोमी १:७) |
| ख्रीष्टियानहरू | (प्रेरित ११:२६) | भाइहरू | (फिलिप्पी ४:२१) |
| परमेश्वरका सन्तान | (रोमी ८:१६) | सेवकहरू | (रोमी १६:१,२) |
| परमेश्वरका सन्तान | (गलाती ३:२६) | पुजाहारीहरू | (१ पत्रुस २:५,९) |

आज हामी के देख्छौं? भिन्नै नामहरू (ब्याप्टिस्, मेथोडिष्ट, क्याथोलिक, प्रेसविटरियन, अरू सयौहरू नामहरू) जसले भिन्नै अगुवाईकासाथ भिन्नै सेवाकाई र भिन्नै शिक्षाहरू सिकाउँछन् । प्रेरितहरू सबैले एउटै शिक्षा सिकाउँथे । मानिसहरूको गैर धर्मशास्त्रीय परम्पराहरूद्धारा यी विभाजनहरू भएको हो ।

**हो...होइनः** *के तपाईले सम्प्रदायिक परम्पराहरू, गैर धर्मशास्त्रीय नामहरू त्यागेर केवल परमेश्वरको वचनको सत्यता पालन गर्न इच्छुक हुनुहुन्छ?*

## अध्याय २५: **आराधना र सेवा**

**आराधनाः** शिर झुकाउनु; विनम्र र आदरपूर्वक उच्च शक्तिको अधिकारमा आफुलाई अर्पण गर्नु; प्रशंसा र आदर चढाउनु; आज्ञापालन गर्नु भन्ने अर्थ लाग्छ ।

यूहन्ना ४:२३,२४ मा येशूले निकै महत्वपूर्ण भनाई भन्नुभयो । "तर बेला आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब **सच्चा आराधकहरूले** पितालाई **आत्मा र सत्यतामा** आराधना गर्नेछन् । किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले **आत्मा र सत्यतामा आराधना गर्नुपर्छ** ।"

**केवल उच्च शक्ति जो सँग अधिकार छ**, उहाँले मात्र मानिसलाई **सत्यता** प्रदान गर्न सक्नुहुन्छ । परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ । उहाँलाई कसरी आराधना गर्नुपर्छ भन्ने विषयमा उहाँले सही अर्तीहरू दिनुहुन्छ । सबै कुराहरूमा परमेश्वरको सत्यता केवल बाइबलमा मात्र पाउँछौं । ख्रीष्टको मण्डलीको आराधनाको निम्ति सत्यता नयाँ करारमा मात्र पाउँछौ ।

प्रायजसो धेरै धार्मिक मानिसहरूले आज तिनीहरूको परम्परा अनुसार आराधना गर्ने गर्दछन् । भिन्नै समूहहरूको निम्ति भिन्नै आराधना हुने गर्दछन् । यदि हामीले परमेश्वरलाई मानिसहरूको परम्परा र शिक्षा अनुसार आराधना गर्छौ भने हामीले परमेश्वरलाई **व्यर्थमा** अराधना गरिरहेका हुन्छौ ।





मानिसले बनाएका परम्पराहरूको पापलाई सम्वोधन गर्दै येशू भन्नुहुन्छ, "तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्" (मर्कूस ७:७) । आत्मा र सत्यतामा आराधना गर्नको निम्ति (क) आदर र भयको सर्मपणको स्वभाव **(आत्मामा)** (ख) परमेश्वरका निर्देशनहरू र आज्ञाहरू (**सत्य**) अनुसार चल्नु आवश्यक छ । ख्रीष्टियानहरू, "**साँचो आराधकहरूले**", परमेश्वरको इच्छा र निर्देशन अनुसार उहाँको आराधना गर्नैपर्छ, तपाईहरूले रोज्नुभएका जुनसुकै मण्डलीको अगुवाईपन अनुसार होइनन् ।

पावलले इमान्दार मानिसहरूको बारेमा कुरा गर्नुहुन्छ तर परमेश्वरले तिनीहरूको आराधना र सेवालाई इन्कार गर्नुभयो । "म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरूको जोश त छ, तर यो जोश **ज्ञान अनुसार छैन** । किनभने परमेश्वरबाट आउने धार्मिकताको विषयमा नजानेर **तिनीहरूको** आफ्नो **धार्मिकता स्थापित गर्न खोज्दा तिनीहरू परमेश्वरका धार्मिकताको अधीनमा रहेनन्**" (रोमी १०:२,३) ।

## आत्मामा र सत्यतामा आराधना गर्ने

हाम्रा परम्पराहरू, नियमहरू, अथवा आफ्नै इच्छा अनुसार आराधना गर्न हामीलाई अनुमति दिएको छैनन् । हाम्रा आराधनाको लागि हामीले परमेश्वरको नियमहरू र निर्देशनहरूलाई पछ्याउनै पर्छ ।

पुरानो करारका सबै आज्ञाहरू, अभ्यासहरू, र आराधना **पूरा** भएका छन् (मत्ती ५:१७), येशूसँगै **क्रूसमा किला ठोकी टाँगिएको** थियो (कलस्सी २:१३,१४), र हामी अब **पुरानो नियमहरूदेखि मुक्त भएका छौं र पवित्र आत्माको नयाँ जीवनमा सेवा गर्न आज्ञा पाएका छौ** (रोमी ७:६) । नयाँ करारको प्रेरणाप्राप्त वचन भएर आज ख्रीष्टियानहरूलाई आराधनामा परमेश्वरको निर्देशनद्धारा लाभ भएको छ ।

आराधना र सेवा परमेश्वरको सन्तानको निम्ति दैनिक जिम्मेवारी हो । बाइबलले भन्दछ, "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर" (रोमी १२:१) । साँचो ख्रीष्टियानले उसको सारा जीवन परमेश्वरको निम्ति **जिउँदो बलिको रूपमा** प्रस्तुत गरेको हुन्छ । पावल आफैले आफ्नैबारे लेख्नुहुन्छ, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर **ख्रीष्ट ममा जिउनुहुन्छ** । जुन जीवन शरीरमा म अहिले जिउँछु, **त्यो परमेश्वरको पुत्रमा विश्वास गरेर जिउँछु**, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गलाती २:२०) । ख्रीष्टियान दैनिक जीवन परमेश्वरको सेवामा समर्पित हुन्छन् । "कसैले मेरो सेवा गर्छ भने त्यसले मलाई पछ्याओस् र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ । कसैले मेरो सेवा गर्छ भने पिताले त्यसको कदर गर्नुहुनेछ" (यूहन्ना १२:२६) ।

सबै ख्रीष्टियानहरू परमेश्वरका पुजाहारीहरू हुन् । ख्रीष्टका चेलाहरू,

"पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढाउने **पवित्र पूजाहारीगिरीको** निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दै जाओ" (१ पत्रुस २:५) । परमेश्वरको सेवा गर्ने हामी "चुनिएका वंश, राजकिय पुजाहारीगिरी, पवित्र जाति, विशेष मानिस" हौ (१ पत्रुस २:९) । येशू ख्रीष्ट हाम्रो **"प्रधान पुजाहारी** हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ" (हिब्रू ८:१) । "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब्रू ७:२५) । पृथ्वीमा ख्रीष्टियानहरू परमेश्वरका पुजाहारीहरू, धार्मिक सेवकहरू हुन् । येशू **प्रधान पुजाहारी** हुनुहुन्छ, **उहाँद्वारा परमेश्वरमा आउनेहरू सबैलाई सदाको निम्ति उद्धार दिनको निम्ति** जो स्वर्गमा परमेश्वरसँगै बस्दैहुनुहुन्छ । येशूले उहाँको परिवारलाई हरेक मिनेटमा सेवा गर्नुहुन्छ । ख्रीष्टको परिवारले उहाँलाई दिनहुँ सेवा गर्दछन् ।

**हो...होइनः** *यदि तपाईं गलत तरिकाले आराधना गरिरहनु छ भन्ने कुरा बाइबलबाट थाहा पाउनु भयो भने के तपाईंले आफ्नो आराधना परिवर्तन गर्नुहुन्छ?*

## ख्रीष्टियानहरूले दैनिक बाइबल अध्ययन गर्दछन् र परमेश्वरको वचनको घोषणा गर्दछन ।

परमेश्वर सधैं भन्नु हुन्छ कि उहाँका मानिसहरूले उहाँका अर्तीहरू र आज्ञाहरू **थाहा पाउनु** पर्छ । परमेश्वरका ढाँचाहरू जहिले पनि (क) उहाँका अर्तीहरू जान्नु, (ख) विश्वास गर्नु (ग) उहाँका आज्ञाहरू पालना गर्नु, र (घ) उहाँका आशिषहरू प्राप्त गर्नु हुन्छ । उहाँको अन्तिम इनाम अनन्त जीवन हो । "अब सबै कुरा सुनिएका छन्– कुराको **निष्कर्ष** यही हो । **परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर** । किनभने **मानिसले गर्नुपर्ने सारा कर्तव्य** यही नै हो" (उपदेशक १२:१३) । येशू यसो भन्दै सहमत हुनुभयो, "तिमीहरू **मेरो वचनमा रह्यौ** भने तिमीहरू साँच्चै मेरा चेला हौ । तब तिमीहरूले **सत्य के हो सो जान्नेछौ**, र **सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउने छ**"(यूहन्ना ८:३१,३२) । लूकालाई लेख्नको निम्ति पवित्र आत्माले प्रेरणा दिनुभयो, "किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र **ती कुराहरू ठीकै त्यस्तै हुन् कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानबिन गर्थे**" (प्रेरित १७:११) ।

परमेश्वरको सन्देश हामीलाई थाहा नहुँदा के हुन्छ भनी होशेले हामीलाई भन्नु भएको छ, "मेरा प्रजा **ज्ञानको कमीले गर्दा नष्ट भएका छन्** । तिमीहरूले ज्ञानलाई इन्कार गरेका हुनाले, **म पनि तिमीहरूलाई** मेरा पुजाहारी हुनदेखि **इन्कार गर्नेछु** । तिमीहरूले आफ्ना **परमेश्वरको व्यवस्थालाई बेवास्ता** गरेका हुनाले, म पनि तिमीहरूका छोराछोरीको बेवास्ता





गर्नेछु" (होशे ४:६) ।

परमेश्वरको प्रेम र अनुग्रहको प्रेरणाले उहाँको सत्यता प्रदान गरिएको छ र संरक्षित गरिएको छ ताकि हामी उहाँका सन्तान बन्न सकौं । परमेश्वरका मानिसहरूले उहाँको पुत्रको शिक्षालाई पालन गर्दछन् । परमेश्वरले दिनु भएको **सत्यतालाई** हामीले **जान्नु र बुझ्नैपर्छ** । हामीलाई मेहनतसाथ अध्ययन गर्न आज्ञा दिइएको छ, **"सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने** कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर" (२ तिमोथी २:१५) । **मानिसहरूका झूटा शिक्षा थाहा पाउनको निम्ति हामीले परमेश्वरको सत्यतालाई थाहा पाउनै पर्छ ।**

परमेश्वरको अनुग्रहद्धारा ख्रीष्टियानहरूको उद्धार भएको हुनाले, तिनीहरूसँग सारा संसारलाई फैलाउने महान सुसमाचार छ । शुरूका ख्रीष्टियानहरूले परमेश्वरको वचन दैनिक रूपमा प्रचार गर्ने कार्यलाई सबै भन्दा उच्च प्राथमिक स्थान दिएका थिए । "अनि **हरेक दिन** तिनीहरूले मन्दिरमा र **घर-घरमा** गएर येशू नै **ख्रीष्ट हुनुहुन्छ भनी सिकाउन र प्रचार गर्न छोडेनन्**" (प्रेरित ५:४२) । "तब ती छरपष्ट भएकाहरूले चारैपट्टि गएर वचन प्रचार गरे" (प्रेरित ८:४) । हामीले पनि हरेक मानिसलाई सुसमाचार सिकाउने अवसर खोज्ने हाम्रो उद्देश्य बनाउनुपर्छ (मर्कूस १६:१५) ।

## ख्रीष्टियानहरूले आफैलाई प्रार्थनामा समर्पण गर्दछन् ।

बाइबलले भन्दछ, "निरन्तर प्रार्थना गरिरहो" (१ थेसलोनिकी ५:१७) । येशूका चेलाहरू, "कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिमीहरूका बिन्ती परमेश्वरमा जोहर होऊन्" (फिलिप्पी ४:६) । येशूले पितासँग प्रार्थना गर्नुभयो । हामीले पनि परमेश्वर, पितासँग प्रार्थना गर्छौ, किनकि हाम्रा प्रार्थनाहरूको जवाफ उहाँले नै दिनुहुन्छ (यूहन्ना १४:१३) । येशूले आफ्ना नजिकका चेलाहरूलाई भन्नुभयो, "जागा रहो, प्रार्थना गर, र परीक्षामा नपर । आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ" (मत्ती २६:४१) । हामीले प्रार्थनाद्वारा शैतानको विरोध गर्ने शक्ति प्राप्त गर्नेछौं र "ज्योतिका सन्तान भैं हिंड्डुल" (एफिसी ५:८) गर्न मार्ग निर्देशन पाउँछौं ।

## ख्रीष्टियानहरूले परमेश्वरको लागि भजन गाउँदछन् र एक अर्कालाई सिकाउदँछन् ।

बाइबलले परमेश्वरको मण्डलीलाई यस्तो हुन आज्ञा दिएको छ, **"एउटाले अर्कासँग** भजन, गीत र आत्मिक गानमा **बोल्दै** र आफ्नो सम्पूर्ण **हृदय प्रभुको निम्ति गाउँदै र धुन निकाल्दै**" (एफिसी ५:१९) । "**ख्रीष्टको वचन** तिमीहरूमा प्रशस्ततासँग वास गरोस् । पूरा बुद्धिमानीसाथ एउटाले अर्कोलाई **सिकाओ र अर्ती देओ**, र परमेश्वरप्रति आफ्नो **हृदयमा रहेको**

**कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ**" (कलस्सी ३:१६) । पवित्र आत्मा हामीलाई भन्नुहुन्छ कि जब हामी परमेश्वरको प्रशंसाका भजनहरू गाउँछौं हाम्रा शब्दहरूले **बोल्नुपर्छ, सिकाउनुपर्छ र एक अर्कालाई अर्ती दिनुपर्छ** तब त्यहि समयमा हामीले हाम्रा **हृदयमा धुन निकाल्दै** र तपाईको **हृदयमा अनुग्रह राख्नुपर्छ** ।

हाम्रा भजनहरूको आराधनामा कहिलै पनि बाद्य संगीत प्रयोग गर्न नयाँ नियमले निर्देशन वा अनुमति दिएको छैनन् । भजन गाउने कुरा धेरै पटक उल्लेख गरिएको छ तर बाद्य संगीत कहिल्यै पनि उल्लेख गरिएको छैनन् । मोशाको व्यवस्थाको समयमा यहूदीहरूले यसलाई मन्दिरमा आराधना गर्दा प्रयोग गरियो । तैपनि, केवल लेवी कूलबाट आएका पुजाहारीहरूले मात्र बाद्य संगीत बजाउने अनुमति पाएका थिए । वेदीमा पशुबलि गरेर जलाउने समयमा मात्र तिनीहरूले यी बाजाहरू बजाउँदथे (१ इतिहास १५:१६,१९,२४; १६:४-६; २५:१,६,७; २ इतिहास ५:११-१४; ७:४-६; २९:२५-२८) । खीष्टियानिटिमा कुनै संसारिक पुजाहारीहरू (लेवीहरू) नियुक्त भएका छैनन् । हामी जनावरहरूलाई मारेर पशु बलिदान गर्दैनौ । येशूले यी सबै थोकहरूलाई क्रूसमा रद्द गरिदिनुभयो ।

शुरूका मण्डलीको आराधनामा कहिल्यै पनि बाद्य संगीत प्रयोग गरेको थिएनन् भनी हामीलाई इतिहासले निकै स्पष्ट र मझबुटसँग भन्दछ । क्याथोलिक मण्डलीले करिब १,४०० वर्ष अगि यसलाई परिचय दिन खोज्यो । तैपनि, मानिसहरूले यसलाई ग्रहण गरेनन् । तिनीहरूले फेरि करिब १,१०० वर्ष अघि पहिले प्रयास गरेका थिए र बिस्तारै ती कुराहरू ग्रहण गर्न थालियो । अघिका विरोधकर्त्ता अगुवाहरूले (३००-५०० वर्ष अगि) बाद्य संगीतलाई प्रयोग गर्न इन्कार गरे । मण्डलीको आराधनामा केवल स्वर गायनलाई मात्र अनुमति दिनुपर्छ भनी तिनीहरूले घोषण गरे । येशूले बाद्य संगीतलाई अधिकृत गर्नु भएन । प्रेरितहरूले बाद्य संगितसित भजन गाउने कुरालाई कहिले पनि सिकाउनु भएनन् । अघिका खीष्टियानहरूले तिनीहरूलाई ८०० वर्षसम्म प्रयोग गर्न इन्कार गरे । सम्प्रदायहरूले शुरूवाटमा बाद्य संगीत प्रयोग गर्न निषेध गरियो, प्रयोग गर्नु पाप हो भनी प्रचार गरे, तर अहिले हरेक सेवामा बाद्य संगीतलाई प्रयोग गर्दछन् ।

पवित्र आत्माले हामीलाई प्रशंसाका भजनहरू गाएर परमेश्वरको महिमा गर्न निर्देशन दिनुहुन्छ । हामीलाई भनिएको छ कि हाम्रो भजनको सेवामा हामीले एकअर्कालाई सिकाउने, हौसला दिने र दाजुभाई, दिदीबहिनीबिचको संगती हुनुपर्छ । के बाद्य संगीतले सिकाउने वा प्रशंसा गर्ने सक्छ? हामीले **हाम्रो हृदयले धुन निकाल्नु पर्छ**, कुनै पियानो वा गितारबाट होइनन् भनी हामीलाई अर्ती दिएको छ । परमेश्वरको आराधना सेवामा मानिसहरूले बाद्य संगीत **थपेका हुन्** । पुरानो र नयाँ करार दुवैले हामीलाई परमेश्वरको वचनमा **केही नथप्नु वा नघटाउनु** भनेको छ (व्यवस्था ४:२; प्रकाश २२: १८,१९) । के हामीले नयाँ करारको अर्तीहरूलाई पालन गर्ने या मानिसहरूले गरेको परिवर्तनलाई पालन गर्ने?





**हो...होइनः** *के तपाईले खीष्टको मण्डलीको आराधनामा बाद्य संगीत प्रयोग गरेको कुनै नयाँ करारको धर्मशास्त्रको पद वा बाद्य संगीत प्रयोग गरेको उदाहरण दिन सक्नुहुन्छ?*

## खीष्टियानहरूले खुसीसाथ बलिदान गर्दछन् र खीष्टको मण्डलीलाई दिन्दछन् ।

"तिमीहरू मोल तिरेर किनिएका हौ । यसकारण तिमीहरूका **शरीरमा परमेश्वरको महिमा** गर" (१ कोरिन्थी ६:२०) । खीष्टियानले आफ्नो सम्पत्तिलाई (पैसा, भौतिक थोकहरू, र समय) बलिदानको रूपमा प्रयोग गरेर खीष्टको मण्डलीको कार्यलाई समर्थन गर्न सहयोग गर्दछन् । परमेश्वर र एक अर्कालाई प्रेम गर्ने अभिव्यक्तिद्धारा तिनीहरूले दिन्दछन् । पुरानो करारमा पनि यो कुरा सही थियो र खीष्टको व्यवस्थामा पनि यो सही नै छन् । "अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर । किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ" (२ कोरिन्थी ९:७) । **लिनु भन्दा दिनु असल हो भनी** येशूले भन्नुभयो ।

पुरानो करारको कुनै कुराहरू र मोशाको व्यवस्था भन्दा खीष्टियानिटि "उत्तम" छ भनी हिब्रूको पुस्तकमा हामीलाई तुलना गरी १३ पटक भनिएको छ ।

| | |
|---|---|
| उत्तम प्रतिज्ञाहरू | उत्तम पुजाहारीगिरी...खीष्ट हाम्रा अनन्तका मुख्य पुजाहारी हुनुहुन्छ । |
| उत्तम करार | उत्तम बलिदान...खीष्टको रगतको सिद्ध बलिदान । |

हामी इस्राायल भन्दा अझ बढि आशिषित छौ भनी सम्पूर्ण नयाँ करारले सन्देश दिन्दछ । हामी आफैले आफैलाई पहिले दिनुपर्छ अनि उद्धारता र प्रेमसाथ दिनुपर्छ भनी हामीलाई भनिएको छ । पुरानो करार ले १०% दिनुपर्छ भनी माग गरेको थियो । "के मानिसले परमेश्वरलाई लुट्ने छन्" (मलाकी ३:८) भन्ने असजिलोपन प्रश्न परमेश्वरले इस्राायलीलाई सोध्नुभएर पुरानो करार अन्त्य हुन्छ । परमेश्वरले तपाईबाट के अपेक्षा गर्नुहुन्छ?

के खीष्टियानले आफ्नो कमाइको १०% दिनुपर्छ?

के खीष्टियानले १०% भन्दा कम दियो भने परमेश्वर खुशी हुनुहुन्छ?

के उहाँका सन्तानहरूले पुरानो करारका इस्राायलीहरूले भन्दा बढि दिओस् भन्ने परमेश्वर चाहनुहुन्छ?

परमेश्वरको आशिषमा उहाँका मानिसहरूले उहाँको मण्डलीको अगुवाईको निम्ति, आत्मिक वृद्धिको निम्ति र आर्थिक जिम्मेवारीको निम्ति जिम्मेवारीहरू स्वीकार गरेको चाहनुहुन्छ । क्रूसमा खीष्टको बलिदानले उहाँका चेलाहरूबाट उहाँको मण्डलीको लागि समय र पैसा दुवैको बलिदानको माग गर्छन् ।

अगिका खीष्टियानहरू धनी थिएनन् । तिनीहरूलाई खेदो सतावट

गरिएका थिए । जसले प्रेमद्धारा **प्रशस्तताको आनन्द** र **उद्धारताको धन** दिएको बारेमा २ कोरिन्थी ८ अध्यायले भनेको छ । पद ५ ले तिनीहरूको प्रशंसा गर्दछ किनकि, **"तिनीहरूले पहिले आफैलाई प्रभुमा अर्पण गरे, र परमेश्वरको इच्छाअनुसार हामीलाई दिए ।"** हामी आफैले आफैलाई दिनुपर्छ भन्नाले हामीले हाम्रो मण्डलीलाई बलियो बनाउन र समर्थन गर्न समय दिनुपर्छ भन्ने बुझिन्छ । हामीले दिने हाम्रो समय र समृद्धिले हाम्रो प्राथमिकताहरू देखाउँदछन् । **परमेश्वरले दिनुभयो** किनभने उहाँले हामीलाई प्रेम गर्नुभयो (यूहन्ना ३:१६; रोमी ५:८) । **येशूले दिनुभयो** किनभने उहाँले हामीलाई प्रेम गर्नुभयो (मत्ती २६:२८; १ पत्रुस १:१८,१९) । **हामी दिन्छौ** किनभने हामीले परमेश्वर, येशू, र पवित्र आत्मा, हाम्रा सहकर्मी र एक अर्कालाई प्रेम गर्छौ (मत्ती २२:३७; यूहन्ना १३:३४) ।

**उहाँहरूले हामीलाई दिनुभएको भन्दा बढी के हामीले परमेश्वर र येशूलाई दिन सक्छौ?**

## खीष्टियानहरूले येशू र एकअर्कासँग प्रभुभोज गर्दछन् ।

जब येशू हाम्रो पापको निम्ति मर्नुभयो परमेश्वरको अनुग्रह तिनीहरू सबैको निम्ति खन्याउनु भयो, हप्ताको पहिलो दिन, प्रत्येक आइतबार खीष्टियानहरू एक ठाउँमा येशूको सम्झना गर्न भेला हुन्छन् । प्रभु भोजमा सहभागी भएर येशूको मृत्यु र पुनरूत्थानको खुशी मनाउन अघिका खीष्टियानहरू आइतबारको दिन भेला हुन्थे (प्रेरित २०:७) । उहाँ क्रूसमा जानु अघि उहाँको मृत्यु, गडाई, र पुनरूत्थानको सम्झनामा प्रभु भोजलाई येशूले परिचय गर्नु भयो र आज्ञा दिनुभयो ।

"तिनीहरूले भोज खाइरहेको बेला **येशूले रोटी लिनुभयो** र आशिर्वाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो र चेलाहरूलाई दिनुभयो र भन्नुभयो, 'लेओ, खाओ, **यो मेरो शरीर हो** ।' तब कचौरा पनि लिएर धन्यवाद दिई उहाँले तिनीहरूलाई यसो भनेर दिनुभयो, 'तिमीहरू सबैले यसबाट पिओ । किनभने **यो नयाँ करारको मेरो रगत हो**, जो धेरैका निम्ति **पापको प्रायश्चितको लागि** बहाइन्छ ।" (मत्ती २६:२६-२८) ।

प्रभु भोजको रोटीको विषयमा, येशूले प्रकट गर्नुभयो कि उहाँका चेलाहरूले रोटी लिने समयमा उहाँको सम्झना गर्नैपर्छ । "यो तिमीहरूका निम्ति **मेरो शरीर** हो । **यो मेरो सम्झनाको निम्ति गर**" (१ कोरिन्थी ११ :२४) । दाखरसको विषयमा येशूले भन्नुभयो कि यसले नयाँ करारको उहाँको रगतको प्रतिनिधित्व गर्दछ, जुन उहाँले उहाँको सारा चेलाहरूसँग बाँड्नुहुन्छ । उहाँले भन्नुभयो, "यो **कचौरा मेरो रगतमा भएको नयाँ करार हो** । जहिले-जहिले तिमीहरू यो पिउँछौ, **मेरो सम्झनामा यो अक्सर गर**" (१ कोरिन्थी ११:२५) ।

येशूले दुई आत्मिक सत्यतालाई प्रतिनिधित्व गर्न यी दुई भौतिक वस्तुहरू ...रोटी र दाखरस प्रयोग गर्नुभयो । यी सत्यताहरू हुन- हाम्रो मुक्तिको निम्ति (एफिसी १:७; प्रेरित २०:२८) आफ्नो भौतिक शरीर (रोटी) र उहाँले बहाउनु





भएको रगत (दाखरस) बलिदानपूर्ण दिनुभयो । प्रत्येक आइतबार जब हामी प्रभु भोजमा सहभागी हुन्छौ यी कुराहरू नै हामी सम्झन्छौ । "किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, **उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ"** (१ कोरिन्थी ११:२५) ।

सूर्यास्त भए पछि हरेक शुक्रबार साँझ इस्रायलीहरूले उस्तै खालको सम्झनाको सेवा गर्दथे । यसरी परमेश्वरले तिनीहरूलाई मिश्रको दासत्वबाट कसरी छुटकारा गर्नुभयो भन्ने कुरा तिनीहरूले नबिर्सिउन भनेर त्यसरी गरिन्थ्यो । परमेश्वरले कसरी उहाँको पुत्रको मृत्यु र पुनरूत्थानद्धारा हामीलाई पापको दासत्वबाट मुक्त गराउनुभयो भन्ने बारेको हाम्रो सम्झना नै प्रभु भोज हो ।

**हो...होइन:** *नयाँ करारका खीष्टियानहरूले जस्तै के तपाईले पनि प्रत्येक हप्ताको पहिलो दिन प्रभु भोजमा सहभागी हुनुहुन्छ ?*

## मण्डलीको एकता

सुसमाचारको आज्ञाकारिताले हामीलाई मुक्ति र आत्मिक एकतामा ल्याएको छ (यहूदा ३) । प्रत्येक खीष्टियान स्थानिय झुण्डमा सक्रिय सदस्य हुनुपर्छ, जुन विश्वव्यापी मण्डलीको हिस्सा हो किनभने हामीले विश्वास, पश्चात्ताप र खीष्टको शरीरमा डुबेर एउटै सुसमाचारलाई पालन गरेका छौ । परमेश्वरले हरेक खीष्टियानलाई उहाँको एउटै मण्डलीमा थप्नुहुन्छ (प्रेरित २:४७) ।

"किनकि जस्तो **शरीर एक** छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, खीष्ट पनि त्यस्तै हुनुहुन्छ । किनकि **एउटै पवित्र आत्माद्धारा** हामी **सबैले एउटै शरीरमा बप्तिस्मा** पाएका छौं..." (१ कोरिन्थी १२:१२,१३) । यो शिक्षा र विचार हाम्रो प्रभुको प्रार्थनासँग उस्तै छ जब येशूले परमेश्वर पितासँग र चेलाहरूसँग भएको उहाँको एकताको निम्ति यूहन्ना १७ अध्यायमा धन्यवाद दिनुहुन्छ । "..मचाहिँ तपाईकहाँ आइरहेछु । पवित्र पिता, तपाईले मलाई दिनुभएको तपाईका नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्" (यूहन्ना १७:११) । येशूले एकताको निम्ति सबै खीष्टियानहरूलाई प्रार्थनामा समावेश गर्नुहुन्छ । "म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्धारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू **सबै एक होऊन्** । हे पिता, जसरी तपाई ममा हुनुहुन्छ, र म तपाईमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्" (यूहन्ना १७:२०,२१) ।

१ कोरिन्थी १:१० र फिलिप्पी २:२ मा पावलले खीष्टियानहरूलाई अर्ती दिनुहुन्छ...

| | |
|---|---|
| "एकअर्कासँग सहमत" | "सबैले एकै कुरा बोल" |
| "एउटै प्रेम" | "पूर्ण सम्मतिसाथ एउटै चित्तका" |

"एकै विचारका" "आत्मामा एकता"
"एकै न्याय" "तिमीहरूको माभ्रमा केही फूट नहोस्"

गैर धर्मशास्त्रीय पहिचानका नामहरू अंगालेकामा १ कोरिन्थी १:१२-१३ ले ख्रीष्टियानहरूलाई दोषी ठहराउँछन् । पावलले प्रश्न सोध्नुहुन्छ, **"के ख्रीष्ट बाँडिनुभएको छ र?"** जब तपाईले आफ्नो समुदायमा मण्डलीहरू खोज्नुहुन्छ अथवा कुनै समाजको मण्डली भवनहरूमा रहेको विभिन्न नामहरू पढ्नुहुन्छ तब यही नै हुन्छ ।

आफ्ना सन्तानहरू बिचको **एकताप्रति** परमेश्वरको स्वभाव निकै विशिष्ट र स्पष्ट छ भन्ने कुरा परमेश्वरको पवित्र र प्रेरणाप्राप्त वचनमा उल्लेख छन् । मौलिक भाषामा, "कुनै फूट नहोस्" भन्ने शब्दको अर्थ "कुनै सम्प्रदायिक नहोस्" भन्ने लाग्दछ । **"सम्प्रदाय"** र **"फूट"** को अर्थ उही हो । धेरै सम्प्रदायहरूले ख्रीष्टियान विभाजन भएको कुरालाई स्वीकार गर्दछन् । अभ्र धेरैले मानिसद्वारा बनिएका तिनीहरूको संस्थाभित्र उप विभाजनहरू पनि छन् भन्ने कुरा स्वीकार गर्छन् ।

**के ख्रीष्ट बाँडिनुभएको छ? के यसले परमेश्वरलाई खुशी पार्छ? के यसले शैतानलाई खुशी पार्छ?**

धेरै पटक जब कोही ख्रीष्टियानले पापमा हराएकालाई रूपान्तरण गर्ने प्रयास गर्दछन् तब ती हराएको व्यक्तिले स्पष्टसँग ख्रीष्टियानिटीमा देखिने भ्रम, विरोधभासपूर्ण शिक्षा, फरक प्रकारका आराधनाहरू, विश्वासको लेख वा मानिसले लेखेको धर्मग्रन्थको अलग, र विविध संगठनिक मुख्यालयहरूलाई देखाउने गर्दछन । सम्प्रदायहरूको विवादास्पद शिक्षाहरूको सिकाइको कारण नै हराएको मानिसलाई ख्रीष्टमा ल्याउने काम बाधक भएका छन् ।

येशूलाई क्रूसमा टाँग्नुभन्दा अघिल्लो रात उहाँले एकताको निम्ति प्रार्थना गर्नुभयो । प्रेरितहरूको एकताको आवश्यकतालाई प्रचार गरे, एकतामा बाँचे, र त्यसैको निम्ति मरे । परमेश्वरले एकताको माग गर्नुहुन्छ । एकताले भूटा शिक्षासँग **सम्भौता गर्न अनुमति दिदैनन्** । मानिसका स्वभावले मानिसको परम्पराहरूतर्फ डोऱ्याउँछ र परिणाममा विभाजनहरू हुन्छन्, जसले अनन्त दण्डतर्फ अगुवाई गर्दछन् (मर्कूस ७:६-९) ।

पावलले यी पापमय विभाजनहरूबारे २ तिमोथी ४:३-४ मा भविष्यवाणी गर्नुभयो, "किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रूचिअनुसार शिक्षकहरू थुपार्नेछन्, र सत्य कुरा सुन्नेदेखि तर्किजाने छन्, दन्त्यकथाहरूतिर बरालिनेछन्" । मानिसले कसरी आफुलाई सुन्न मन लागेको कुरा सुनाउने शिक्षकहरू खोज्नेछ भनेर पावलले हामीलाई भन्नुहुन्छ । पावल अभ्रै भन्नुहुन्छ कि त्यसको अन्तिम परिणाम ख्रीष्टबाट अलग हुनेछन् । पावलले तिमोथी लगायत आज हामीहरूलाई पनि यो अर्ती र सल्लाह २ तिमोथी ४:१,२,५ पदहरूमा दिनुभएको तपाई हेर्न सक्नुहुन्छ । उहाँले आज्ञाकारी विश्वासी ख्रीष्टियानलाई पद ८ मा इनामको वर्णन गर्नुहुन्छ ।





**हो...होइनः** *सबै ख्रीष्टियानहरूको बिचमा परमेश्वरले एकताको माग गर्नुहुन्छ र ख्रीष्टले यसको निम्ति प्रार्थना गर्नुभयो यदि तपाई सम्प्रदायहरूसँग संगती गर्नुहुन्छ वा समर्थन गर्नुहुन्छ भने के परमेश्वर खुशी हुनुहुन्छ?*

## अध्याय २६ः **परमेश्वरका मानिसहरूको खोज**

आफ्नो समुदायमा कसैले ख्रीष्टको साँचो चेलाहरू कसरी पाउन सक्छन? सत्य के हो र भुट के हो भनी पहिचान गर्नको निम्ति तपाईले **"सत्य जान्नै"** पर्छ । **सबै सम्प्रदायहरूले केही सत्यता सिकाउँदछन् ।** यदि तिनीहरूले परमेश्वरको वचनमा केही **थपेको** वा शिक्षामा केही **घटाएको** छ भने त्यो मण्डली सत्य मण्डली हुनेछैनन् ।

परमेश्वरका मानिसहरूले (क) सत्यता जान्नैपर्छ, (ख) सत्यतालाई विश्वास गर्नै पर्छ र (ग) नयाँ करारमा प्रकट भए अनुसार परमेश्वरको इच्छालाई आज्ञा पालना गर्नैपर्छ । बाहिरी सतहमा ख्रीष्टियानहरू जस्तै रूप भएका भुटा शिक्षा र धार्मिक मानिसहरूदेखि होशियार रहो (मत्ती ७:१५,२१; १५:३,७-९) ।

होशियार रहनुहोस्ः तपाईको समुदायमा बारम्बार भुटा शिक्षाहरू सिकाउने गर्दछन् ।

**सुन्नुहोस्, प्रश्नहरू सोध्नुहोस्, पुस्तक, अध्याय र पदहरूको माग गर्नुहोस् । सत्यताको निम्ति नयाँ करारमा खोजी गर्नुहोस् ।**

"किनकि त्यस्ता मानिसहरू भूटा प्रेरितहरू र छली काम गर्नेहरू हुन्, र ख्रीष्टका प्रेरितहरूको भेष लगाएर हिँड्नेहरू मात्र हुन् । र यो कुनै अचम्मको कुरा होइन, किनकि शैतानको पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गर्छ" (२ कोरिन्थी ११:१३,१४) । "भाइ हो, म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरूलाई सिकाइएको धर्म-सिद्धान्तको विरूद्धमा फूट र बाधा-विघ्न सृष्टि गर्नेहरूलाई नजर राख, र तिनीहरूबाट अलग्गै बस । किनभने यस्ताहरूले ख्रीष्ट हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नो पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरूको मिठो-मिठो बोली र कुराले सीधासाधाहरूका हृदयलाई धोका दिन्छन्" (रोमी १६:१७,१८)

**परमेश्वरको वचन अध्ययन गर्नुहोस् । प्रार्थना गर्नुहोस् । धेरै अध्ययन र प्रार्थना गर्नुहोस् ।**

"प्रिय हो, जुनसुकै आत्मालाई विश्वास नगर, तर आत्माहरू परमेश्वरबाट आएका हुन् कि होइनन् भनेर तिनको जाँच गर । किनभने धेरै भूटा अगमवक्ताहरू यस संसारमा निस्केका छन्" (१ यूहन्ना ४:१)

**हो...होइनः** *तिनीहरूले जुन शिर्षकमा सिकाउँछन् र अभ्यास गर्दछन ती कुराहरू परमेश्वरको सम्पूर्ण सन्देश अनुसार छ कि छैनन भनी दिनहुँ धर्मशास्त्रलाई खोजी नगरीकन के तपाईको प्रचारक या पास्टरको वचनहरूलाई स्वीकार गर्नु खतरनाक छ?*

## खण्ड छः
## ख्रीष्टको चेलाजस्तै भएर जीउने

परमेश्वरको सन्तान हुन, येशूको चेला हुनको निम्ति प्रत्येकले सुसमाचारलाई पालन गर्ने निर्णय लिनैपर्छ । **सुसमाचारप्रतिको आज्ञापालन** शिर्षक नामक पाठलाई एकचोटी फेरि डोऱ्याउनुहोस् । परमेश्वरका मानिसहरूको मण्डली र सुसमाचारबारे बाइबलले के सिकाउँदछ भन्ने कुरामा हरेक व्यक्तिले आफ्नो अडान लिनुपर्छ ।

संसारको स्वभाव, व्यवहार, र प्राथमिकताहरूलाई इन्कार गर्ने बारेमा परमेश्वर स्पष्ट हुनुहुन्छ । "..संसारसँगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाहा छैन? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ" (याकूब ४:४) । संसारिक मार्गहरू र झूटा शिक्षकहरूको अभ्यासविरूद्ध सुरक्षित हुनु महत्वपूर्ण छ "..तिनीहरूबाट निस्केर आओ, र तिनीहरूबाट तिमीहरू अलग होओ..." (२ कोरिन्थी ६:७) । परमेश्वरका मानिसहरूले एकअर्कालाई हौसला दिनु, प्रेम गर्नु र आत्मिकरूपमा निमार्ण गर्नु महत्वपूर्ण छ । येशूका चेलाहरूले एक अर्कासँग सङ्गति गर्दछन् र एकसाथ आराधना गर्दछन् ।

### अध्याय २७: **सङ्गति र अगुवाइपन**

अघिका चेलाहरू तिनीहरूको आफ्नै घरमा भेला हुन्थे । तिनीहरूले तीन सय वर्ष भन्दा बढी समयसम्म यो निरन्तर गरिरहे । आज हामी पनि त्यस्तै गर्न सक्छौ । मण्डली आराधनाको निम्ति छुट्टै जमिन र भवन हुनु आवश्यक होइनन् ।

"हरेक दिन मन्दिरमा र घर-घरमा...येशू सिकाउदै र प्रचार गदै..." (प्रेरित ५:४२) ।

"..घर-घरमा सबैका सामुन्ने तपाईहरूलाई शिक्षा दिन..." (प्रेरित २०:२०) ।

"तिनीहरूको घरमा भएको मण्डलीलाई अभिवादन देओ" (रोमी १६:५) ।

"...तिनीहरूको घरमा भएका मण्डली..." (१ कोरिन्थी १६:१९) ।

"नुम्फास र तिनका घरमा भएका मण्डलीलाई...मेरो अभिवादन देओ" (कलस्सी ४:१५) ।

भेला हुने स्थानको सुन्दरता र आकारबारे परमेश्वर चिन्ता गर्नुहुन्न । कसैले कुनै पनि ठाउँमा जहिले पनि आराधना गर्न सक्दछन् ।

प्रत्येक झुण्डमा वयस्क पुरूष ख्रीष्टियानहरूले अगुवाईको जिम्मेवारी लिएका हुन्छन् । जति सक्दो चाँडो व्यवहारिक रूपमा योग्य एल्डरहरू हुनु नै यसको मुख्य उद्देश्य हो ।

संगति र आराधना जवान र बृद्ध, पुरूष र स्त्री सबैको निम्ति हो । प्रत्येक ख्रीष्टियानहरू एकले अर्कालाई सेवा गरेर संगतिमा सहभागी हुन्छन् । सबै ख्रीष्टियानहरूले "सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्" (गलाती ६:१०) ।





येशूले सङ्गतिको निम्ति जग स्थापना गर्नुभयो, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर । **तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु,** तिमीहरू पनि एक-अर्कालाई त्यस्तै प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" (यूहन्ना १३:३४,३५) ।

### आपसी हौसलाको निम्ति चेलाहरूको भेला

"हामी एउटाले अर्कोलाई **प्रेम** र **असल** कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं.." (हिब्रू १०:२४,२५) । झुण्ड भेला हुनुको हाम्रो उद्देश्य भनेको आराधना गर्नु, प्रेमलाई उत्साह दिनु र असल कार्यहरू गर्नु हो । प्रेमले दिनु र लिनु पर्छ । अगुवाहरूले असल कार्यहरूलाई पहिचान गरेर शरीरका सदस्यहरूमाझ बाँड्नुपर्छ ।

"सच्चा आराधकहरूले पितालाई **आत्मा** र **सत्यतामा** आराधना गर्नेछन् । किनकि आराधना गर्ने यस्तै आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ । परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले **आत्मा र सत्यतामा आराधना गर्नुपर्छ**" (यूहन्ना ४:२३,२४) ।

परमेश्वर एउटै हुनुहुन्छ जसको हामी सेवा गर्छौ, उहाँका आदेश अनुसार हामीले उहाँको सेवा गर्नैपर्छ । नयाँ करारमा उल्लेख गरे अनुसार हामीले उहाँको आराधना **आत्मामा** (हृदय, भक्ति, र स्वभाव), र **सत्यतामा** (हाम्रा सिकाइ र अभ्यास) गर्ने पर्छ ।

"किनकि **परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न**, तर शान्तिका परमेश्वर हुनुहुन्छ...तर सबै काम **शिष्टतापूर्वक** र **सुव्यवस्थित** ढङ्गले हुनुपर्छ" (१ कोरिन्थी १४:३३,४०) । सबै समयका सबै मण्डलीहरूको निम्ति यी मार्ग दर्शनहरू हुन् । उहाँको वचनको आदेश अनुसार जसले उहाँलाई आराधना गर्दछन हाम्रा पिताले त्यस्ता आराधकहरू खोजिरहनु हुन्छ ।

धेरै सम्प्रदायहरूको आराधनामा एउटा समय अवधि हुन्छ जसलाई "सामुहिक प्रार्थना" भनिन्छ । यो बाइबलमा कहिलै पनि सिकाएको छैन र यसो गर्न कडारूपमा निषेध गरिएको छ । ख्रीष्टियानहरू एक-एक गरेर पालैसँग बोल्नुपर्छ, "तिमीहरू सबैले पालैसँग अगमवाणी बोल्न सक्छौ, र यसरी नै सबैले सिक्न सक्छन् अनि सबैले उत्साह पाउन सक्छन्" (१ कोरिन्थी १४:३१) । पावल सोध्नुहुन्छ, "तिम्रो धन्यवादको प्रार्थनापछि 'आमेन' कसरी भन्ने? जब कि तिमीले के भनेको सो उसले बुझ्दैन" (१ कोरिन्थी १४:१६) । परमेश्वरको सन्देश स्पष्ट छ; हामीले सिकाउन, बुझाउन, र एक अर्कालाई उत्साह दिनको निम्ति **पालैसँग एक-एक** गरी बोल्नुपर्छ । "यी सबै कुरा आत्मिक बृद्धिको निम्ति गरिऊन्" भनी जब उहाँले भन्दै हुनुहुन्छ भने सबैले बुझ्ने शिक्षाको आवश्यकता छ भनी उहाँले जोड दिनुहुन्छ (१ कोरिन्थी १४:२६) ।

पावल लेख्नुहुन्छ, "तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिला बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्त अनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झूटा साबित गर्न सकून्" (तीतस १:९) ।

आराधना परमेश्वरको निम्ति हो, र उहाँका चेलाहरूको आत्मिक परिपक्ताको निम्ति, र गलत शिक्षालाई सही तुल्याउनको निम्ति पनि हो ।

**हो...होइनः** *यदि तपाईको वर्तमान धार्मिक विश्वास र अभ्यास बाइबल भन्दा केही विरोधाभास पाउनु भएको छ भने बाइबलले भने अनुसार गरी के तपाई सही हुन चाहनुहुन्छ?*

### सुसमाचार प्रचार गर ।

हाम्रो अनन्त जीवनको यात्रामा हामीसँग अरू मानिसहरूपनि मिल्न आएको होस् भन्ने इच्छा खीष्टियानहरूले राख्नुपर्छ । हामीले अरू मानिसहरूलाई **मुक्तिको सत्यता सिकाउनु** आवश्यक छ । "सारा संसारमा गएर सारा सृष्टिलाई सुसमाचार प्रचार गर" (मर्कूस १६:१५) भनी आज्ञा मान्नेहरूलाई सतावट आउनेछन् । सतावट र अपमानित हुँदा येशूको वचनहरूलाई याद गर्नुहोस्, "तब रमाओ, र अत्यन्त खुशी होओ, किनभने **स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ** । किनभने यसरी नै तिमीहरू भन्दा अघिका अगमवक्ताहरूलाई तिनीहरूले सताएका थिए" (मत्ती ५:१०-१२) ।

के तपाईले नयाँ करारका प्रचारकहरू वा लेखकहरूको शिक्षामा असमान र विरोधाभास पाउनुहुन्छ? **छैन!** के येशू, पत्रुस, यूहन्ना, मत्ती, पावल, र अरू सबै सुसमाचारका लेखकहरू जहिले पनि सहमत भई त्यही सत्यता सिकाउनु हुन्छ? **हो !** स्वर्गीय सन्देश ईश्वरीय अधिकारबाट आयो । बाइबलले भन्दछ कि सबै मण्डलीहरूले एउटै शिक्षा प्राप्त गरे, विश्वास गरे, र अभ्यास गरे ।

१ कोरिन्थी ४:१७- "...मैले सबै ठाउँमा सारा मण्डलीमा सिकाए बमोजिम खीष्टमा मेरो जीवन कस्तो छ, सो तिनले तिमीहरूलाई सम्झना गराउनेछन् ।"

१ कोरिन्थी ७:१७- "...सबै मण्डलीहरूका निम्ति मेरो नियम यही हो ।"

१ कोरिन्थी १४:३३-"किनकि परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर शान्तिका परमेश्वर हुनुहुन्छ ।"

२ पत्रुस ३:१५- "...हाम्रा प्रिय भाइ पावलले पनि उनलाई दिइएका बुद्धि अनुसार तिमीहरूलाई यही कुरा लेखे ।"

### के सत्यताले सत्यताको खण्डन गर्न सक्छ?

के तपाईले प्रचारकहरू र पास्टरहरूद्धारा सम्प्रदाय मण्डलीहरूमा फरक र विरोधाभास शिक्षाहरू सिकाउनु भएको पाउनुहुन्छ? पाउँछौ! के फरक शिक्षाहरूको कारणले सत्य खोज्न चाहने असल मानिसहरूलाई यसले अलमल्ल पादैनन्? पार्छ! सांगठनिक सम्प्रदायहरूमा पनि मानिसद्वारा बनिएका समुहभित्रै उप शाखाहरू छन् ।

### विभाजन र फरक शिक्षाले परमेश्वर वा शैतान मध्ये कसलाई खुशी तुल्याउँछ?

"मुक्तिको निम्ति परमेश्वरको शक्ति" सुसमाचार सारा संसारमा ल्याउनको निम्ति येशूले कष्ट भोग्नुभयो र मर्नुभयो । खीष्टियानहरू





परमेश्वरको सितैको वरदानद्वारा आशिषित भएका छन् । खीष्टियानहरूले (क) सारा समय र शक्तिले परमेश्वरलाई प्रेम गर्नैपर्छ, (ख) आफ्ना संगी मानिसहरूलाई आफुलाई जस्तै प्रेम गर्नैपर्छ, र (ग) अनन्त मुक्तिको आशा सबैलाई फैलाएर हामीले अरूलाई प्रेम गर्नुपर्छ । जसरी खीष्टले हामीलाई प्रेम गर्नुभयो त्यसरी नै हामीले पनि अरूलाई प्रेम गर्नु पर्छ (यूहन्ना १३:३४) । खीष्टले स्वर्ग त्याग्नुभयो र हाम्रो मुक्तिको निम्ति आफ्नो जीवन दिनुभयो । हामीले हाम्रो सान्त्वना, हाम्रो समय, र हाम्रो आत्मिकी आशिषहरू हाम्रा संगी मानिसहरूलाई बाँड्ने इच्छा राख्नैपर्छ ।

**हो...होइनः** *के तपाईले बाइबलमा सिक्नुभएको सत्यतालाई मानिसहरूको परम्परासित नमिसाइकन क्रियाशिल भएर अरूलाई सिकाइरहनु भएको छ?*

## अध्याय २८: परमेश्वरले मबाट के अपेक्षा गर्नुहुन्छ?

खीष्टियानहरूले साँच्चै नै परमेश्वरलाई प्रेम गर्दछन् भने मुक्तिको सुसमाचारको सन्देश र येशूको निम्ति क्रियाशिल भएर हाम्रो कृतज्ञतामा हामी समर्पित र प्रतिबद्ध हुनेछौ । पावल लेख्नुहुन्छ, "**खीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ**...**ताकि बाँच्नेहरू अब उसो आफ्नो निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्**, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो" (२ कोरिन्थी ५:१४,१५) । परमेश्वरको अनुग्रह, र खीष्टको बलिदानले हाम्रो निम्ति के गर्नुभयो भन्ने कुरालाई जब हामी महसुस गर्छौ, तब पावलले गरे जस्तै हामीले पनि गर्न सक्छौ । "तर म जो छु, त्यो परमेश्वरको अनुग्रहले छु, र ममाथि भएको उहाँको अनुग्रह व्यर्थ भएन । बरू मैले त तिनीहरू सबैले भन्दा बढी परिश्रम गरें । तैपनि मैले होइनँ, मसँग भएका परमेश्वरको अनुग्रहले हो" (१ कोरिन्थी १५:१०) । हरेक खीष्टियानहरू काममा परिचालित हुनुपर्छ किनभने हामीले खीष्टको क्रूस भएर अनन्तको वरदानहरू पाएका महसुस गर्दछौ । हामी उहाँका सेवकहरू हुनुपर्छ जसद्वारा "अनुग्रह धेरैभन्दा धेरै मानिसहरूमा फैलिँदैजान्छ, यसरी नै परमेश्वरका **महिमाको निम्ति धन्यवाद दिने काम** पनि बढ्दैजाओस्" (२ कोरिन्थी ४:१५) । हामीलाई बचाउने परमेश्वरको अनुग्रहलाई हामीले जति धेरै कदर गर्छौ, त्यत्तिनै हामी येशूको कार्यको निम्ति परिचालित हुन्छौ ।

हामीले येशूका वचनहरूलाई याद गर्नैपर्छ । "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । **स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्ने मानिस मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ**" (मत्ती ७:२१) । हरेक जसले येशूलाई साँचो प्रेम गर्छ उसले आफ्नो क्रूस बाकेर उहाँलाई पछ्याउनेछ (लुका ९:२३) । परमेश्वरले आज्ञापालनको माग गर्नुहुन्छ । **उहाँलाई आज्ञा पालन गर्नेहरूको** निम्ति मात्र येशू खीष्ट अनन्त मुक्तिको लेखक बन्नुभयो (हिब्रू ५:८,९) । यदि हामी उहाँलाई प्रेम गर्छौ भने,

**हामीले उहाँका आज्ञाहरू पनि पालन गर्नेछौ** (यूहन्ना १४:१५; १ यूहन्ना ५:३) ।

जसले परमेश्वरलाई यति धेरै प्रेम गर्दछन् कि तिनीहरूले उहाँको पुत्रको आज्ञापालन गर्न तर्फ परिचालित हुन्छन्, तिनीहरूको निम्ति स्वर्ग तयार गरिएको छ । "पापीहरूलाई उद्धार गर्न येशू ख्रीष्ट संसारमा आउनुभयो" (१ तिमोथी १:१५) । जब येशूले यो संसारलाई छोडेर स्वर्ग फर्कनुभयो तब उहाँले यो जिम्मेवारी आफ्ना चेलाहरूलाई अर्थात हरेक ख्रीष्टियानहरूलाई दिनुभयो (मत्ती २८:१८-२०; मर्कूस १६:१५,१६; प्रेरित ८:४) ।

**हरेक सक्रिय ख्रीष्टियानहरू जहाँ रहेता पनि उ प्रचार गर्ने मानिस हुन्छन् ।**

परमेश्वरको सन्तान हुनको निम्ति परमेश्वरले पापीहरूलाई उहाँको पुत्रमा विश्वास गर्ने (यूहन्ना ३:१६), तिनीहरूका आफ्ना पापहरूबाट पश्चाताप गर्ने (लूका १३:५), येशू नै ख्रीष्ट हुनुहुन्छ भनी स्वीकार गर्न (रोमी १०:९,१०), र आफ्ना पाप क्षमाको लागि बप्तिस्मा लिनुपर्छ भनी (प्रेरित २२:१६) परमेश्वर आज्ञा गर्नुहुन्छ । ख्रीष्टियानहरू आत्मिक रूपमा बृद्धि भएर परमेश्वरलाई प्रेम गरी प्रशन्न तुल्याउनै पर्छ । परमेश्वरको सत्य वचन तिनीहरूलाई सिकाएर ख्रीष्टियानहरूले आफ्ना संगी मानिसहरूलाई प्रेम गर्दछ । ख्रीष्टमा भएका आत्मिकी आशिषहरू र परमेश्वरको सित्तैको वरदानहरू अरू मानिसहरू माझ ल्याए हामी आनन्दित हुन्छौ ।

हरेक समयका सबै मानिसहरूका निम्ति उपदेशकको पुस्तकमा बुद्धिमानी सोलोमनका अन्तिम वचनहरू उपयुक्त र प्रयोगात्मक छन् । "अब सबै कुरा सुनिएका छन्– कुराको निष्कर्ष यही हो । **परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर । किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो** । किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ" (उपदेशक १२:१३,१४) ।

मत्ती १६:२६ मा येशूले सोध्नुभएको प्रश्नसित यो लेख अन्त्य हुनेछ । हामी प्रत्येकले हरेक दिन आफैलाई यो प्रश्न सोध्नुपर्छ । "सारा जगत् प्राप्त गरेर पनि आफ्नो प्राण गुमायो भने, मानिसलाई के लाभ हुन्छ? अथवा मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" यो जीवन सकिएपछि उहाँको प्रश्नको जवाफ हामीले येशूलाई दिनुपर्ने छ भनी पद २७ ले हामीलाई भन्दछ ।

**हरेक दिन हामी येशूलाई इन्साफमा भेट्नको निम्ति एक दिन नजिक छौ ।**

-o-





## छलफल गर्नको निम्ति शिक्षकहरूको लागि प्रश्नहरूको सुझाव

खण्ड १: अध्याय १-९ खण्ड २: अध्याय १०-१९
खण्ड ३: अध्याय २०-२४ खण्ड ४: २५-२८

**लक्ष्यहरू:** कक्षा भन्दा अगाडि विद्यार्थी स्वयं आफैले अध्ययन गर्ने, पढ्ने र सिक्ने । ख्रीष्टियानहरूले पनि सिकाउने, छलफल गर्ने र प्रश्न गर्न सक्नुहुन्छ ।

**प्रत्येक कक्षा:** कक्षा भन्दा अगाडी विद्यार्थीहरूले पढ्ने र अध्ययन गर्ने । प्रत्येक विद्यार्थीले दुईवटा अभ्यासमा कक्षालाई अगुवाई गर्ने छन् ।
(१) प्रश्न सोध्ने र छलफलमा अगुवाई गर्ने ।
(२) कुनै शिषक वा पद लिएर तीन मिनेट प्रस्तुत गर्ने ।

### खण्ड १: अध्याय १-९

सिकाउन र छलफल गर्नको लागि शिर्षक र विचारहरू:
**परमेश्वर:** सृष्टिकर्त्ता पिता व्यवस्था दिने कुमाले
**हामी:** सृष्टि भएको सन्तान आज्ञाकारी माटो
हाम्रो सम्बन्धमा परमेश्वरसँग के शक्ति र अधिकार छ?
हाम्रो स्वभाव र प्राथमिकताहरू के हुनुपर्छ?
नम्र विनम्र कृतज्ञता आज्ञाकारी

**पाप:** पाप के हो?
हाम्रो पापको कारणले गर्दा के समस्याहरू र खतराहरू आएका छन्?
हाम्रो आत्मिकी मृत्यु समस्याको छलफल गर्नुहोस् ।
हाम्रो भौतिक मृत्यु समस्याको छलफल गर्नुहोस् ।
ती समस्याहरूको समाधान को हुनुहुन्छ?
ती समस्याहरू परिवर्तन गर्नको निम्ति हाम्रो के जिम्मेवारीहरू हुन्छन्?

**मेलमिलाप र छुटकारा:**
यो के हो? कसले यसलाई सम्भव बनायो?
परमेश्वरदेखि अलग भएको कुरालाई अन्त्य गर्न हाम्रा के जिम्मेवारीहरू छन्?

**मानिसहरूका परम्पराहरू के के हुन्?**
हाम्रो आत्मिक समस्याहरूको निम्ति परमेश्वरको समाधानबारे हामी कहाँ पढ्न पाउँछौ?
परमेश्वरको वचन के हो? पुरानो करार= शिक्षक (गलाती ३:२३-२९) नयाँ करार= अधिकार

मानिसहरूले बनाएका परम्पराहरूसित हाम्रो कस्तो सम्वन्ध हुनुपर्छ?
के परम्पराहरूले परमेश्वरलाई प्रशन्न तुल्याउँछ र हामीलाई लाभ छ?

**हामीले कसरी सत्यता थाहा पाउन सक्छौ र यसलाई परम्पराहरूसित तुलना गर्नुहोस् ।**
हाम्रा जिम्मेवारीहरू के के हुन्? यो कर्तव्यलाई हामीले कसरी पुरा गर्न सक्छौ?
तपाईले जे विश्वास गर्नुहुन्छ, सिकाउनुहुन्छ र अभ्यास गर्नुहुन्छ त्यसको समर्थनको निम्ति के तपाईले धर्मशास्त्रीय पदहरू नयाँ नियमबाट दिन सक्नुहुन्छ?

## खण्ड २ः अध्याय १०–१९

**प्रत्येक कक्षा शुरूवाट गर्नुहोस् ।**
प्रत्येक विद्यार्थीले प्रश्न प्रस्तुत गरेर छलफलमा अगुवाई गर्नुहुनेछ ।
प्रत्येकले महत्वपूर्ण शिर्षकलाई रोज्नुहोस् र तीन मिनेट कुराकानी गर्नुहोस् र छलफल गर्नुहोस् ।

**लक्ष्यहरूः** अनुभव हासिल गर्नुहोस् । भरोसा निमार्ण गर्नुहोस् ।
एक अर्काबाट सिक्नुहोस् ।
तपाई प्रत्येक विद्यार्थीहरू बुद्धिमानी र ज्ञानी छन् ।

**शैतानको कुच्याईः** शक्ति...येशूले मात्र यो गर्न सक्नुहुन्छ । प्रतिज्ञा उत्पति ३ः१५
शारीरिक मृत्युः मृत्युमाथि विजय । कुनै मृत्युको डर छैनन् ।
आत्मिक मृत्युः पापले मृत्यु ल्याउँछ । क्षमाले जीवन ल्याउँदछ ।
उत्पति ३ः१५; यूहन्ना १२ः३१; रोमी १६ः२०; १ कोरिन्थी १५ः५०; हिब्रू २ः१४–१५; १ यूहन्ना ३ः८
**परमेश्वरको अनुग्रहः** अनुग्रह के हो? परमेश्वरको अनुग्रह? ख्रीष्टको अनुग्रह?

के अनुग्रहले हाम्रा आज्ञापालनको आवश्यकतालाई हटाउँछ?
परमेश्वरको अनुग्रह र हाम्रा आज्ञाकारीताबारे गलत शिक्षाहरू के के हुन?
पूर्व अनुमानः केवल अनुग्रहले मात्र बचाँउछ ।
तपाईको जन्मभन्दा अगाडि तपाईको अनन्तता परमेश्वरले निर्धारण गर्नुहुन्छ ।
परमेश्वरको अनुग्रह + ख्रीष्टको बलिदान + हाम्रो विश्वासले बचाउँछ ।
बप्तिस्मा, बृद्धि र आज्ञाकारिता आवश्यक छैनन् ।
**धर्म**= परमेश्वरसितको सम्वन्ध= करारको सम्वन्ध
कसले करार बनाउँछ? हाम्रो हिस्सा के छ?
हाम्रो करारको निम्ति परमेश्वरका सर्तहरू र दिशाहरू हामी कहाँ पाउँछौ?





कसरी येशू यो करारको हिस्सा हुनुभयो? आफ्नै रगतसित स्थापना हुनभयो ।
परमेश्वरसित करारको सम्वन्ध हुनको निम्ति....
(१) के हामी ख्रीष्ट बाहिर हुन सक्छौ?
(२) के हामी ख्रीष्टभित्र हुनै पर्छ?
ख्रीष्टमा हुनुको आशिषहरूबारे छलफल गर्नुहोस् ।
**सुसमाचारः** सुसमाचार के हो? ख्रीष्टको सुसमाचारको केन्द्रविन्दु के हो?
सुसमाचार व्यवस्था होइन् । सुसमाचारसित व्यवस्थाको के सम्वन्ध छ?
मोशाको व्यवस्थालाई के भयो? कहिले?
सुसमाचार र अनुग्रह एकअर्कामा कसरी सम्वन्धित छन्?
के सुमाचारले हामीबाट केही कुराको माग गर्दछ? अनुग्रहबारे के छ?
हाम्रो विश्वास कति महत्वपूर्ण छ? के आज्ञापालन आवश्यक छ?
के विश्वास र आज्ञापालनलाई अलग गर्न सकिन्छ?
धर्मशास्त्रविनाको शब्दहरू विचारमात्र हुन् । बाइबलको पदहरू?

**फिलिप्पी २ः५८, हिब्रू ५ः८–९, २ थेसलोनिकी १ः६–९ छलफल गर्नुहोस् ।**
ख्रीष्टको मन र स्वभाव? हाम्रो मन र स्वभाव कस्तो छ?
ख्रीष्टको आज्ञाकारी? हाम्रा आज्ञाकारीहरू कस्तो छ?
कसरी मानिसहरूले “सुसमाचारलाई पालना गर्दैनन्?” कसरी उनले यसलाई पालना गर्दछन्?
“सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने” २ तिमोथी २ः१५; ३ः१६,१७
परमेश्वरको प्रेम, अनुग्रह, दयाको सम्वन्धसित ख्रीष्टको बलिदान, सुसमाचार र हाम्रा विश्वास र आज्ञाकारितासित छलफल गर्नुहोस् ।
हाम्रो मुक्तिको निम्ति सबैभन्दा महत्वपूर्ण कुरा के हो?
हाम्रो मुक्तिको निम्ति सबैभन्दा न्यूनतम कुरा के हो?

आवश्यक र अति आवश्यकताको अर्थबारे छलफल गर्नुहोस् ।

**पापी मानिस ख्रीष्टियान हुनको निम्ति के आवश्यक छ भन्ने कुराको सम्पूर्ण छलफल हामी अर्को कक्षामा गर्नेछौ ।**

## खण्ड ३ः अध्याय २०–२४

### प्रमुख बिषयहरू

| | | | |
|---|---|---|---|
| **विश्वास** | **पश्चात्ताप** | **ख्रीष्टमा पुन जन्मनु** | **बप्तिस्मा** |
| **मुक्ति** | **प्रेरणा र सत्यता** | **मण्डली** | **अगुवाईपन** |

### छलफल

**विश्वासको बारेमा छलफल गर्नुहोस् ।** हामीले कसरी विश्वास पाउँछौ? के मुक्तिको निम्ति हामीलाई चाहिने कुरा सबै यही हो? हाम्रा पाप क्षमा हुनको

निम्ति हामीलाई अरू के के चाहिन्छ?
हाम्रा पाप क्षमाको निम्ति, सबै आत्मिकी आशिषहरू र मुक्ति पाउनको निम्ति **हामी ख्रीष्टमा हुनुपर्छ ।**
ख्रीष्टमा आउनुभन्दा अगाडी हामी कहाँ थियौं?
हाम्रो अवस्था कस्तो थियो र ख्रीष्ट बाहिर हुँदा हामीमा के थियो?
कसरी हराएका पापी मानिस ख्रीष्टमा प्रवेश गर्दछन्?
**पश्चात्तापको बारेमा छलफल गर्नुहोस् ।** के कारणले गर्दा पश्चात्ताप उत्पन्न हुन्छ? यो कसरी हुन्छ? के हामीले एक पल्ट पश्चात्ताप गर्‍यो भने पुग्छ? किन आत्मिक रूपमा बृद्धि विकास हुनको निम्ति पश्चात्ताप चाहिन्छ?

**नयाँ गरी जन्मनुको अर्थबारे छलफल गर्नुहोस् ।**
नयाँ गरी जन्मिसकेपछि हामी कसरी फरक हुन्छौं?
कोही व्यक्ति नयाँ गरी जन्मिनु भन्दा अगाडी के भएको हुनुपर्छ?
कहिले र कसरी पापमा हराएका मानिस नयाँ गरी जन्मिन्छ?
युहन्ना ३:३,५; तीतस ३:५; एफिसी ५:२६ ले बप्तिस्मालाई दर्शाउँछ । यो सही हो भन्ने कुरामा के हामी भरोसा गर्न सक्छौं?
१ पत्रुस १:२३ ले भन्दछ कि हामी पुन जन्मेका छौं, तर बप्तिस्माको अर्थ लाग्दैन् । यसलाई छलफल गर्नुहोस् ।
**उत्तरः** जीवित परमेश्वरको वचनले हामीलाई विश्वास, पश्चात्ताप, बप्तिस्मा र मुक्तितर्फ डोहर्‍याउँछ । ख्रीष्टियान हुनको निम्ति परमेश्वरले भन्नुभएको सबै कुराहरू १ पत्रुस १:२३ मा नयाँ गरी जन्मेका छौं भन्ने शब्दमा समावेश छन् ।
१ पत्रुस १:२२ ले पनि फरक शब्दहरू प्रयोग गरी त्यही कुरा भनेको छः "अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका छौं ।"
पापी मानिस नयाँ गरी जन्मिसकेपछि तिनीहरूले अब केही गर्नु पर्छ? **आत्मिकरूपमा बढ्दै जानुपर्छ ।**

धेरै मण्डलीहरूले दावा गर्दछन् कि यदि पापीहरूले प्रार्थना गर्दछन् र येशूलाई आफ्नो हृदयमा स्वीकार गर्दछन् भने ख्रीष्टले उनको पाप क्षमा गर्नुहुन्छ । यसलाई प्राय जसो पापी मानिसहरूको प्रार्थना भनियो ।
सम्प्रदायहरूले १ यूहन्ना १:९ लाई प्रयोग गर्दछन् र तिनीहरूको शिक्षालाई समर्थन गर्न याकूब ५:१६ लाई लिन्दछन् ।
यी शिक्षाहरूलाई तपाईले कसरी उत्तर दिनुहुन्छ?
यो छलफलमा के यूहन्ना ९:३१ महत्वपूर्ण छ? भजन संग्रह ३४:१५-१७; ६६:१८; हितोपदेश १५:२९ र याकूव ५:१६ ले धार्मिक मानिसहरूको प्रार्थनाबारे भन्दछ, जो पहिले नै ख्रीष्टियान भै सकेका छन् ।
१ यूहन्ना १:९ ले पहिले नै ख्रीष्टियान भै सकेकाहरूको प्रार्थनाबारे भन्दछन् । पापी मानिसहरूको बारेमा होइनन् ।
पश्चात्ताप गरेको शाऊलले तीन दिन सम्म प्रार्थना गरे । के उनले गरेको प्रार्थनाले उनलाई बचायो?



खीष्टियानिटिका आधारभूत सत्यताहरु

बप्तिस्माको उद्देश्य के हो? **धर्मशास्त्रीय समर्थन दिनुहोस् ।**

| | |
|---|---|
| आज्ञाकारी | प्रेरित १०:४७-४८ |
| पाप क्षमा | प्रेरित २:३८; २२:१६; मर्कूस १:४; लूका ३:३ |
| मुक्ति | मर्कूस १६:१५-१६; १ पत्रुस ३:२१; तीतस ३:५ |
| ख्रीष्टमा प्रवेश | गलाती ३:२७; रोमी ६:३; १ कोरिन्थी १२:१३; प्रेरित ८:१७ |

नयाँ गरी जन्मनु...नयाँ जीवन तीतस ३:५; यूहन्ना ३:३,५; रोमी ६:४,५; एफिसी ५:२६

**तपाईको रोजाइ अनुसारको मण्डलीमा जोडनुहोस्??**
के परमेश्वरले यो आज्ञा वा यो व्यवहारलाई स्वीकार गर्नुहुन्छ? धर्मशास्त्रको पद दिनुहोस् ।
नयाँ ख्रीष्टियानहरूलाई परमेश्वरले कुन मण्डलीमा थप्नुहुन्छ?
के सबै क्षमा भएका विश्वासीहरूलाई त्यही मण्डलीमा थप्नुहुन्छ?
येशूले कतिवटा मण्डलीहरू स्थापना गर्नुभयो?

ती दुईवटा पदहरूलाई आफै छलफल गर्नुहोस् र तिनीहरूलाई एकैसाथ कसरी बुझ्नु पर्छ ? २ पत्रुस १:२०,२१ र प्रकाश २२:१८
येशू आफ्नै मण्डलीको निम्ति मर्नुभयो, त्यसलाई स्थापना गर्नुभयो, र उहाँ मण्डलीको शीर हुनुहुन्छ ।
मण्डलीमा को सँग अधिकार छ, छलफल गर्नुहोस्?
सबै अधिकार वा साझा अगुवाइपन?
यदि सबै अधिकार येशूमा छन् भने हाम्रा कर्तव्य र जिम्मेवारीहरू के हो? आज्ञा पालन गर्ने? आत्मिकतामा बढ्ने? हौसला दिने र सिकाउने?

**प्रचारकहरू वा सन्देश बाहकहरूः** २ तिमोथी ४:२ लाई छलफल गर्नुहोस् ।
प्रचारकहरूको निम्ति दुईवटा महत्वपूर्ण जिम्मेवारीहरू के के हुन्?
(१) प्रेममा सत्यतालाई सिकाउने ।
(२) बोलीवचनमा, व्यवहारमा र आत्मिकी बृद्धिमा असल उदाहरण स्थापना गर्ने ।

**मण्डलीको अगुवाईपनः**
पास्टरहरूको जिम्मेवारीहरू के के हुन्?
बिशप वा निरीक्षकहरूको कर्तव्यहरू के के हुन्?
एल्डरहरूको कार्य र अधिकार के हो?
एल्डर, पास्टर, बिशपहरूको आत्मिक गुण र योग्यताहरूको सूची बनाउनुहोस् ।

**ख्रीष्टको मण्डली र ख्रीष्टका मानिसहरूः**
हामीले बाइबलमा पढ्न पाउने मण्डलीको निम्ति सही नाम के हो?
के येशूले स्थापना गर्नुभएको एउटै मण्डलीको निम्ति बाइबलले बिशिष्ट

नामाकरण गरेको छ?
नयाँ नियमको एउटै मण्डलीको निम्ति के शब्द वा गुणहरूले पहिचान गर्दछ?
**अधिकारः** जहिले पनि ईश्वरीय । परमेश्वर....ख्रीष्ट....प्रभु
**स्वामित्वः** परमेश्वर....येशू..."पहिले जन्मेका"
**सम्बन्धः** परिवार...घराना...शरीर..बगाल...मण्डली
अघिका नयाँ नियमका मण्डलीको निम्ति किन नामको आवश्यकता परेनन्? त्यहाँ एउटै मण्डली थियो । कुनै विभाजन थिएनन् ।

## खण्ड ४ः अध्याय २५-२८

### प्रमुख शिर्षकहरू

| | | | | |
|---|---|---|---|---|
| **आराधना** | **अध्ययन** | **प्रार्थना** | **गाउने** | **प्रचार गर्ने** |
| **प्रभु भोज** | **भेटी दिने** | **एकता** | **ख्रीष्टियान जीवन** | |

**आराधना** शब्दको अर्थ के लाग्छ?
सामुहिक आराधनाको मूल्य, आवश्यकता र आज्ञाको बारेमा छलफल गर्नुहोस् ।
दैनिक व्यक्तिगत आराधनाको बारेमा छलफल गर्नुहोस् । रोमी १२ः१-२, ९-१६; १ थेसलोनिकी ५ः१२-१३

यूहन्ना ४ः२३,२४ आत्मामा आराधना गर्नेबारे छलफल गर्नुहोस् ।
सत्यतामा आराधना गर्नेबारे छलफल गर्नुहोस् ।
व्यर्थको आराधनाबारे छलफल गर्नुहोस् । मर्कूस ७ः३, ६-९, १३; प्रस्थान २०ः७; एफिसी ५ः६
उपदेशकः "सूर्यमुनि" सबै ३० पल्ट
"व्यर्थ....सबै व्यर्थ छन्" ३७ पल्ट
सबै कुरा जसले हामीलाई अनन्त जीवनमा ल्याउँदैनन ती सबै कुरा व्यर्थ छन् ।

**मेहनतकासाथ अध्ययनः** यदि हामीले परमेश्वरको वचन अध्ययन गरेनौ भने हामीलाई के हुन्छ? जसले परमेश्वरको सत्यता दिनहुं खोज्दछन् ती ख्रीष्टियानहरूलाई के हुन्छ?

**प्रार्थनाः** हामीले दिनहुं प्रार्थना गर्दा के लाभहरू र आशिष प्राप्त हुन्छ?
कसरी हाम्रो जीवनमा प्रार्थनाले असर गर्दैनन्?
छलफल गर्नुहोसः "निरन्तर प्रार्थना गरिरहो ।"
"तपाईलाई धन्यवाद" भन्नको निम्ति के तपाईले आफ्नो आँखा बन्द गर्नु पर्छ?
चुपचापसँग परमेश्वरको सहायता माग्नको निम्ति कति लामो समय लाग्छ?





**आराधनामा भजनः** आराधनामा स्वरले गाउनको निम्ति के येशूले अधिकार दिनुभयो, प्रेरितहरूले सिकाउनुभयो र अघिका ख्रीष्टियानहरूले अभ्यास गरे?
पुरानो करारमाः कसले बाद्य संगीत बजाए? पूजाहारीहरू....लेवीहरू ।
बाद्य संगीतहरू कहिले बजाए? पशुबलि गर्दा ।
के आज सम्प्रदायहरूसँग (१) पूजाहारीहरू र पशुबलिदान छन्?
(२) येशूको आज्ञापालन र प्रेरितहरूलाई पछ्याएका छन्?
**छलफलः** "लिनुभन्दा दिनु उत्तम हो ।"
*"...तिनीहरूले सबै भन्दा पहिला आफैले आफैलाई दिए ।"*
*"खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ ।"*
**प्रत्येक ख्रीष्टियानहरूले कति दिनुपर्छ?**

**प्रभु भोजः** प्रभु भोजको उद्देश्य के हो? मलाई याद गर ।
येशू क्रूसमा किन मर्नुभयो? हाम्रो पाप क्षमा गर्न ।
जब हामी "उहाँको आगमन नहुञ्जेलसम्म प्रभुको मृत्युको घोषणा गर्छौ" हामीले सुसमाचारको केन्द्रबिन्दुलाई बाँध्छौ (मृत्यु...गडाई... पुनरूत्थान) र "मुक्तिको निम्ति परमेश्वरको शक्तिलाई" पनि सिकाउँछौ (रोमी १ः१५) ।

**एकताः** सबै ख्रीष्टियानहरूको एकताको निम्ति ख्रीष्टले प्रार्थना गर्नुभयो (यूहन्ना १७ः११-२१) ।
"तिमीहरू ममा रहयौ भने, र मेरा कुरा तिमीहरूमा रहो" भनी हामीलाई आज्ञा गरेको छ र थपमा "स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा" पालन गर्ने होओ भनिएको छ (यूहन्ना १५ः७; मत्ती ७ः२१) ।
छलफलः "सबै एउटा अर्कासँग सहमत होओ" र "सबै सहमति होओ ।"
छलफलः "तिमीहरूको माझमा फुट नहोओ ।"
परिणाम के हुनेछ, जब.....
(१) हामीलाई सत्यता थाहा हुन्छ (यूहन्ना ८ः३१-३२) ।
(२) परमेश्वरको सत्यतामा "थप्ने" वा "घटाउने" गर्दैनौ । सत्यता सिकाउनु (प्रकाश २२ः१८१९) ।
(३) ख्रीष्टियानहरू परमेश्वरको वचनको "ज्योतिमा हिड्छन्।" सत्यतालाई अभ्यास गर्नु (१ यूहन्ना १ः७) ।

**येशूको चेलाजस्तै भएर जिउने ।**
संसारका स्वभाव, व्यवहार र प्राथमिकताबारे छलफल गर्नुहोस् ।
संसारसंगको मित्रताबारे छलफल गर्नुहोस् । याकूव ४ः४; २ कोरिन्थी ६ः१७
२ कोरिन्थी ५ः१४-१५,२१ बारे छलफल गर्नुहोस् ।

**हामी किन हाम्रा परमेश्वरलाई एउटै परिवारको रूपमा जम्मा भएर आराधना गर्छौ?**

| | |
|---|---|
| सिकाउन र सिक्न | संगती गर्न र हौसला दिन |
| आफै समर्पित हुन् | आत्मिकरूपमा बढ्न |
| परमेश्वरको प्रशंसा र आराधना गर्न | प्रार्थना गर्न |

**प्रत्येक देशमा सुसमाचार प्रचार गरियो ।**

के फरक शहरहरूमा सत्यताका फरक सन्देशहरू प्रचार गरियो? के ख्रीष्टियानहरूले कुनै पनि बिषयमा फरक सिकाईलाई विश्वास गऱ्यो? आफ्ना सन्तानहरूले एउटै कुरामा विश्वास गरेको, सिकाएको र अभ्यास गरेको के परमेश्वर चाहनुहुन्छ? के परमेश्वरले त्यो आज्ञा गर्नुहुन्छ? के परमेश्वरले त्यो माग गर्नुहुन्छ?

मबाट परमेश्वर के अपेक्षा गर्नुहुन्छ? मत्ती २८ः१८-२०; २ कोरिन्थी १५ः५८
तपाईबाट परमेश्वर के अपेक्षा गर्नुहुन्छ? रोमी १२ः१-२; प्रकाश २ः१०; १४ः१३

-०-



**सत्यताको बारेमा बाइबलका केही पदहरूः**

- **१ यूहन्ना १ः८-** यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोखा दिन्छौ, र हामीमा **सत्य** हुँदैन् ।
- **१ यूहन्ना ३ः१८-** साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र **सत्यताले** प्रेम गरौं ।
- **१ यूहन्ना ४ः६-** हामी त परमेश्वरका हौं । जसले परमेश्वरलाई चिन्दछ उसले हाम्रो कुरा सुन्छ, र जो परमेश्वरको होइन, त्यसले हाम्रो कुरा सुन्दैन । यसैबाट हामी **सत्यको** आत्मा र भ्रमको आत्मालाई चिन्छौं ।
- **१ राजा १७ः२४-** तब त्यस विधवाले एलियालाई भनी, "अब मलाई यो थाहा भयो, कि तपाई परमेश्वरका जन हुनुहँदोरहेछ, र तपाईको मुखबाट निस्केको परमप्रभुको वचन **सत्य** रहेछ ।"
- **२ तिमोथी २ः१५-** शर्माउन नपर्ने र **सत्यको** वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर ।
- **एफिसी ६ः१४-** यसकारण आफ्ना कम्मर **सत्यले** कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ ।
- **याकूब १ः१८-** उहाँले आफ्नै इच्छाले **सत्यको** वचनद्वारा हामीलाई जन्म दिनुभयो, यस हेतुले कि हामी उहाँको सृष्टिको एक अगौटे फलजस्तो बन्न सकौं ।
- **यूहन्ना १ः१४-** अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र **सत्यताले** पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो ।
- **यूहन्ना १ः१७-** किनभने व्यवस्था मोशाद्वारा दिइयो, अनुग्रह र **सत्यताचाहिँ** येशू ख्रीष्टद्वारा आए ।
- **यूहन्ना ४ः२४-** परमेश्वर आत्मा हुनुहुन्छ, र उहाँका आराधकहरूले आत्मा र **सत्यतामा** आराधना गर्नुपर्छ ।
- **यूहन्ना ८ः३२-** तब तिमीहरूले **सत्य** के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ ।
- **यूहन्ना १४ः६-** येशूले तिनलाई भन्नुभयो, "बाटो, **सत्य**, र जीवन म नै हुँ । मद्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।
- **यूहन्ना १६ः१३-** जब उहाँ, अर्थात **सत्यका** आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ...।
- **यूहन्ना १७ः१७-** तिनीहरूलाई **सत्यमा** पवित्र पारिदिनुहोस्, तपाईको वचन **सत्य** हो ।
- **भजन संग्रह २५ः५-** तपाईको **सत्यतामा** मलाई डोऱ्याउनुहोस्, र मलाई सिकाउनुहोस् । किनकि तपाई नै मेरो उद्धारका परमेश्वर हुनुहुन्छ ।

## धन्यका वचनहरू

१ भीडलाई देखेर उहाँ डाँडामा उक्लनुभयो, र उहाँ
बस्नुभएपछि चेलाहरू उहांकहाँ आए । २ उहाँले मुख खो
ल्नुभयो र तिनीहरूलाई शिक्षा दिन लाग्नुभयोः
३ धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य
तिनीहरूको हो । ४ धन्य शोक गर्नेहरू, किनभने
तिनीहरूले सान्त्वना पाउनेछन् । ५ धन्य नम्रहरू, किनभने
तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन् । ६ धन्य धार्मिकताको
निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त
हुनेछन् । ७ धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया
पाउनेछन् । ८ धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले
परमेश्वरलाई देख्नेछन् । ९ धन्य मेलमिलाप गराउनेहरू,
किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन् । १०
धन्य धार्मिकताको निम्ति सताइनेहरू, किनभने स्वर्गको र
ाज्य तिनीहरूको हो । ११ धन्य हौ तिमीहरू, जब
मानिसहरूले मेरो खातिर तिमीहरूको निन्दा गर्नेछन् र सताउने
छन्, र झूटा बोलेर तिमीहरूका विरूद्धमा सब किसिमका खर
ाब कुरा भन्नेछन् । १२ तब रमाओ, र अत्यन्त खुशी होओ,
किनभने स्वर्गमा तिमीहरूको इनाम ठुलो हुनेछ । किनभने
यसरी नै तिमीहरूभन्दा अघिका अगमवक्ताहरूलाइ
ि तिनीहरूले सताएका थिए ।

(मत्ती ५:१-१२)

थप जानकारीको लागि तलको
ठेगानामा सम्पर्क गनुहोस्:

**नेपाल बाइबल अध्ययन के
न्द्र**

सेराफाँट, चापागाउँ, गोदावरी न.पा.-११
ललितपुर, नेपाल,